# जमिनका लागि सङ्घर्ष

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र


| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | प्रकाशकमा सुरक्षित |
| **प्रकाशन मिति** | : | जेठ, २०६८ |
| **प्रकाशन प्रति** | : | १ हजार ५ सय प्रति |
| **प्रकाशक** | : | **सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**<br>पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन नं. : ०१-४३६०४८६<br>E-mail: landrights@csrcnepal.org |
| **सम्पादन** | : | रघुनाथ लामिछाने/जगत देउजा |
| **डिजाईन** | : | कुमार थापा |
| **आइएसबीएन** | : | ९७८-९९३७-२-३५१३-६ |
| **मूल्य** | : | रु. १५०/- |

**पुस्तक तयारीमा सहयोग पुऱ्याउनेहरु** : जगत बस्नेत, कुमार थापा, लालमणि भण्डारी, कल्पना कार्की, ल्यामबहादुर दर्जी, शुभराज चौधरी, ज्योति वैद्य, गीता पण्डित र ज्योति शाशङ्कर ।

# समर्पण

मगरागढी बर्दियाकी तिनै अगुवा लालमाया खाम्चा मगर र जनककुमारी चौधरीप्रति । जसले समयमै संविधान र भूमि सुधार का लागि आयोजित राजधानी केन्द्रित आन्दोलनमा सहभागी हुन आउने क्रममा दुर्घटनामा परेर ज्यान गुमाए ।

# अलिकति..........

शास्त्र भन्छ- सम्मानका दृष्टिले दश उपाध्यायभन्दा आचार्य, सय आचार्यभन्दा पिता र हजार पिताभन्दा माता श्रेष्ठ हुन्छिन् । अन्य धर्म शास्त्रदेखि नीति शास्त्र हुँदै सनातन शास्त्रहरु यसै भन्छन् महिलाबारे । सिर्जना, कर्म र दयाकी खानी भएकीले पनि उनी सबैभन्दा माथि पर्न सकेकी हुन । अर्थात् महिलाको समकक्षतामा अहिलेसम्म अन्य कुनै प्राणी पुग्न सकेको छैन यही कारण ।

तर तिनै महिलामाथि हेर्ने दृष्टिकोण र व्यवहार भने विभेदपूर्ण रहँदै आएको छ । सृष्टिकर्ताले नै आफू उभिएको भूमिमाथि स्वामित्व नपाउने अवस्था आयो । आफैंले उत्पादन गरेको अन्न अरुले खाएको टुलुटुलु हेरेर बस्नुपर्ने अवस्था सिर्जना भयो । कुनै पनि कुराको सीमा हुन्छ । यसरी साक्षी बस्नुपर्ने कहिलेसम्म ? भन्ने प्रश्नले भूमि अधिकारबाट वञ्चित महिलालाई सताइरह्यो । अनि निर्णय गरे- अधिकार लडेर लिनुपर्छ । र, प्रश्न पनि गरे कि अहिले नलडे कहिले लड्ने ? हामी नलडे को लड्ने ?

यही मान्यतामा अडिग महिलाले भूमि अधिकार प्राप्तिको लडाइँ सुरु गरे । त्यसको अग्रपङ्क्तिमा खडा भए । अनि नेतृत्व आफैं सम्हाले । विभिन्न गाउँ, जिल्ला, क्षेत्र हुँदै जिल्ला जिल्लामा आन्दोलनको शक्ति निर्माण गरे । अनि त्यो शक्तिमा अधिकार खोज्ने काम गरिरहे । पीडकहरुलाई यही शक्ति चेतावनी भयो । लगातार यसलाई विस्तार गर्ने र चेतनाबाट टाढा भएकालाई सङ्गठित गर्दै यसैको सहयोगमा अधिकारप्रति जानकार बनाउने अभियान पनि सँगै चल्यो ।

तर पनि माग सुनुवाई भएन । अधिकार सहजै पाइने देखिएन । अनि २०६६ को फागुनमा मध्य र सुदूरपश्चिमका तीन स्थानबाट चेतनाको उही शक्ति लिएर करिब ३ सय महिला भूमिमा महिला स्वामित्व कायम गराउने अभियानमा निस्के । शक्तिको उद्देश्य गाउँका महिलालाई चेतनशील बनाउने र यसैका आधारमा सशक्त आन्दोलन गर्नु थियो । त्यसैले गाउँले महिला, गरिब महिला, सुकुम्बासी महिला, हलिया महिला, मुक्त कमैया महिला र पछाडि पारिएका अन्य महिलाको आँखा खोलिदियो यसले । अनि त्यही यात्राले भन्यो कि २०६७ चैतमा राजधानी पुगेर अधिकार आन्दोलन चर्काउने ।

यही उद्घोषको जगमा २०६७ फागुन ३० मा मुलुकका ५० जिल्लाका कृषिमा श्रम गर्ने तर त्यसकै स्वामित्वबाट भने वञ्चित महिला राजधानी ओइरिए । अनि एक हजारभन्दा बढी महिलाले खुलामञ्चमा खाँबो गाडे र हरेक दिन दलहरुका मुख्यालयमा गएर वाचा नबिर्सन खबरदारी गरे । संविधानसभा भवन पुगेर दबाब दिए । अनि सिंहदरबारमा बसेर गरिबलाई नहेप्न चेतावनी दिए ।

चैत १ देखि १५ दिनसम्म राजधानीलाई अस्थायी बसोबास केन्द्र बनाएर आन्दोलन गर्न आएकाहरु ८ दिनमै फर्के । समयमै संविधान बनाउने र त्यसमा महिलाको समेत भूमिमा स्वामित्व कायम हुने व्यवस्था गर्नुपर्ने मुख्य मागका साथ आएका उनीहरुप्रति सरकार नरम भयो । उसले भूमि अधिकारबाट वञ्चितका माग पूरा गर्ने आश्वासन दियो । त्यसका लागि कार्यदल बनायो । यसपछि आन्दोलनका सहभागी सरकारको विश्वासमा परेर फर्के ।

भूमिपीडितको सङ्गठन राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको छातामुनि ती अगुवा महिलाको नेतृत्वमा भएको यही राजधानी केन्द्रित आन्दोलनको पेरिफेरिलाई यो पुस्तकले समेटेको छ । आन्दोलनको तयारी, व्यवस्थापन, प्रक्रिया, होसियारी, सिकाई जस्ता विविध पक्ष यसले समेटेकाले आगामी आन्दोलनहरुलाई यो पुस्तिकाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । यसको तयारीमा संलग्न सबैलाई धन्यवाद छ । यस्तो महत्वपूर्ण आन्दोलनका गतिविधि प्रकाशन गर्ने कार्य गरेकामा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलाई विशेष धन्यवाद ।

*- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल*
*केन्द्रीय कार्यालय, भूमिघर, काठमाडौं*

# हिसावकितापमा आन्दोलन

महिला । खेत र बारीमा पसिना चुहाएर अन्न उमारिदिन्छन् । चुह्लोमा आगो सल्काएर अन्न पकाइदिन्छन् । समथरदेखि भीरपाखा र खर्कमा उनीहरुकै पाइलाका डोब र पसिना डुलेको हुन्छ तर चुह्लोदेखि, खेतबारी र खर्कसम्म कतै उनीहरुको अधिकार छैन । उनीहरु सिर्फ दासी भएका छन् जमिनको । जसले आगो बालेर अन्न पकाइ खुवायो, उसैको चुह्लो आफ्नो भएन । जसले पसिना पोखेर अन्न उमार्‍यो, खेतबारी उसैको भएन । जसले खर्क र पाखामा पैताला फुटायो, एक बित्ता जमिन उसको भएन ।

अनकन्टार गाउँबस्तीमा उनीहरु सधै यसैगरी चूपचाप रहन सकेनन् । उनीहरुले निधो गरे फुटेका हत्केलालाई अब मुठी बनाउने । अनि भूमिका लागि आन्दोलन गर्ने । यही अठोट पूरा गर्न चैतको पहिलो साता ५० जिल्लाका गरिब र भूमिहीन महिला राजधानी आइपुगे । कृषि औजार बोकेर काँध-काँधमा । अनि शहर थर्काउने गरी नाराबाजी गरे : फेरि म्याद जाला - २०६८ जेठ १४ मा त संविधान देऊ, त्यसमा हामीलाई पनि जमिनको न्याय देऊ । पहिला-पहिलाका वाचा नबिर्स ।

उनीहरुले देशको राजधानी आएर खुलामञ्चमा केही खम्बा गाडे, पाल टाँगे, अनि उत्रिए आन्दोलनमा । उनीहरुले सरकारलाई प्रश्न गरे- जोत्नेलाई जमिन दिन सक्दैनौं ? गरिबलाई झुपडी दिन सक्दैनौं ? गर्छौंचाहिँ के ? सोधे- गरिबको घर जलाउँछौं, कसरी सरकार चलाउँछौं ?

महिला जसले कहीँ हारेका प्रमाण छैनन् । सृष्टिको उषाकालदेखि नै जीवन र जीविका सम्भव तुल्याउने महिलाले विजयमात्र थाहा पाए । उनीहरुलाई कमजोर देख्नेहरु यिनै शक्तिहरुका कारण पराजित भए । दुःखका आँधीबेहरीले केही समय सताए पनि, केही समय पीडा र यातना भोग्नुपरे पनि महिलाले अरुलाई जित्ने अवसर शायदै दिएका छन् इतिहासमा । कारण- महिला शक्तिकी खानी हुन । अनि शक्ति प्रदायक पनि ।

यिनै महिला जागेर गरेका भूमि आन्दोलन हार्ने विषय नै थिएन । उसै त कार्ल मार्क्सले भनेकै छन्- सर्वहारासँग जित्नका लागि संसार छ, हार्नका लागि केही छैन । यही भनाइको जगमा उभिएर गरिएको आन्दोलन विभिन्न अर्थमा प्रशंसनीय रह्यो । आशालाग्दो बन्यो । उपप्रधान र शिक्षा मन्त्री आन्दोलनस्थलमै आएर माग पूरा गर्ने वचनबद्धता दिनुले यसै भन्छ ।

शक्तिका हिसावले भूमि अधिकारबाट वञ्चित महिलाको आन्दोलनले एउटा युद्ध उद्घोष गरेको छ- भूमि अधिकार प्राप्त गरिछाड्ने । यसमा पनि पक्का छ- विजय सत्यको हुनेछ । दिनभर काम गरेर भोकै सुत्न बाध्यहरुका क्रन्दन समाप्त हुनेछन् । अरुका श्रममा भरिएको भकारी हेरेर अट्टहाँस गर्नेहरु हार्नेछन् ।

सङ्कल्पका हिसावले आन्दोलन पासाङल्हामु शेर्पा बन्यो । जसले सगरमाथा चढ्ने सङ्कल्प पूरा गरेरै छाडिन् । अनि यसरी सगरमाथा आरोहरण गर्ने पहिलो नेपाली महिला बनिन् । भूमि अधिकारका लागि सङ्कल्परत् महिलाले माग पूरा गर्ने प्रयास सुरु गर्न सरकारलाई बाध्य पारे । आफ्नो सङ्कल्पमा उनीहरु एकरत्ति पनि डगमगाएनन् ।

भारतमा एउटा नाम चलेको मन्दिर छ- तिरुपति । जहाँ सामान्य अवस्थामा दैनिक ५० हजारभन्दा बढीले दर्शन गर्छन् । दिनकै २ करोड २५ लाख रुपियाँसम्म आम्दानी हुने यो मन्दिरमा चढाइने सुनमात्र वर्षमा ३ हजार किलोग्राम नाघ्छ । यहाँ आउने दर्शनार्थी सबैले चिया, कफी, खाना आदि विना झन्झट निशुल्क खान पाउँछन् । न ठेलमठेल, न घन्टौंको लाइन नै । वृद्ध र एक वर्षभन्दा कम उमेरका लागि त झन् सहज व्यवस्था मिलाइएको छ । व्यवस्थापनका हिसावले आन्दोलन तिरुपतिसँगै मिल्न पुग्यो । हजार जनामा कोही कुनै छाक भोकै रहेन । कोही अनिदो बस्नुपरेन । अनि कोहीले विसञ्चो महसुस गर्नुपरेन ।

प्रकृतिका हिसावले आन्दोलन गान्धीवादी रह्यो । अहिंसामा सफलता विश्वास गर्ने गान्धीवादी विचार अङ्गालेकैले यो आन्दोलनका कारण कसैले दुःख पाउनुपरेन । उनीहरु आठ दिनसम्म सडकमा उत्रँदा कुनै सवारी एक मिनेट रोकिनुपरेन । कुनै समय सडक जाम भएन । अनि कसैले ढुङ्गाको चोट सहनुपरेन । अनुशासित र्‍याली र हिँडाइ अनि बसाईका कारण आन्दोलनले सम्भवतः किटाणु पनि मारेन ।

आठ दिनसम्म जस्तोसुकै बसाई, खाना, थकाई भए पनि कुनै झन्झट नमानेकै कारण आन्दोलनका सहभागीहरु सरकारलाई 'माग पूरा गर्छु' भन्ने

अवस्थामा पुऱ्याउन सफल भएका थिए । त्यसैले मेहनतको फल मीठो हुन्छ भन्ने भनाई यो आन्दोलनमा पनि चरितार्थ भयो ।

आँटका हिसावले आन्दोलन योगमाया न्यौपाने बन्यो । विक्रम संवत् १९९३ मा जन्मेकी उनले त्यतिबेलै विधवा विवाहको आँट गरेकी थिइन् । अनि त्यतिबेलाका कडा राणा प्रधान मन्त्री जुद्धशमशेरलाई सबैलाई बराबर व्यवहार गर भनेर पाठ सिकाउने साहस गरेकी थिइन् । तिनै योगमायालाई यस्तै कारणले समाज भाँडेको आरोप लाग्यो । अनि उनले आफ्ना ६८ शिष्यसहित अरुण नदीमा जल समाधि लिइन् । चुह्लो चौको र काखे बालबालिका छाडेर निकै टाढाको राजधानी आउने निर्णय, त्यो पनि आधा महिनाका लागि, चानचुने आँट थिएन । यस अर्थमा राजधानी जस्तो महङ्गीले अत्यन्तै सताइरहेको ठाउँमा महिलाले गरेको यो आँट जति प्रशंसा गरे पनि कम हुन्छ ।

धनगढीकी विश्वकर्मा दिदी, सप्तरीकी चमार बहिनी, सिन्धुपाल्चोककी तामाङ आमा र रसुवाकी बाहुनी बज्यैको एउटै भान्सा बन्यो । कसैले कसैलाई जात सोधेन । थर कसैलाई मतलव भएन । इसाई, हिन्दू, बौद्धमार्गी र मुसलमान को थिए, कसैलाई पत्तै भएन । अनि पहाड, हिमाल र तराईको लवाइखुवाई, भेषभूषा, बोलिचाली कसैले कसैलाई खिज्याउने विषय बनेन । यस अर्थमा विभेदका हिसावले आन्दोलन रामराज्य बन्यो । एकले अर्कालाई गर्ने आदर र सम्मानले आन्दोलनको उचाइ वृद्धि भयो ।

सहभागिताका हिसावले आन्दोलन सार्थक रह्यो । आन्दोलनमा प्रतिनिधित्व गर्नेले पीडितको हक, अधिकारका मुद्दा उठाउन सक्नुपर्थ्यो । मुद्दा सम्बन्धित ठाउँमा लानुपर्थ्यो । अनि अरुका मुद्दा पारित हुने वा उठ्ने बेला साक्षीमात्र नबनेर आफ्ना मुद्दाको बचाउ पनि गर्न सक्नुपर्थ्यो । यही कुरा आन्दोलनका सहभागीले गर्न सकेका छन् । गाउँठाउँ र आफूजस्तै पीडितको मुद्दा खुलामञ्चदेखि सिंहदरबार र संविधानसभा हुँदै दलका मुख्यालयसम्म छताछुल्ल पार्न सकेका छन् । त्यसैले आन्दोलनका सहभागीले गर्व गर्ने ठाउँ रह्यो । सञ्चारमाध्यमले दिएका यथेष्ठ स्थानले पनि सार्थक सहभागिता पुष्टि गर्छ ।

सतीसाल त्यस्तो वृक्ष हो, जो चुरो कडा भएकै कारण जतिसुकै ठूलो आँधी, हुरी आउँदा पनि डगमगाउँदैन । ऊ निराश हुँदैन । अनि आफ्नो दीर्घजीवनको आशमा बाँचिरहन्छ । धैर्यका दृष्टिकोणले आन्दोलन यही सतीसाल बन्यो । आँधी, हुरी, पानी र चट्याङले आन्दोलनकारीलाई निकै तर्सायो । पटकपटक जिल्ला फर्कन धम्क्यायो । पाल उडाइदियो । भात चिस्याइदियो । तरकारी उडाइदियो । तर पनि भूमि अधिकारबाट वञ्चितहरु फर्केनन् । जबसम्म आफ्ना माग पूरा हुन्नन् तबसम्म राजधानी नछाड्ने उनीहरुको अडान अन्ततः पुगेरै छाड्यो ।

उपलब्धिका हिसावले आन्दोलन अर्थपूर्ण रह्यो । प्रायःजसो उधारोमा हुने कारोबार यस पटक नगदमै भयो । सम्झौता गर्ने तर त्यसलाई कार्यान्वयन नगर्ने विशेषता बोकेका थुप्रै सरकार आन्दोलनकारीले बेहोरेका थिए । तर यस पटक भने सरकारले व्यक्त गरेका प्रतिबद्धता लागू गराउन कार्यदल नै गठन गर्ने कुरा नगदी कारोबारको प्रमाण बन्यो । त्यसमा आन्दोलनकर्मीसमेतको सहभागिताले कारोबारमा ठगी नहुने आधार सिर्जना गरेको छ । जसलाई तुलनात्मकरुपमा निकै राम्रो उपलब्धि मान्न सकिन्छ ।

समग्रमा यो आन्दोलन पञ्च गुणले युक्त मानिन सकिने अवस्था रह्यो । शब्द, स्पर्श, रुप, रस र गन्धका हिसावले आलोचना गर्ने ठाउँ नगण्य बन्यो । यही कारण प्राकृतिक विपत्तिबाहेक आन्दोलन विवादरहित बन्यो । जसबाट आगामी आन्दोलनहरुले सिक्न सक्ने प्रशस्त पाठ तयार भएको छ । यो नै आन्दोलनको सबैभन्दा महत्वपूर्ण पक्ष पनि हो ।

# विषय-सूची

**परिच्छेद - एक**

भूमि समस्या र यसले निम्त्याएको अवस्था १

**परिच्छेद - दुई**

समयमै संविधान र भूमि सुधार ८

**परिच्छेद - तीन**

व्यवस्थित र अनुशासित आन्दोलन ३२

**परिच्छेद - चार**

भोग्नेहरूको अनुभवमा आन्दोलन ३९

**परिच्छेद - पाँच**

सञ्चार माध्यमले देखेको आन्दोलन ५९

**परिच्छेद - छ**

आन्दोलनको पाठ ८०

**परिच्छेद - सात**

र, अन्त्यमा ८७

**परिच्छेद - आठ**

अनुसूची. ९६

**आभार**

संविधान निर्माण र भूमि अधिकार आन्दोलनका
सम्पूर्ण सहभागीहरु,

आन्दोलनमा
सहयोग गर्ने व्यक्ति, सङ्गठन र सङ्घ संस्था,

आन्दोलन आयोजना गर्ने राष्ट्रिय भूमि अधिकार मञ्च, जिल्ला
भूमि अधिकार मञ्च, गाउँ भूमि अधिकार मञ्च र
आन्दोलनलाई सघाउने संस्थाहरु,

यस पुस्तकका लागि आवश्यक सूचना सङ्कलन,
अभिलेखन र प्रकाशनको कार्यमा
सघाउने सबै ।

**-प्रकाशक**

परिच्छेद - एक

# भूमि समस्या र यसले निम्त्याएको अवस्था

## आन्दोलनको पृष्ठभूमि

भूमिबिहीनता तथा असुरक्षित भूस्वामित्व गरिबी, सामाजिक अन्याय र खाद्य असुरक्षाका मुख्य कारक हुन् । यसलाई भूमि सुधारमार्फत् मात्र सम्बोधन गर्न सकिन्छ । जसका लागि २००७ सालदेखि नै सङ्घर्ष हुँदै आएको छ । यस्तै समस्या समाधानका नाममा भूमि सुधार नाम जोडिएका थुप्रै कार्यक्रम पनि हुँदै आएका हुन । तर पनि भूमि सुधारसम्बन्धी कानुन, कार्यक्रम र व्यवहार जोताहा किसानको पक्षमा हुन नसक्दा यो समस्या जस्ताको तस्तै छ । यही कारण कृषिमा संलग्न भूमि अधिकारबाट वञ्चित परिवार बढ्दै गइरहेको छ । अन्यायपूर्ण भूमि व्यवस्थामा आधारित शोषण, विभेद र अन्यायहरु बाँकी नै रहेकाले स्वतन्त्रता, न्याय र समृद्धि पनि भूमि अधिकारबाट वञ्चितहरुको काबुसम्म पुग्न सकेको छैन ।

भूमि सुधार त्यतिबेलामात्र हैन, अहिलेको नयाँ नेपालले पनि निकै पछ्याएको शब्द हो । त्यसैले यो सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौताको मुख्य अङ्गसमेत बन्न पुगेको छ । त्यसैगरी यही सम्झौताको जगमा बनेको अन्तरिम संविधानमा समेत भूमि सुधारले उच्च स्थान पाएको छ । स्रोत साधनको वितरणलाई न्यायपूर्ण बनाउने विषय संविधानमा सम्वोधन नगर्ने हो भने आधार तहका जनताको जीवनमा कुनै परिवर्तन आउँदैन भन्ने कुरा अन्तरिम संविधानमा यसलाई प्राथमिकता दिइनुले पुष्टि हुन्छ ।

विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको यही मर्मलाई व्यावहारिक बनाउन सरकारले उच्चस्तरीय भूमि आयोगसमेत बनायो । जसका लागि राष्ट्रिय भूमि अधिकार मञ्चले २०६५ मङ्सिरमा काठमाडौंको खुलामञ्चमा दिएको २ हप्ते धर्नासमेत कारक बन्न पुगेको थियो । तर विडम्बना, यसरी गठित आयोगले दिएको प्रतिवेदन लागू गर भनेर फेरि आन्दोलन गर्नुपर्‍यो ।



र, यो आन्दोलनपछि बल्ल सरकारले दुई प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको छ ।

अर्कोतर्फ वास्तविक सुकुम्बासी पहिचान गरी जग्गा उपलब्ध गराउन गठित सुकुम्बासी आयोगले उल्टै गैरसुकुम्बासीलाई जग्गाधनी पूर्जा बाँडेको छ । सुकुम्बासीहरु बसिरहेको स्थानबाट जबर्जस्ती विस्थापन गर्ने र अरुको जग्गा जोतिरहेका किसानलाई बेदखली गर्ने कार्य भइरहेको छ । भूमि जस्तो प्रमुख स्रोतबाट किसान महिला अधिकारविहीन हुनुपर्दा आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार खोसिएको छ । यी सबै कारणले गर्दा भूमिसँग सम्बन्धित समस्याहरु सुल्झिन सकेका छैनन् । जसले उनीहरुमा आक्रोश बढाउनेमात्र काम गरिरह्यो ।

भूमि स्वामित्वले नेपालमा परम्परागतरुपमै राजनीतिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक शक्तिको आधार निर्माण गरेको छ । यो अनेकन संरचनामा जकडिएर बसेको छ । २००७ सालअघिदेखिको सामन्ती भूमि व्यवस्थाले जसरी तत्कालीन सत्ताका वरिपरि रहेको सानो र शक्तिशाली वर्गलाई भूमिको मालिकका रुपमा स्थापित गरेको थियो, त्यसपछिका ६ दशकमा पनि त्यो अवस्थामा भिन्नता आएको छैन । २००७ सालपछि जनतामा आएको जागरणसँगै सुरु गरिएका भूमि सुधारका अनेकौं तर आंशिक प्रयासले सामन्ती भूमि व्यवस्था फेर्न सकेनन् । बन्न त राजनीतिक दलका किसान सङ्गठन पनि बने । सँगै सामन्त र गैरकृषि क्षेत्रमा संलग्नका सङ्गठन पनि बने । त्यसैले आजसम्म आइपुग्दा भूमि व्यवस्थाका गञ्जागोल र अलमल झनै बढेर गएका छन् ।

भूमिमाथि अधिक स्वामित्व भएका जग्गाधनी आफैं खेती गर्दैनन् । उनीहरुको पेशा अर्कै छ । भूमिमाथि न्युन स्वामित्व भएका र हुँदै नभएकाको ठूलो सङ्ख्या भने मोही तथा कृषि श्रमिकका रुपमा खेतीपातीको काम गर्छन् । उनीहरुको अन्य क्षेत्रमा पनि खासै पहुँच छैन । खाना जुटाउनका लागि अरुको जमिनमा श्रम गर्ने समुदाय नै ज्यादा गरिबीमा बाँचिरहेको छ । नेपालमा घर र भूमि नहुनेहरु कुल जनसङ्ख्याको चौथाई हुन आउँछ । तराईका दलित ७० प्रतिशत र पहाडका दलित २२ प्रतिशत भूमिहीन हुनुले भूमिहीनताभित्र पनि कुनै समुदाय निकै अन्यायबीच बाँच्नुपर्ने बाध्यता प्रष्टिन्छ । जो अधिकांश किसानी काम गर्छन् तर उनीहरुकै बस्ने र खेती गर्ने जमिन छैन । यो अन्यायपूर्ण अवस्था सम्बोधन नगरी गरिबी निवारणका अन्य प्रयासले समस्या समाधान गर्दैन । यही

कारण समाजमा गरिबहरुले हली, कमैया, कमलरी जस्ता दासतामा आधारित अनेक प्रकारका शोषण, उत्पीडन र विभेद सामना गर्नुपरिरहेको छ ।

आश्वासनको भारीले किचिएका भूमिहीन र गरिब किसान लामो समयदेखि दुई छाक खाना, लाज ढाक्ने कपडा र रात बिताउने सुरक्षित बासको खोजीमा आन्दोलनमा होमिँदैं आएका छन् । आसैआसमा जिन्दगी गुजारेका गरिबहरु यस्तो आन्दोलनमार्फत् भूमि सुधारको आवाज उठाई नै रहेका छन् । जमिनमा जसले श्रम गर्छ, उसको अधिकार संविधानमै किटिनुपर्ने माग आधार तहका नागरिकको छ । तर पनि यो मुद्दा संविधानसभामा भने पछाडि पर्दै गएको छ र उठेका सवाल पनि विवादित छ ।

भूमि अधिकारबाट वञ्चितको उल्लेख्य प्रतिनिधित्व भएको संविधानसभामा भूमि सुधारको कुरा प्रष्ट किटिने अवस्था नहुनु बुझ्न नसकिने विषय भएको छ । यस्तो अवस्थाले गरिबहरुले सामन्तवादको अन्त हुनेमा शङ्का व्यक्त गरेका छन् । राणा र पञ्चायती शासनकालमा भएकै भूमि वितरणको अन्यायपूर्ण अवस्थालाई जोगाइराख्नेहरुको स्वर भूमि सुधारका पक्षधरको भन्दा ठूलो हुँदै गएको देखिन्छ । यस्तो अवस्थाले भूमि अधिकारबाट वञ्चितहरुको समस्या सम्वोधन हुने कुरामा गम्भीर शङ्का उत्पन्न भएको छ । संविधानमा भूमिसम्बन्धी के/कस्तो व्यवस्था हुन्छ ? जमिनलाई पूरै निजी सम्पत्तिका रुपमा राखेर अहिलेको अन्यायपूर्ण अवस्थालाई वैध गराइन्छ वा उत्पादनको साधनका रुपमा किसानलाई प्रयोगको अधिकार दिने व्यवस्था हुन्छ ? जस्ता थुप्रै प्रश्नको उत्तर अहिले चासोको विषय बनेको छ ।

संविधानको बहससँगै विद्यमान ऐन-कानुनअनुसार गर्न सकिने काम पनि भएका छैनन् । छद्म उद्योगका नाममा लुकाइएका र हदबन्दीभन्दा बढी जमिन राज्यले लिएर भूमिहीन किसानलाई वितरण गर्ने, गुठी जग्गालाई रैकरमा परिणत गर्ने, भूमिमा श्रम गर्नेको स्वामित्व स्थापित गर्ने, भूमिमा महिला किसानको स्वामित्व कायम गर्ने, सम्पूर्ण जग्गाको अभिलेख तयार पार्ने आदि कामको थालनी गर्न नयाँ संविधान कुरिरहनु पर्दैन । भूमि वितरणमा सामाजिक न्याय कायम गर्नु, कृषि उत्पादन वृद्धि गर्नु र जमिनमा मात्रै आश्रित हुने प्रवृत्ति निरुत्साहित गरेर गैरकृषि क्षेत्रमा जनताको आकर्षण बढाउनका लागि भूमि सुधारको विकल्प छैन । बसिरहेको स्थान र खेती गरिरहेको जग्गाबाट किसानलाई ननिकाल्ने



नीतिगत निश्चितता गरेर भूमि सुधारको काम थालनी गरिएमात्र वास्तविक पीडितले अधिकार पाउने अवस्था रहन्छ ।

भएका नियम/कानुनसमेत कार्यान्वयन नहुँदा भूमिहीनताबाट गुज्रिरहेकाहरुको जीवनचर्या कठिन बन्दै गएको छ । आन्दोलनमै जीन्दगी बित्ने सम्भावना वृद्धि हुँदै गएको छ । र, अन्यायमाथि अन्यायको चाङ बढ्दै गएको छ । एकातर्फ स्थिति यस्तो छ । अर्कोतिर विभिन्न समयमा भएका आन्दोलनपछि बनेका भूमि आयोगका प्रतिवेदनमा माकुराले जालो लगाउन थालेको छ । कतिपय प्रतिवेदन त अस्तित्वहीन अवस्थामा पुगिसकेका छन् । तिनीहरु कार्यान्वयन हुने कुरा त परै जाओस्, तिनमा के सुझाव दिइएको छ भन्नेसमेत जानकारी सरोकारवालालाई दिइएको छैन । यस्तो परिस्थितिबीच भूमि अधिकारबाट वञ्चितहरु आन्दोलित भइरहेका छन् ।

करिव ५० जिल्लामा सङ्गठित भूमिहीन किसानले गाउँ तथा जिल्ला तहमा राजनीतिक दल र स्थानीय सरकारको ध्यानाकर्षण गराउने काम धेरै समयदेखि गरिरहेका छन् । गाउँ र जिल्लामा अनेकौं दबाबमूलक आन्दोलन गर्दा पनि सुनुवाई नभएपछि उनीहरु थप दबाबमूलक आन्दोलन गर्न बाध्य पारिएका छन् । जिल्ला तहमा रहेका सम्बन्धित अड्डाहरुमा दिइएका धर्ना र दबाबले पनि खासै प्रभाव परेको अनुभूति हुन नसकेपछि उनीहरु राजधानी केन्द्रित आन्दोलनप्रति होमिन बाध्य भएका छन् ।

यसै क्रममा दिनहुँ १६ घण्टा काममा खट्ने महिला नै सधैं अभावबाट पिल्सिनुपर्ने अवस्थाबाट मुक्ति पाउनका लागि आन्दोलनलाई तीब्रता दिनुपर्ने महसुस हुन पुगेको हो । यसरी तीब्रता दिने क्रममा उनीहरुले जिल्ला र क्षेत्रीय स्तर हुँदै केन्द्रसम्म आफ्ना माग र दबाब फिँजाउने रणनीति अख्तियार गरे । फलस्वरुप भूमि अधिकारबाट वञ्चितहरुको संस्था राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको नेतृत्वमा भूमिहीन र त्यसमा पनि खासगरी महिलाले २०६६ फागुन २४ देखि चैत ५ गतेसम्म ११ दिने पदयात्रा कार्यक्रम आयोजना गरे । भूमिमा महिलाको अधिकार स्थापना गर्न गाउँ तताउने र यसको तातो मुलुककै बागडोर सम्हालेको सिंहदरबारसम्म पुऱ्याउने मुख्य उद्देश्य यो कार्यक्रमका थियो । दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भीमदत्तनगरबाट एकै दिन निस्केको यो पदयात्रामा ४२ जिल्लाका कृषिमा श्रम गर्ने ३ सय ३७ जना भूमि अधिकारबाट वञ्चित महिला सहभागी थिए ।

अन्तर्राष्ट्रिय नारी दिवसको दिन पारेर अधिकार यात्रामा निस्केका यी महिलाले आफ्नै बलबुताले कमाएको पीठोसामल बोकेका थिए । त्यसबाहेक उनीहरुसँग केही थियो भने आफैंजस्ता गरिब दुःखीले दिएका खानेकुरा, आश्रयस्थल र माया । यसैका आधारमा तीन ठाउँबाट निस्केको पीडितहरुको ऱ्यालीले ११ दिने यात्रा सुखद्तवरले पार गरेको थियो सफलपूर्वक ।

सुकुम्बासी र भूमिहीन तथा गरिब बस्तीका बासिन्दासम्म पुगेर दुःख, पीडा बाँडचुँड गरेका यी पदयात्रीले चैत ५ गते कैलालीको टीकापुरमा जम्मा भएर कार्यक्रमको अर्को मितिसमेत तय गरेर यात्रा सकिएको घोषणा गरे । जसमा तीनवटै समूहका यात्रीले निष्कर्ष निकाले कि सबैको पीडाको एउटै स्रोत रहेछ- भूमि । त्यसैले उनीहरुले यस्ता पीडामा मह्लमपट्टी लगाउनका लागि बास र गरिखानका लागि भूमि प्राप्ति नै एकमात्र विकल्प हो भन्ने ठहर गरे । र, यसरी भूमि प्राप्त गर्नका लागि केन्द्रीय स्तरमा आन्दोलन नगरी सरकारले सुन्नेवाला छैन भन्ने निष्कर्ष पनि उनीहरुको रह्यो । अनि यही मिलनसभाले भन्यो कि अब अहिलेदेखि नै तयारी गर्ने र आउँदो फागुनमा राजधानी पुगेर सिंहदरबार थर्काउने । अनिमात्र अधिकार पाइन्छ ।

यही घोषणा थियो, जसले उनीहरुलाई अर्को आन्दोलनको आँधीबेहरी सिर्जना गर्न बाध्य बनायो । र, यस क्रममा उनीहरुले बुझे कि मुलुक अहिले नयाँ नेपाल निर्माणको अभियानमा छ । जसका लागि संविधान पनि नयाँ बन्दैछ । यही संविधानले नमिलेका कुरालाई ‘टाक्चे-बाउसे’ गरेर मिलाउनेछ । यसै बेला मुलुकमा विद्यमान भूमि वितरणको अन्यायपूर्ण व्यवस्था पनि यसले छिमोल्नेछ ।

त्यसैले समयमै संविधान बनाउनुपर्ने र त्यसमा भूमि अधिकारबाट वञ्चितहरुका माग सम्बोधन गर्नुपर्ने आवश्यकता उनीहरुले महसुस गरे । अनि यिनै माग सम्बोधन हुने क्रममा महिलाको समेत त्यसमा स्वामित्व हुनुपर्ने अडान उनीहरुले लिए । यिनै माग पूरा गराउन दबाबको आँधीबेहरी सिर्जना गर्ने क्रममा २०६७ फागुन अन्तिममा उनीहरुले राजधानीसम्मको कठोर यात्रा रोजेका थिए ।



**यस्तो छ भूमिको अवस्था**

- जम्मा घर सङ्ख्या ४२,५३,२२० मध्ये छाप्रो उभ्याउनेसमेत जग्गा नभएका २,१७,६७५ र खेती गर्ने जमिन नभएका कृषि भूमिहीनको सङ्ख्या ८,०२,६१५ परिवार छ । यसरी हेर्दा १०,२०,२९० (परिवार सङ्ख्याको चौथाई) परिवार भूमिहीन देखिन्छन् । (राष्ट्रिय जनगणना २०५८)

- जम्मा परिवारमध्ये कृषक परिवारको सङ्ख्या ३३,६४,१०० छ ।

- नेपालको कुल क्षेत्रफलको १५ प्रतिशत हिमाल, ६८ प्रतिशत पहाड र १७ प्रतिशत तराईले ढाकेको छ । तर कृषि भूमि भने तराईमा ५२.८, पहाडमा ४०.४ र हिमालमा ६.८ मात्र छ ।

- देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३४ प्रतिशतको हाराहारीमा छ । ७६ प्रतिशत जनसङ्ख्या कृषिमा निर्भर छन् ।

- ५ प्रतिशत धनी वर्गले ३७ प्रतिशत जग्गा ओगटेका छन् । ४७ प्रतिशत परिवारले १५ प्रतिशत जग्गा जोतभोग गरिरहेका छन् । ग्रामीण क्षेत्रका २९ प्रतिशत परिवारसँग खेती गर्ने जग्गा नै छैन । (मानव विकास प्रतिवेदन २००४)

- २०५१ सालमा भूमि सुधार विभागले प्रकाशन गरेको प्रतिवेदनमा ३ लाख ७५ हजार दर्तावाल मोही उल्लेख थियो । तर आ.व. ०५७/५८ मा लिएको रेकर्डमा २ लाख ८८ हजार २६१ दर्तावाल मोही रहेको जनाएको छ । योबाहेक ४ लाख ५० हजार परिवार बेदर्तावाल मोहीका रुपमा रहेको आङ्कडा गैरसरकारी अध्ययनहरुले अगाडि ल्याएका छन् ।

- ९० प्रतिशत महिला खेतीपातीको काम गर्छन् । कृषि उत्पादनमा महिलाको योगदान ६०.५ प्रतिशत र पुरुषको ३९.५ प्रतिशत छ ।

- भूमिमाथिको कानुनी स्वामित्व पुरुषको ८९.१७ प्रतिशत र महिलाको १०.८३ प्रतिशत छ । घर र खेतीको जग्गा दुवैको मालिक हुने महिला भने जम्मा ४ प्रतिशतमात्र छन् ।
- गुठीको जमिन ६८ जिल्लामा छ । राजगुठीमा दर्ता (नापीबमोजिम) जग्गा रैतान नम्बरी ६१६३७ विघा, गुठी अधिनस्थ २२८७ विघा र गुठी तैनाथी २११३ विघा छ ।
- कृषि गणनामा जग्गा नभएका परिवार र ०.१ हेक्टरभन्दा कम भूस्वामित्व हुने परिवारलाई भूमिहीन कृषक परिवारमा परिभाषित गरिएको छ ।
- प्रथम राष्ट्रिय हलिया सम्मेलन, २०६३ द्वारा प्रकाशित डडेलधुरा घोषणापत्र २०६२ का अनुसार देशभरमा हलियाको सङ्ख्या करिब ३ लाख छ । यी ३ लाख भूमिहीन हलियामध्ये ९३ प्रतिशत हलिया भूमिहीन छन् *(सिएसआरसी : भूमि अधिकारबारे पढ्ने सामग्री)*
- प्रतिपरिवार औसत क्षेत्रफल ०.७८९ हेक्टर जग्गा उपलब्ध रहेको देखिन्छ। प्रतिपरिवार तराई क्षेत्रमा क्रमशः सबैभन्दा बढी ०.९४४ हेक्टर क्षेत्रफल, हिमाली क्षेत्रमा ०.७३३ हेक्टर क्षेत्रफल र पहाडी क्षेत्रमा सबैभन्दा कम ०.६५५ हेक्टर क्षेत्रफल उपलब्ध रहेको देखिन्छ ।

*(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २००६)*

परिच्छेद - दुई

# समयमै संविधान र भूमि सुधार

## आन्दोलन कार्यक्रम

आन्दोलन उसै पनि गाह्रो विषय हो । अझ ५० जिल्लाका गरिब, त्यसमा पनि महिला कुम्लो कुटुरो बोकेर आधा महिनाका लागि राजधानी जस्तो निष्ठुर र महङ्गो ठाउँका लागि प्रस्थान गर्नु नै ठूलो चुनौती थियो । खासगरी घरभित्रको र बालबच्चाको जिम्मेवारी सम्हाल्ने भएका कारण स्वाभाविकैरुपमा महिलाले बाहिर निस्केर आन्दोलनमा सहभागी हुनु चानचुने कुरा थिएन । तर पनि आन्दोलनको विकल्प नभएकाले उनीहरु यसो नगर्न पनि सक्दैनथे । यही कारण राष्ट्रिय भूमि अधिकार मञ्चको छातामुनि फागुन अन्तिममा उनीहरु काठमाडौं आए । राजधानी केन्द्रित आन्दोलनका लागि उनीहरुले एक वर्षअघिदेखि सङ्गठनहरुमा सुकामोहर, चामल, टपरी, आलु, गुन्द्रुक र गुन्द्री आदि जोहो गरेका थिए ।

२०६७ चैत १ गतेदेखि १ हजार भूमिहीन महिला काठमाडौंको खुलामञ्च आइपुगे । उनीहरुले यही स्थानलाई आश्रयस्थल बनाए । अनि प्रमुख राजनीतिक दलको कार्यालय, मुलुकको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार र नयाँ संविधानलगायत् नीति निर्माण गर्ने थलो संविधानसभाअगाडि धर्ना दिए । अनि भने- संविधान जारी गर, भूमि सुधार लागू गर ।

भूमिहीनहरु गरिबीको जालोबाट बाहिर आउन आतुर छन् । उनीहरु सम्मानित जीवन जीउन चाहन्छन् । यसका लागि राज्यको संरचनागत परिवर्तन आवश्यक छ । जसमध्ये आर्थिक संरचना पनि प्रमुख हो । जुन कार्यको पहल र नेतृत्व राजनीतिक दलहरुले गर्नुपर्ने हुन्छ । विगतमा राजनीतिक दलहरुले गरिबहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउने वाचा गरेका छन् । यही परिवर्तनको अपेक्षामा गरिबहरु सबै प्रकारका राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनको अग्रपङ्क्तिमा छन् ।

यिनै नागरिकको ताकतले राजनीतिक व्यवस्थामा फेरबदल आएको भए पनि उनीहरुको अवस्था भने जस्ताको जस्तै छ । पछिल्लो राजनीतिक

परिवर्तनपछि नयाँ संविधानमार्फत् राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक संरचनामा परिवर्तन हुने र त्यसले गरिब समुदायको आधारभूत अधिकार सम्वोधन हुने अपेक्षा थियो । तर संविधान बन्ने र शान्ति प्रक्रियाले उचित निकास पाउन ढिला भइरहेको अवस्थामा गरिब किसान शङ्कित बनेका छन् । फेरि पनि उनीहरुले भोगिरहेको गरिबीको पीडा र समाजमा व्याप्त द्वन्द्व अन्त्य नहोला कि भन्ने चिन्ता बढेर गएको छ ।

परिवर्तनसहितको नयाँ संविधान र दीगो शान्ति यिनै गरिबलाई बढी आवश्यक छ । यसो हुँदा नेपालका भूमि अधिकारबाट वञ्चितहरु समयमै संविधान र भूमि सुधारको आवाज लिएर निरन्तर खबरदारी गरिरहेका छन् । यही कारण चैत पहिलो साता देशका ५० जिल्लाका गरिब महिलाले राजनीतिक दलको दैलोमै पुगेर २०६८ जेठ १४ भित्रै संविधान बनाउन र भूमि सुधार गर्ने विगतको वाचा नबिर्सन खबरदारी गरेका हुन । करिब हजारको सङ्ख्यामा केन्द्रीय कार्यालयमै पुगेर दलहरुलाई झक्झकाउने कामले जनताको चेतनास्तर वृद्धिसँगै गरिबहरु अब चूप लागेर बस्दैनन् भन्ने दरो उदाहरण पनि दिएको छ । यो एउटा अति भद्र र नैतिक दबाब थियो ।

दलहरुले आज पनि आफ्नो घोषणापत्रमा भूमि सुधार गर्ने कुरा छुटाएका छैनन् । यद्यपि त्यसमा प्रयोग गरिएका शब्दमा भने भिन्नता देखिँदै आएका छन् । विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा वैज्ञानिक भूमि सुधार गर्ने कुरा उल्लेख छ । सामन्तवादी व्यवस्था अन्त्यका लागि यसको खाँचो परेको पनि किटिएको छ । तर त्यसरी किटिएका व्यवस्था कार्यान्वयनमा नआएपछि गरिबहरु स्वयम् खबरदारीका लागि उत्रिएका छन् । यस आन्दोलनले गरिबहरुलाई एउटा ठाउँ दिएको छ- ठाउँ खोज्ने ठाउँ, अधिकार दावी गर्ने ठाउँ, आवाजलाई नीति निर्मातासम्म पुर्‍याउने ठाउँ । जहाँ विभिन्न समस्याले घेरिएका गरिबहरु एकै ठाउँमा जम्मा हुन्छन् र आफ्ना अधिकार दाबी गर्छन् ।

भूमिको मुद्दा नेपालको समग्र द्वन्द्वको रुपान्तरण र दीगो शान्तिको आधार हो । यसलाई प्रायः सबै राजनीतिक दलहरुले इन्कार गर्न सकेका छैनन् । अहिलेको भूमि वितरणको अवस्था र कृषि व्यवस्थालाई समयसापेक्ष र न्यायिक बनाउन भूमि नीति र भूमि उपयोगको अवस्था फेर्न जरुरी छ ।



संविधान निर्माणअघि आन्दोलन जरुरी भएको पनि यिनै कुरा स्मरण गराउनका लागि हो ।

सही किसिमको भूमि सुधारले राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान पुग्छ । गरिबी न्युनीकरणका साथै सामाजिक न्याय स्थापित गर्न सकिन्छ । खाद्य सुरक्षा प्रत्याभूत गर्ने, वातावरण संरक्षण गर्ने, कृषि उद्यम र व्यावसायिकताको विकास गर्ने अनि गरिब जनतालाई परिवर्तन र लोकतन्त्रको अनुभूति गराउने निश्चित छ । यी विषयहरु आर्थिक संरचनामा गरिनुपर्ने परिवर्तनका मुद्दा हुन । जसले द्वन्द्व अन्त्य गरी दीगो शान्तिको आधार स्थापना गर्न सक्छ । यी कुरालाई संस्थागत र विधिसम्मत बनाउनका लागि नयाँ बन्ने संविधानमा उचित सम्वोधन जरुरी छ । यसो नगर्ने हो भने नेपाली समाजमा थप जटिल प्रकारको द्वन्द्व सृजना हुन सक्छ । जसले अन्ततः गरिब-धनी सबैलाई पिरोल्ने निश्चित छ । यही पिरलोलाई धकेल्न पनि आन्दोलन बाध्यता बनेको थियो । जुन कुरा नीति निर्माताहरुलाई ज्ञात हुनु आवश्यक छ ।

एउटा बँधुवा मजदुर, अरुको जग्गा जोत्ने किसान, श्रमिक महिला, सुकुम्बासीलाई आफ्नो अधिकार खोज्न सजिलो छैन । दिनानुदिनको रोजीरोटीको जोहो गरेर पनि आन्दोलनमा होमिनु निकै कठिन काम हो । सुका, मोहर गरेर भाडा तिरी आफ्नै चामल र पीठो ल्याएर खुलामञ्चलाई बास बनाएर राष्ट्रिय भूमि अधिकार मञ्चको नेतृत्वमा भएको यस आन्दोलनले मानवका आधारभूत अधिकार पूरा गर्ने सरकारी दायित्वप्रति खबरदारी गरेको छ ।

अर्कोतर्फ भूमि स्रोतको न्यायिक वितरण र त्यसमा महिला किसानको पनि पूरा हकको आवाज उठेको छ । गाउँको शक्तिको पनि एउटा रुप हो यो । त्यसैले भूमिमाथि स्वामित्वको कुरा गर्दा महिलाको पाटो छुटाइयो भने फेरि पनि त्यो सुधार अपुरो हुने पक्का छ । यस अर्थमा यो आन्दोलनले महिलाका आँखाबाट भूमि अधिकारको सवाललाई हेर्न र विश्लेषण गर्न सक्नु पक्कै पनि सकारात्मक पक्ष मान्न सकिन्छ । ५० जिल्लाबाट ओइरिएका उत्पीडितहरुको यो खबरदारीप्रति पार्टीभित्र पनि गम्भीर विश्लेषण आवश्यक छ ।

नेपालमा भूमि सुधारको मुद्दा लामो समयदेखि उठ्दै आएको तर हालसम्म पनि सहीरुपमा सम्बोधन हुन नसकेको विषय हो । गाउँ र कृषि बाहुल्य

मुलुकका लागि भूमि तथा कृषि सुधारको मुद्दा अत्यन्त महत्वपूर्ण हुने गर्दछ । यो विषय अहिले पनि नेपालको अर्थराजनीतिक बहसको केन्द्रविन्दुमा छ । नेपालमा भूमि सुधार हुनुपर्छ भन्ने कुरामा सैद्धान्तिकरुपमा आम सहमति जस्तै छ । तर यसको बुझाई, दृष्टिकोण तथा ढाँचामा भने एकरुपता देखिँदैन । यसले पनि भूमि सुधार गर्न नचाहनेलाई हौसला पुगिरहेको छ ।

उत्पादनको साधन भूमि र उत्पादक शक्ति किसानलाई आधार बनाएर गरिने विकासले मात्र आर्थिक तथा सामाजिक रुपान्तरणको जग बसाल्छ भन्नेमा द्विविधा छैन । यतिखेर जमिनमा आफैं श्रम गर्ने जोताहा महिला एवम् पुरुष किसानका पक्षमा भूमि सुधार गर्ने स्पष्ट संवैधानिक प्रावधानका लागि आवाज उठिरहेको छ । तर यो संविधानसभामा गहन बहसको विषय बन्न भने सकेको छैन । यो महत्वपूर्ण विषयलाई पन्छाउँदै लगिएको छ । कृषि कर्ममा संलग्न महिलाको भूमिमाथिको अधिनत्व कायम गर्ने संवैधानिक व्यवस्थाका लागि पनि आन्दोलन भइरहेको छ । विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र त्रिवर्षीय राष्ट्रिय योजनाअनुसार भूमि सुधारको प्रक्रिया थालनी गर्ने माग पनि भूमि अधिकारबाट वञ्चितहरुले गरिरहेका छन् ।

तर पनि सरकारहरु भने कानमा तेल हालेर बस्ने प्रवृत्ति बढिरहेको छ । भूमि अधिकारबाट वञ्चितका समस्या समाधान गर्न सकिने यति धेरै सम्भावना र आधार हुँदाहुँदै पनि गरिबबारे सोच्ने फुर्सद कसैलाई छैन । यही कारण अघिल्ला आन्दोलनहरुले गरेका उद्घोषलाई समेत मध्यनजर गर्दै पीडितहरुले आफ्नै सङ्गठन राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको नेतृत्वमा राजधानी केन्द्रित आन्दोलन चर्काएका हुन । जसको चरणबद्ध रुप यस्तो थियो-

## आन्दोलनमा महिला, भूमि चाहियो पहिला

चैत १ गतेबाट आन्दोलन सुरु भयो । प्रमुख अतिथिका रुपमा संविधानसभाकी उपाध्यक्ष पूर्णाकुमारी सुवेदी हुनुहुन्थ्यो । ‘आन्दोलनमा महिला, भूमि चाहियो पहिला’ भन्ने नारा लगाउँदै उहाँले तिनै श्रमजीवी भूमिहीनका सबैभन्दा महत्वपूर्ण औजार हलो उचालेर कार्यक्रम उद्घाटन गर्नुभएको थियो । भूमि सुधार नभई देशको अनुहार नफेरिने भएकाले ठीक समयमा आन्दोलन गरेर सरकार र संविधानसभालाई बल पुऱ्याएको भनाइ उहाँले राख्नुभएको थियो । उहाँले म तपाईंहरुको आन्दोलनसँगै छु भन्दै



सहयोग र समर्थन गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो । यस आन्दोलनलाई खबरदारी र पहरेदारीका रुपमा उठाउने र मध्यस्तकर्ताको भूमिका खेल्दै सहयोग जुटाउने उहाँको आश्वासनले आन्दोलनकारीलाई निकै हौसला मिलेको थियो ।




त्यसपछि काठमाडौं खुलामञ्चबाट कृषि औजार, ब्यानर तथा प्लेकार्डसहित सुरु भएको महिला जुलुस रत्नपार्क, शहीदगेट, त्रिपुरेश्वर, थापाथली, माइतीघर, बबरमहल हुँदै बानेश्वरस्थित संविधानसभा भवन पुगेको थियो । त्यहाँ उनीहरुले सभामार्फत् आफ्ना माग राखेका थिए ।

यसरी बोल्ने क्रममा सामुदायिक वन उपभोक्ता महासङ्घकी अध्यक्ष अप्सरा चापागाईंले भूमि अधिकार नभएसम्म भाषणमात्र गरेर केही हुनेवाला छैन भन्नुभएको थियो । भूमि अधिकार प्राप्तिका लागि द्वन्द्व हुन्छ भन्दै उहाँले यसप्रति नेतृत्व वर्ग सचेत हुनुपर्ने बताउनुभएको थियो । त्यसैगरी गैसस महासङ्घकी महासचिव शर्मिला कार्कीले रातोदिन जमिनमा काम गर्ने

> भूमि सुधार नभई देशको अनुहार फेरिँदैन । ठीक समयमा आन्दोलन गरेर सरकार र संविधानसभालाई बल पुऱ्याउनुभएको छ । म तपाईंहरुको आन्दोलनसँगै छु ।
>
> *- पूर्णाकुमारी सुवेदी, उपाध्यक्ष, संविधानसभा*

दिदी-बहिनीकै जमिनलगायत् प्राकृतिक स्रोतमाथि स्वामित्व नहुनुले उनीहरु अन्यायमा पारिएका बताउनुभएको थियो । नेपालका अधिकांश महिलामाथि हुने हिंसा जमिनसँग जोडिएको बताउँदै उहाँले यही कारण पनि भूमि अधिकारको लडाइँ छाड्नै नहुने धारणा राख्नुभएको थियो ।

नेकपा मालेकी सांसद जनककुमारी चालिसेले भूमि अधिकार आन्दोलन महिला अधिकारसँगैको वर्गीय आन्दोलन हो भन्दै आफू पनि भूमिहीनसँगै यो आन्दोलनमा संलग्न रहेको बताउनुभएको थियो । त्यसैगरी राष्ट्रिय महिला आयोगकी अध्यक्ष नैनकला थापाले महिलाकै अधिकारका लागि महिला आयोग गठन भएको जानकारी दिँदै आयोगले संविधान निर्माणको अन्तिम चरणमा यो मुद्दासँग सम्बन्धित सुझाव दिने बताउनुभएको थियो ।

संविधानसभाको महिला ककसकी अध्यक्ष उषाकला राईले आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै गाउँले महिलाले चयन गरेका नारा देखेर धेरै खुशी लागेको बताउनुभएको थियो । यो संविधान गरिब, महिला, कृषि श्रमिकलाई चाहिएको हो भन्दै उहाँले महिलालाई भूमिको स्वामित्व नदिएसम्म भाषणले शासन नहुने बताउनुभएको थियो ।

राष्ट्रिय भूमि अधिकार मञ्चका सचिव ल्यामबहादुर दर्जीले आफूहरु काठमाडौंका ठूला घर हेर्न राजधानी आएको नभई बाध्यताले अधिकार खोज्न आएको बताउनुभएको थियो । र, अधिकार प्राप्त नहुन्जेल यहाँबाट एक कदम नहट्ने भनाइ पनि दर्जीको थियो ।

राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष बलदेव रामले नेपाली भूमिहीनले लामो समयदेखि नेताहरुसँग भूमि सुधारको भीख मागिरहेको बताउनुभयो । सबैले क्रान्तिकारी भूमि सुधार र जसको जोत उसको पोतको नारा लगाए पनि काम भने कसैले नगरेको उहाँको भनाइ थियो । सरकारले टाढा टाढाबाट आएका गाउँलेको कुरा सुनेन र माग पूरा गर्न ध्यान दिएन भने भूमिहीनहरुले त्यसै नछाड्ने चेतावनी पनि उहाँको थियो ।

संविधानसभा भवनअगाडिको यो धर्ना साँझ ५ बजेसम्म भएको थियो । उक्त धर्ना कार्यक्रमका सहभागी खुला मञ्चतर्फ लागेपछि स्थानीय तरकारी व्यापारीले बल्ल अधिकारको लडाइँ सुरु भएको प्रतिक्रिया दिएका थिए । यहाँभन्दा अघि सुकिलामुकिलाको आन्दोलन हुन्थ्यो भने अहिलेको आन्दोलन वास्तविक गाउँले महिलाको भएको उनीहरुको भनाइ थियो । ३ बजेपछि



तरकारी राखेर बेच्ने यो स्थानमा धर्नाकै कारण २ घण्टा ढिला भए पनि आफूहरुको कुनै गुनासो नभएको प्रतिक्रिया उनीहरुले दिएका थिए ।

## माओवादी अध्यक्ष दाहाल नआएपछिको खल्लो

आन्दोलनको दोस्रो दिन 'नयाँ संविधान जारी गर, भूमि सुधार लागू गर' भन्ने मूल नाराका साथ आन्दोलनकारी खुलामञ्चबाट निस्के । दिनरातको साथी कृषि औजार बोकेको र्‍याली रत्नपार्क, त्रिपुरेश्वर, माइतीघर, बानेश्वर, कोटेश्वर हुँदै पेरिसडाँडा पुगेको थियो । जहाँ माओवादीको पार्टी कार्यालय छ ।

राजधानी केन्द्रित यो आन्दोलनमा धेरै सहभागी पहिलो पटक काठमाडौं खाल्डो छिरेका थिए । त्यसैले अग्लो र रमाइलो स्थान पेरिसडाँडा पुग्दासाथ उनीहरुले एकछिन हिमाली भाग र एयरपोर्टको दृष्य नियाले । वरिपरिका गगनचुम्बी महल निकैबेर हेरिरहे । यी महिलाले नजिकैको आकाशमा उड्ने तरखरमा रहेको हवाइजहाजको गति नियालिरहे ।

त्यसको केहीछिनमै आफ्ना माग अघि सार्दै राजनीतिक दल र नेताले गरेका वाचा व्यवहारमा उतार्न अनुरोध गर्दै धर्ना कसे उनीहरुले । तर उनीहरुलाई माओवादी कार्यालयको पर्खालभित्र छिर्न दिइएन । अनि गेटबाहिरै आश्रयस्थल बनाए । धर्नाबारे पहिले नै कार्यालयमा जानकारी दिइएको थियो । त्यतिबेला बस्ने ठाउँ र पानीको व्यवस्था गरिने आश्वासन दिइएको थियो । तर वचनबद्धता पूरा गर्ने बेलामा भने पानी मात्र पिउन दिइयो ।

बीचबीचमा नारा लगाउने र आफ्ना पीडा हजार दिदी बहिनीसँग आदान-प्रदान गर्न त उनीहरुलाई बानी नै परिसकेको थियो । यहाँ पनि जारी रह्यो उक्त क्रम ।

उनीहरु धर्नामा आएर माओवादीका अध्यक्ष पुष्पकमल दाहालले सम्बोधन गर्ने प्रतीक्षामा थिए । दाहालले दिउसो ४ बजे भेट्ने वाचा दिएकाले यस्तो आशा राख्नु अस्वाभाविक पनि थिएन । तर धर्नाको निकै बेरपछि धर्नाकारी उत्तेजित हुन पुगे, जतिखेर आफूहरुलाई सम्बोधन गर्न समय दिइसकेका माओवादी अध्यक्ष सिङ्गापुर उडेको खबर आयो । पछि उपप्रधान एवम् भूमि सुधार तथा व्यवस्था मन्त्री कृष्णबहादुर महरा आउने सूचना दिइयो ।

तर त्यो पनि लागू भएन । केहीबेरमा उक्त दलका पोलिटब्युरो सदस्य तथा भौतिक योजना तथा निर्माण मन्त्री टोपबहादुर रायमाझी आइपुग्नुभयो ।

तर यी हजार महिलाले अध्यक्ष दाहाललाई नै भेटी हलो कोदालो उपाहार दिने ढिपी कसे । अनि आफ्ना माग र पीडाबारे दाहालले नै सम्बोधन गर्नुपर्ने माग पनि दोहोऱ्याइरहे । तर दुवै इच्छा पूरा हुन पाएन । अनि धर्नालाई सम्बोधन गर्न आइपुग्नुभएका मन्त्री रायमाझीसमक्ष कैलालीकी तारा विक कड्किनुभयो- गोरु र कुकुरका नाममा पनि जग्गा राखिन्छ तर हाम्रा नाममा एक टुक्रा गरिखाने जग्गा छैन । कोहीको चारैतिर महल र जग्गा जमिन हुने, हाम्रो किन नहुने ? चुनावमा भोट माग्न गाउँमै आउने नेताहरु हामी दुःख सुनाउन उनीहरुकै महलमा आउँदा पनि किन सुन्न चाहँदैनन् ? यो अन्याय, अत्याचार हामीले कहिलेसम्म सहनुपर्ने हो ?

त्यसपछि मन्त्री टोपबहादुर रायमाझीले सम्बोधन गर्नुभएको थियो । उहाँले धर्नाकारीले राखेका माग सम्पूर्ण नेपाली जनताको माग हो भन्दै त्यो माओवादीको पनि माग भएको बताउनुभयो । हामीले यिनै सुकुम्बासी, गरिब किसान, मजदुरलगायत्का नारा उठाएर युद्ध गरेका हौं भन्दै मन्त्रीले थप्नुभयो- हामी अहिले सरकार, सदन र सडकमा छौं । हामी जहाँ गए पनि यही नारा छ । त्यसैले भूमि सुधारका लागि उठाइएको मागमा पूर्ण समर्थन छ । काँधमा काँध मिलाई साथ दिन तयार छौं ।

नेकपा माओवादी पार्टी कार्यालय धर्नामा गएका सहभागी अध्यक्ष प्रचण्डलाई भेट्न नपाएकोमा आक्रोशित थिए । त्यसैले उनीहरु धर्ना सकिएपछि पनि फर्कन आनाकानी गरिरहेका थिए । किनकि भूमिहीनका मुद्दा उठाइरहेको र यिनै मुद्दासमेतका आधारमा संविधानसभामा सबैभन्दा ठूलो दल भएकाले उनीहरुले आफ्ना समस्या समाधानमा माओवादीको मुख्य भूमिका देखेका थिए ।

मञ्चले गरेको आन्दोलनले जनयुद्धको स्मरण गरायो । भूमि सुधारका लागि उठाइएको मागमा पूर्ण समर्थन छ । काँधमा काँध मिलाई साथ दिन तयार छौं ।

*- टोपबहादुर रायमाझी, पोलिटब्युरो सदस्य, एमाओवादी तथा भौतिक योजना तथा निर्माण मन्त्री*



माओवादीले जनयुद्ध थाल्नुअघि संयुक्त जनमोर्चा नेपालको नाममा तत्कालीन प्रधान मन्त्री शेरबहादुर देउवालाई ४० सूत्रीय मागपत्र पेश गरेको थियो । २०५२ माघ २१ गते पेश गरिएका यी माग पूरा नगरे सशस्त्र आन्दोलन गर्ने चेतावनी दिइएको थियो । र माग पूरा नभएकै कारण जनयुद्ध गर्नुपरेको उसले बताउँदै आएको छ । यो मागपत्रको २७ नं. बुँदामा 'जमिन जोत्नेको हुनुपर्छ, सामन्तहरुको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरुलाई वितरण गर्नुपर्छ' भन्ने उल्लेख छ । त्यसैगरी ३१ नं. मा सुकुम्बासीलाई बसोबासको उचित व्यवस्था गरिनुपर्छ भन्दै वैकल्पिक बसोबासको व्यवस्था नगरी उनीहरुलाई उठिबास गर्ने काम तुरुन्त बन्द गर्नुपर्ने पनि उल्लेख छ ।



यही कारण पनि उनीहरु माओवादी अध्यक्षको सहयोग र धारणा थाहा पाउन चाहन्थे । त्यस अवसरबाट वञ्चित हुनुपरेकोमा आक्रोशित हुनु स्वाभाविकै थियो । माओवादी नेताहरुले पछि कुनै समय मिलाएर भेट्ने आश्वासन दिएपछि बल्ल ५ बजे धर्नाकारी फर्केका थिए ।

## हलो पाए प्रधान मन्त्रीले उपहार

कृषि औजार, ब्यानर तथा प्लेकार्ड बोक्ने र सडकका यात्रु तथा छेउछाउका बासिन्दालाई समेत ध्यानाकर्षण गराउँदै पूर्व निधारित स्थानमा जाने क्रम तेस्रो दिन पनि चल्यो । यो दिन नेकपा एमालेको कार्यालयमा धर्ना दिने योजना थियो । त्यही भएर ऱ्याली बल्खु तेर्सिएको थियो । एमालेको स्थायी

समिति बैठक चलिरहेकाले सबै शीर्षस्थ नेता कार्यालयमै रहेछन् । सबैलाई मागबारे सुनाउन पाइने भएकाले सहभागी खुशी देखिए । कार्यालयअगाडि घुँडा धसेर बस्ने र नारा लगाउने प्रक्रिया सुरु भयो । प्रधान मन्त्री झलनाथ खनाल, एमाले उपाध्यक्ष वामदेव गौतम, वरिष्ठ नेता माधवकुमार नेपाल, महासचिव ईश्वर पोखरेललगायत् केन्दीय नेताहरुले माग र पीडा राम्रैसँग नियाले ।



धर्ना कार्यक्रममा आन्दोलनकर्ताका तर्फबाट रसुवाकी पुतली तामाङले भन्नुभयो- हामीसँग दशौं पुस्तादेखि जग्गाको लालपूर्जा छैन । हजुरबुबाले खोरिया फाँडेर खेतियोग्य बनाएको जमिन अहिलेसम्म हाम्रो भएन । रसुवामा विर्ता जग्गाको समस्या छ । त्यसमा हामीले धेरै आन्दोलन गर्दै आएका छौं तर आजसम्म त्यो जग्गा आफ्नो हुन सकेको छैन । त्यसैले जोतभोगका आधारमा धनीपूर्जा दिनुपर्ने हाम्रो माग छ ।

> भूमि अधिकारबाट वञ्चित देशभरका जनताका पक्षमा प्रधान मन्त्री झलनाथ खनालको सरकारले काम गर्ने र भूमिको समस्या समाधान गर्ने विश्वास दिलाउँछु ।
>
> *- वामदेव गौतम, उपाध्यक्ष, नेकपा एमाले*

एमाले नेता वामदेव गौतमले धर्नाकारीलाई आफू पहिलेको सरकारमा पनि गृह मन्त्री भएको र त्यही बेला भूमि अधिकार मञ्चको आन्दोलनलाई कदर



गर्दै उच्चस्तरीय भूमिसुधार आयोग गठन गरेको बताउनुभएको थियो । अहिले पनि हाम्रै पार्टीका अध्यक्ष प्रधान मन्त्री हुनुहुन्छ भन्दै उहाँले भूमि अधिकारबाट वञ्चित जनताको पक्षमा यो सरकारले काम गर्ने विश्वास दिलाउनुभएको थियो । त्यसपछि प्रधान मन्त्री झलनाथ खनालले धर्नाकारीले माग राखेजस्तै संविधान पनि बन्ने र भूमि सुधार पनि हुने आश्वासन दिनुभएको थियो ।

यसै क्रममा नयाँ संविधानमार्फत् भूमिमा महिला अधिकारको सुनिश्चितताको ग्यारेन्टी गर्ने माग राख्दै आन्दोलनरत् भूमिहीन महिलाले प्रधान मन्त्रीलाई हलो उपहार दिएका थिए । जतिबेला सहभागीहरुले वाचा नबिर्सन नेताहरुसमक्ष पटकपटक अनुरोध गरेका थिए ।

> भूमि अधिकारबाट वञ्चितका माग पूरा गर्न सरकार कटिबद्ध छ । संविधान पनि बन्छ । भूमि सुधार पनि हुन्छ ।
>
> *- झलनाथ खनाल, प्रधान मन्त्री*

उक्त दिन संविधानसभाको बैठक बस्ने जानकारी प्राप्त भएपछि सहभागीले संविधानसभा भवनअगाडि धर्ना दिन नछाड्ने बताए । कहिले संविधानसभा भवन, कहिले पेरिसडाँडा गर्दै बल्खुसम्म चर्को घाममा ओहोरदोहोर गरेका उनीहरुले त्यस दिन पनि बल्खुबाट खुल्लामञ्च हिँड्ने तरखर गरे । तर बल्खुमा ऐक्यबद्धता जनाउन गएका केही सभासद र सामाजिक संस्थाका कार्यकर्ताले १० वटा बस व्यवस्था गरिदिएपछि उनीहरु त्यस दिन भने संविधानसभा भवन जान हिँड्नुपरेन ।

नयाँ बानेश्वरस्थित संविधानसभा भवन पश्चिम गेट छेउमा दैनिक ३ बजेदेखि तरकारी बजार राख्न दिने गरिन्छ । त्यो दिन पनि व्यापारीहरु बजार राख्ने तयारी गर्दै थिए । तर धर्नामा अवरोध हुने ठानी केही सहभागीले तरकारीवालासँग के गर्ने होला भनी सल्लाह गरे । बजार राख्न नदिउँ उनीहरुले गरिखाने बाटो रोकिने, दिउँ धर्नामा अवरोध हुने । यो अवस्थाबीच भएको छलफलमा केही समय तरकारी बजार अलिक पर राख्ने र विस्तारै धर्नाकारी संविधानसभा भवनअगाडि बढ्दै जाने र तरकारीवाला पनि आफ्नै साविक ठाउँमा सर्दै जाने सहमति भयो । तरकारीवाला र धर्नाकारी दुवै श्रमजीवी वर्गका भएकाले कुरा मिल्न सकेको थियो । कुनै विवाद भएन ।

नारासहितको निरन्तर धर्नापछि केही महिला सभासद्ले संसदमा कुरा राख्ने खबर आयो । त्यसै क्रममा नेकपा एमालेकी सभासद् तथा प्राकृतिक स्रोत साधन समितिकी सभापति शान्ता चौधरीले भूमिहीनले राखेका मागको सुनुवाई हुनुपर्नेबारे संसदको ध्यानाकर्षण गराउनुभएछ । उहाँले यस आन्दोलनमा आउँदा बर्दियाका सहभागी दुर्घटनामा परी मृत्यु भएको र केही घाइतेसमेत भएकाले उनीहरुलाई राहत र क्षतिपूर्ति दिनुपर्ने विषयमा पनि ६ मिनेट कुरा राख्नुभएछ । शान्ति चमार, राधा ज्ञावाली र केशव मैनालीले पनि यो आन्दोलन र मागको विषयमा कुरा उठाउनुभएछ ।

संविधानसभा भवनको मूल गेटमै धर्नाकारीहरुले नारा लगाइरहेका थिए । 'संविधान किन लेख्दैनौं : जेठ १४ आको देख्दैनौं', 'नयाँ संविधान जारी गर : भूमि सुधार लागू गर' जस्ता मार्मिक नाराका साथ गर्जिरहेका उनीहरुसामु कोही सभासद् देखा परेनन् । उनीहरु त धर्नाकारीसँग सामना गर्नुपर्छ भनेर अर्को गेटबाट बाहिरिएछन् । कोही लुसुलुसु पैदल हिँडेका पनि भेटिए । आफैंलाई मत दिएर पठाएकाहरुसँग भेट गर्न किन डर लाग्छ उनीहरुलाई ? सबैको प्रश्न थियो तर उत्तर दिने भने कोही थिएन ।

## भूमिहीनले सोधे : किन बिर्स्यौं बिपीलाई ?

उही कृषि औजार, उही ब्यानर तथा प्लेकार्ड, अनि उही जोशयुक्त नारा । चौथो दिन आन्दोलनकारी लागे सानेपा । जहाँ मुलुककै दोस्रो ठूलो दल नेपाली कङ्ग्रेस केन्द्रीय कार्यालय छ । उनीहरुले त्यहाँ पनि धर्ना दिए । अनि अन्यत्रझैं पीडा आदान-प्रदान पनि गरे ।





यसरी पीडा बाँड्ने क्रममा बैतडीकी सहभागी लक्ष्मी लोहारले भन्नुभयो कि राजनीतिक दलका नेताहरुले हामीलाई पटकपटक झुक्याए । वचन दिए तर पूरा गरेनन् । त्यसैले आन्दोलनमा फेरि सहभागी हुनुपऱ्यो । हामीलाई अब सहमति चाहिएको छैन, व्यावहारिक कार्यान्वयन चाहिएको छ । विशालपुर गाविसका ३५ घर पानी आउन लाग्यो कि थलो छाडेर सुरक्षित स्थानतिर लाग्नुपर्ने बाध्यता बेहोरिरहेको छ । हामीले यो कुरा बारम्बार सरकारलाई सुनायौ तर सुनुवाइ भएन । अन्तिममा २०६४ सालको पहिरोले ती सबैकै घर पुऱ्यो । हामीले यस्तो पीडा कहिलेसम्म सहनुपर्ने हो ?

मनिकापुर, बाँकेकी तुलसी सुनार भन्दै हुनुहुन्थ्यो- हाम्रा ससुरा २०३४ सालमा पहाडबाट तराई आएर झाडी फाँडेर बसे । तर त्यो कहिल्यै हाम्रो भएन । २०४६ सालमा बहुदल आएपछि गाविसमा चुनाव लड्ने उमेद्वारले मैले जितेपछि त्यो जमिन तिमीहरुकै गराइदिन्छु भनेर भोट लिए । उनले पनि गरिदिएनन् । पछि थाहा यो कि त्यो जग्गा त स्थानीय रानाहरुले आफ्नो नाममा गरिसकेछन् । २०६२/०६३ को जनआन्दोलनपछि त्यो जमिन माग गर्लान् भनेर ती राना परिवारले त्यो जमिन अरुलाई नै ठेक्कापट्टामा दिए । हामी लेखेटियौं । हामीमाथिको यो अन्याय कसले सुनिदिन्छ ?

अनि राष्ट्रिय भूमि अधिकार मञ्च नेपालकी कोषाध्यक्ष सरस्वती सुब्बाले आन्दोलनको औचित्य प्रष्ट्याउनु भयो । कङ्ग्रेस मुख्यालयमा आउनुपर्नाको कारण बताउनुभयो । 'जमिन जसले जोत्छ र घर जसले पोत्छ उसैको' भन्ने बिपीको भनाई कङ्ग्रेसलाई नै सम्झाउनुभयो । अनि बिपीले नै भनेजस्तो 'एउटा मान्छेका लागि दुहुनो गाई, एक हल गोरु र एउटा राम्रो घर' योजना सफल पार्नका लागि कङ्ग्रेस जागरुक हुनुपर्ने सुझाव पनि दिनुभयो ।

धर्नाकारीका पीडा र अनुरोध सुनिसकेपछि कङ्ग्रेस सभापति सुशील कोइरालाले उनै बिपीका कुरा सम्झनुभयो र भन्नुभयो- बिपी भन्नुहुन्थ्यो जबसम्म गाउँको विकास हुँदैन, महिलाको विकास हुँदैन, किसानको विकास हुँदैन र जबसम्म जग्गा जमिन जोत्नेले पाउँदैन, तबसम्म नेपालको विकास हुन सक्दैन । त्यस कारण नेपाली कङ्ग्रेस गाउँमा बिजुली, स्कुल, स्वास्थ्य, सिचाई र किसानलाई सुलभ ऋण बीउ विजन, मलखाद उपलब्ध गराउनका निम्ति सदैव भूमिहीनहरुको सङ्घर्षमा साथमा साथ मिलाई अघि जानेछ ।

नेपाली कङ्ग्रेसले जय नेपाल त्यसै भनेको छैन भन्दै उहाँले थप्नुभयो- जय नेपाल भनेको नेपालको जय होस्, महिलाको जय होस्, किसानको जय होस्, मजदुरको जय होस् भनेको हो । सारा नेपालीको जयका लागि जय नेपाल भनेका हौं । त्यसैले यो नारा सार्थक हुन तपाईंहरुको पनि जय हुनैपर्छ ।

> नेपाली कङ्ग्रेस दलित, भूमिहीन, गरिब र सुकुम्बासीको पक्षमा काम गरिरहेको र भूमिको समस्या समाधान गर्न तत्पर छ । यो मुद्दा बिपी कोइरालाले पनि उठाउँदै आउनुभएको हो ।
>
> *- सुशील कोइराला, सभापति, नेपाली कङ्ग्रेस*

त्यसपछि मञ्चका केन्दीय अध्यक्ष बलदेव रामले सभापतिलाई बिपी कोइरालाको तस्बिर उपहार दिनुभयो । जसको सङ्केत थियो कि भूमिहीन गरिबका समस्या समाधानका लागि बिपीको सोच साकार पार्नु । आन्दोलनमा सहभागी हुन आएकी बुटवलकी ७५ वर्षीय वृद्धा भगवती अर्यालले पनि सभापति कोइरालालाइ कुटो र हलो उपहार दिनुभएको थियो । उनीहरुले कङ्ग्रेसलाई श्रमजीवी किसानलाई नबिर्सिनू भन्ने सन्देशका साथ यी औजार दिएका थिए ।

नेपाली कङ्ग्रेसको २०१५ सालकै चुनावी घोषणापत्रमा बिर्ता उन्मूलन गर्ने उल्लेख थियो । जसअनुसार एक वर्षपछि बिर्ता उन्मूलन ऐन बन्यो र क वर्गको बिर्ता उन्मूलन भएको घोषणासमेत गरियो । यसबिरुद्ध तत्कालीन सामन्तहरुले नेपाल जनहित सङ्घको नाममा यो घोषणा फिर्ता गराउन राजा महेन्द्रसमक्ष बिन्तिपत्र पनि हाले । त्यतिबेला उनीहरुलाई कङ्ग्रेस नेता बिपी कोइरालाले भनेका थिए- हावा, पानी, घाम र भूमि यी चारैमाथि त्यसको अधिकार हुन्छ, जो त्यसको भोगचलन गर्छन् । भूमिमाथि जोत्ने किसानको हक हुनुपर्छ ।

त्यतिबेलै भूमिहीन र जोताहाको पक्षमा यसरी प्रस्तुत भएको र 'जसको जोत, उसको पोत' नारा लगाउँदै आएको कङ्ग्रेसबाट धर्नाकारीले धेरै अपेक्षा गरेका थिए । अनि उनीहरुले यी पुराना कुरा सम्झाउने प्रयास पनि गरेका थिए । भूमि अधिकारको कुरा त्यसमा पनि क्रान्तिकारी तवरले पहिलेदेखि नै उठाउने इतिहास भएको कङ्ग्रेसलाई यसरी झक्झक्याउनु स्वाभाविकै पनि थियो ।



## खाऱ्यो प्रशिक्षणले

चैत ५ गते अर्थात् आन्दोलनको पाँचौं दिन राजधानी रङ्गिएको थियो । कहिल्यै पनि सुख र खुशीको अनुभूति गर्न नपाएका आमा, दिदीबहिनीलाई त्यस दिन आ-आफ्नै समूहमा दु:खसुख भलाकुसारी गर्ने अवसर मिल्यो । फागु पूर्णिमा भएकाले सरकारी अड्डा बिदा थिए । सार्वजनिक यातायात पनि चलेका थिएनन् । त्यसैले बाहिर निस्कने वातावरण थिएन ।

त्यसैले प्रत्येक समूहमा आन्दोलनका अगुवा तथा अभियानकर्मीले आन्तरिक प्रशिक्षणमा साथ दिए । हामी को हौं ? राष्ट्रिय भूमि अधिकार मञ्च के हो ? भूमि अधिकार किन ? भूमि सुधार भनेको के हो ? र, भूमिमा महिला अधिकार किन चाहिन्छ ? भन्ने जस्ता प्रश्नमा केन्द्रित भएर गरिएको समूहगत प्रशिक्षणले सहभागीलाई खार्न निकै मद्दत पुऱ्याएको अनुभव भयो ।

यस दिन बिहान अगुवा टोलीहरुको समीक्षा गरियो र योजना बनाइयो । यसै क्रममा दिउसो १२:३० देखि २:३० सम्म सबै घरमा सहभागीलाई प्रशिक्षण र अभिमुखीकरण कार्यक्रम भयो । जसका लागि सहजकर्ता छनौट गरी जिम्मा लगाइयो । सहजकर्ताले निर्धारित समयमा अभिमुखीकरण सकेर समूहबाट आएका समस्या अगुवाको समीक्षामा पेश गरेका थिए । बाँकी रहेको समय नुवाइधुवाइ र सरसफाइमा पनि लगाए सहभागीले यो दिन ।



## उपाध्यक्षसँगै खान पाउँदाको खुशी

सधैंजसो बिहान आ-आफ्नो समूहमा खाना पकाउने चटारो आन्दोलनको छैटौं दिन पनि थियो । त्यस दिन सिंहदरबारअगाडि धर्ना दिने कार्यक्रम थियो । संविधानसभा उपाध्यक्ष पूर्णाकुमारी सुवेदीले खुलामञ्चमै पुगी आन्दोलनकारीको हौसला बढाइदिनुभएको थियो । सबै घरको अवलोकन गर्दै ग्रामीण महिलाहरुसँग उहाँले गर्नुभएको कुराकानीले सहभागी हर्षित देखिन्थे । अनि सुवेदीले भूमिहीनकै भान्सामा सँगै खानासमेत खाइदिएपछि त्यो दिनको खुलामञ्चको रौनक नै फरक भयो ।



कहिले संविधानसभा भवन, कहिले माओवादी पार्टी कार्यालय, कहिले एमाले पार्टी कार्यालय र कहिले कङ्ग्रेस पार्टी कार्यालयमा धर्ना दिँदै आएका सहभागीका लागि यो दिन अर्को अर्थमा पनि फरक थियो । मुलुककै प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारअगाडि धर्ना दिने कार्यक्रमले उनीहरुमा उत्सुकता पनि थपेको थियो । सधैं आफूहरुले प्रयोग गर्दै आएको हलो, जुवा, कुटो कोदालो, कुचो, हँसिया, खर्पन तयार पारी लामबद्धरुपमा तयार भए ।

आफ्ना मागबारे सबैलाई जानकारी दिनु र त्यो पूरा गराउन दबाब सिर्जना गर्नु पनि आन्दोलनको उद्देश्य थियो । त्यसैले सडक र बस्तीहरुलाई पनि आन्दोलनले आफ्नो मार्ग बनाएको थियो । यही क्रममा खुलामञ्चबाट निस्केको ऱ्याली रत्नपार्क, जमल, घण्टाघर, थापाथली हुँदै सिंहदरबार पुग्यो । अनि सिडियो कार्यालय र अनामनगरको बीच सडकमा बस्यो ऱ्याली ।



कुनै बेला नारा लगाउने र कुनै बेला आफ्ना पीडा राख्ने उनीहरुकै चलनअनुसार सिरहाकी रिक्मा विक बोल्न थाल्नुभयो- सिरहाबाट हामी ५० जना बाढीपीडित, दलित, जनजाति, हलिया, हरुवा-चरुवा, सुकुम्बासी दिदीबहिनी आ-आफ्ना पीडा लिएर यहाँ आएका छौं । हामी रातोदिन जमिनमा काम गर्छौं तर अहिलेसम्म हामीसँग एक टुक्रा जमिन पनि छैन । हामी काठमाडौं हेर्न आएका होइनौं, गाउँगाउँबाट एक एक मुठी चामल र दाल उठाएर अधिकार खोज्न आएका हौं । हामी सधैं जुन जमिनको माटोसँग खेल्छौं, ओल्टाइपल्टाई गर्छौं, त्यही माटोको अधिकार हामीसँग छैन । त्यसैले खेती गर्नेलाई जमिन देउ र न्याय देउ भन्नका लागि हामी आएका हौं ।

सहभागीहरुले विभिन्न नारासहित प्रदर्शन गरे । सबै सहभागीको एकै स्वर थियो- जति सङ्घर्ष र कष्ट गर्नुपरे पनि आफ्नो मागको सुनुवाई नभएसम्म पछि नहट्ने र आन्दोलन गरिरहने ।

## ओलीले जगाइदिए आशा

व्यवस्थित हुँदै गएको आन्दोलनलाई चैत ६ गते बेलुकाको हावाहुरीले छिन्नभिन्न पारिदिएको थियो । तर आन्दोलनमा सहभागी अभियानकर्तालगायत् सबै सहयोगीले सातौं दिनको खाना, बसाइ तथा निर्धारित कार्यक्रममा कुनै कमी आउन दिएनन् । आन्दोलनप्रतिको अपनत्वका कारण भाँडिने र चिन्तित हुने अवस्था कोही कसैमा देखिएन । त्यसैले पुनर्व्यवस्थापनमा केही असहजता भए पनि खासै समस्या भने परेन ।



यो दिन बिहान एमाले नेता केपी ओली भूमिहीनहरु ओत लागेको ठाउँ भृकुटीमण्डपको प्रदर्शनी हलमा आउनुभयो । उहाँले सबैसँग भेटघाट गरी सबैको गुनासो तथा जिज्ञासा सुन्नुभयो र स्वास्थ्यस्थितिबारे पनि जानकारी लिनुभयो ।

उहाँले भूमिहीनसामु भन्नुभयो कि गत वर्ष सिन्धुपाल्चोक जिल्लाका किसानले सदरमुकाम चौतारामा धर्ना दिँदा थाहा पाउनेबित्तिकै राति नै गएँ, राति नै प्रधान मन्त्रीलाई फोन गरें, आफ्नै गाडीमा राखेर त्यहाँको प्रतिनिधिमण्डललाई १२ बजे राति प्रधान मन्त्रीसमक्ष भेट गराएँ । त्यसपछि त्यो विषयमा काम अघि बढाइयो । तपाईंहरुको मागप्रति मेरो समर्थन छ ।

राजनीति चाहिएकै जनताका समस्या हेर्न हो भन्दै उहाँले नेपाली जनता गरिबीबाट मुक्त नभएसम्म देश समृद्ध नहुने बताउनुभयो । अनि भन्नुभयो-सरकारले भूमिहीनका समस्या समाधान गर्नुपर्छ । यसका लागि ठोसखालका कदम चाल्नु जरुरी छ । अलमल्याउनेखालका, विलम्ब गर्नेखालका, वर्षौं लगाउनेखालका भन्दा, प्रभावकारी ढङ्गले ठोस कदम चालेर समस्या समाधान गर्न जरुरी छ भन्दै ओलीले सबैभन्दा पहिले सुरक्षित बास र खानका लागि जमिन चाहियो भन्ने माग जायज भएको बताउनुभयो । एमालेका प्रभावशाली नेताले यसो भनेपछि आन्दोलनकारीहरु निकै आशावादी भएका थिए । अनि उनैले ल्याइदिएको चिउरा खाएर गएरातिदेखिको भोको पेट भरेका थिए ।

यही दिन अर्थात् आन्दोलनको सातौं दिन तराई मधेस लोकतान्त्रिक पार्टी र मधेसी जनअधिकार फोरम नेपालको केन्द्रीय कार्यलयमा धर्ना दिइयो । धेरैजसो भूमिको समस्या तराईका जिल्लामा भएकाले मधेसवादी दलका कार्यालयमा जानु जायज पनि थियो । त्यसैले पूर्व निर्धारित कार्यक्रमअनुसार नै आन्दोलनरत् भूमिहीन महिला यो दिन मधेसी दलका कार्यालयमा धर्ना दिन पुगेका थिए । धर्नामा गएका भूमिहीन महिलाले नारासहित प्रदर्शन गर्दै आफ्ना माग सुनुवाइका लागि ती दलका नेताहरुलाई आग्रह गरे ।

> भूमिहीनको मुद्दा भनेकै तराइको मुद्दा हो । मागहरु जायज छन् । पार्टी सकारात्मक भएर माग सम्बोधन गर्न लाग्नेछ ।
>
> *- राजलाल यादव, सभासद्, मधेसी जनअधिकार फोरम*



मधेसी जनअधिकार फोरमका सभासद् राजलाल यादवले भूमिहीनको मुद्दा भनेकै तराईको मुद्दा हो भन्दै धर्नाकारीले राखेका माग जायज भएको बताउनुभएको थियो । उहाँले पार्टी सकारात्मक भएर माग सम्बोधन गर्न लाग्ने जानकारी पनि धर्नाकारीसमक्ष दिनुभएको थियो ।

त्यसैगरी तमलोपाका सदस्य सचिव जितेन्द्र सिंहले संविधान पनि समयमै बन्नुपर्छ र भूमि सुधार पनि हुनुपर्छ भन्ने मागप्रति समर्थन जनाउनुभयो । यी मागका सम्बन्धमा केन्द्रीय समिति र संसदीय दलको बैठकमा छलफल गराउने जानकारी पनि उहाँले धर्ना तथा कार्यालय घेराउ गर्न गएकालाई दिनुभएको थियो । यी कार्यालयमा आन्दोलनकारीलाई खाजा र पानीको बन्दोबस्तसमेत गरिएको थियो ।

> संविधान पनि समयमै बन्नुपर्छ र भूमि सुधार पनि हुनुपर्छ । यी मागका सम्बन्धमा केन्द्रीय समिति र संसदीय दलको बैठकमा छलफल गर्छु ।
>
> *- जितेन्द्र सिंह, सदस्य सचिव, तमलोपा*

## भयो सहमति

जेठ १४ भित्र संविधान निर्माण गर्न र भूमिमा महिलाको समेत स्वामित्व निश्चित हुनेगरी भूमि सुधार गर्नुपर्ने मागका साथ आन्दोलनरत् मुलुकभरका एक हजार महिलाको जोश घटेको थिएन । आफ्ना माग पूरा गर्नैपर्ने अडानमा एकरत्ति पनि कमी आएको थिएन । निर्माणाधीन संविधानमा भूमि अधिकारबाट वञ्चितका मुद्दा नछुटून् भन्ने खबरदारीलाई मुख्य प्राथमिकतामा राखेका उनीहरु जति दिन कष्ट बेहोर्नुपरे पनि त्यसका लागि तयार थिए ।

यसैबीच चैत ८ गते अर्थात् आन्दोलनको आठौं दिन उपप्रधान तथा भूमि सुधार तथा व्यवस्था मन्त्री कृष्णबहादुर महरा र शिक्षा मन्त्री गङ्गालाल तुलाधर भूमिहीनहरु बसेका स्थान भृकुटीमण्डपमा आएर सम्बोधन गर्नुभयो । अघिल्लै दिनदेखि भूमिहीनले राखेका मागबारे सरकारी पक्षबाट सकारात्मक रुचि देखाइएको थियो । र, यस क्रममा अगुवाहरुसँग केही चरणमा कुराकानी पनि भएको थियो । मन्त्रीहरुको सम्बोधन त्यसैमा आधारित थियो ।



सम्बोधन गर्दै शिक्षा मन्त्री गङ्गालाल तुलाधरले आन्दोलनका क्रममा सहभागीले भोग्नुपरेका दुःख र कष्टप्रति नेपाल सरकारका तर्फबाट सहानुभूति प्रकट गर्नुभयो । भूमिहीनहरु योखालको सङ्गठित ढङ्गले नआएको भए पनि जनउत्तरदायी सरकारले त्यो दायित्वबाट बाहिर बस्न सक्दैनथ्यो भन्दै उहाँले तैपनि यहाँ आएर सरकारको ध्यानाकर्षण गराउनुले सरकारलाई मद्दत पुगेको बताउनुभएको थियो ।

सरकारका प्रवक्ताका हिसावले आफैं सामेल हुँदै भूमि अधिकारबाट वञ्चितहरुले राखेका माग सरकारका तर्फबाट सम्बोधन गर्नुपर्दछ भन्ने निष्कर्षमा आफूहरु पुगेको बताउँदै उहाँले भूमिहीनका माग क्रमशः सम्बोधन गर्दै जाने आश्वासन पनि दिनुभएको थियो । उहाँले यसमा सरकारका केही बाध्यता र अप्ठ्यारा पनि छन् भन्दै हामी सामाजिक आर्थिक रुपान्तरणको अग्रगामी पथमा हिँड्न चाहन्छौं तर त्यसका निम्ति मुलुकमा शान्ति र सुव्यवस्था चाहिन्छ भन्नुभएको थियो । त्यसका लागि नयाँ संविधान नेपाली जनतासमक्ष चाँडोभन्दा चाँडो पुऱ्याउने कुरा प्रमुख भएको बताउँदै उहाँले आन्दोलनमा आएकालाई रित्तो हात फर्काउन हुन्न भन्ने मान्यताका साथ एउटा निष्कर्षमा पुगेको बताउनुभएको थियो ।

उपप्रधान मन्त्री कृष्णबहादुर महराले २०६५ सालमा भूमिहीनहरुको खुला मञ्चको आन्दोलनमा ४ बुँदे सहमति नेपाल सरकारको तर्फबाट मैले नै गरेको थिएँ भन्दै आज पनि आफैं सम्झौताका लागि उपस्थित भएको



जानकारी दिनुभएको थियो । उहाँले म तपाईंहरुसँग हिजो पनि सँगै थिएँ, आज पनि सँगै छु भन्दै मागप्रति आफू र सरकार अत्यन्तै सकारात्मक रहेको जानकारी दिनुभयो ।

समग्र भूमि सुधारमा एउटा क्रान्ति नभइकन भूमिहीन गरिब किसानको हकहित सुनिश्चित हुनेवाला छैन भन्दै उहाँले भूमिमा सामान्य सुधारले मात्र नहुने धारणा पनि राख्नुभयो । आफूहरुले जोत्नेको अधिकार सुनिश्चित हुनुपर्ने कुरा उठाइरहेको दोहोऱ्याउँदै उहाँले भूमिमा रहेको अधिकारलाई ठीक ढङ्गले सम्बोधन नगर्दा २०२१ सालदेखि उठेको भूमिको समस्या हल गर्न नसकिएको पनि बताउनुभयो ।

आन्दोलनको मागअनुसार वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोग बन्यो भन्दै उहाँले त्यसले तयार पारेको प्रतिवेदन सार्वजनिक गर्न तयार रहेको बताउनुभयो । साथै आयोगको प्रतिवेदन अध्ययन गरी नकारात्मक/सकारात्मक पक्ष केलाउने र त्यसैका आधारमा भूमि अधिकार मञ्च र सरकारको समेत सहभागितामा गर्न सकिने कामका लागि तत्काल कार्यदल बनाउने जानकारी उहाँले दिनुभयो । त्यो कार्यदलले कार्यान्वयन गर्न योजना बनाउने र कार्यान्वयन पनि गर्दै जाने आश्वासन पनि उपप्रधान मन्त्रीले दिनुभयो ।

लालपूर्जा वितरण गर्दा अहिलेसम्म पतिको मात्र नाममा दिने व्यवस्था छ, जसले गर्दा आफ्नै पत्नीमा पनि अविश्वास देखिएको र महिलाको जमिनमाथिको स्वामित्व नै नदेखिएको अवस्था छ भन्दै उहाँले थप्नुभएको थियो- त्यसैले सरकारले अब पति र पत्नी दुवैको हुने गरी लालपूर्जा दिने सोच बनाएको छ र यसको सुरुवात् पनि भएको छ ।

ठाउँठाउँमा मोही बेदखली रोकिएको छैन, बसिरहेकालाई उठिबास गराउने काम भइरहेको छ भन्दै मन्त्री महराले यसो गर्न सरकारले कतै पनि निर्देशन नदिएको जानकारी गराउनुभयो । यस्तो काम रोक्न तत्काल सम्बन्धित निकायलाई निर्देशन दिने भनाइ पनि उहाँको थियो । स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालयअन्तर्गत जिल्ला प्रशासन र वन मन्त्रालयलाई भूमिहीनहरु बसिरहेको ठाउँबाट उठिबास गराउने कार्य रोक्न सरकारले तत्काल निर्देशन दिने बताउनुभएको थियो ।

यी काम गर्न गठन हुने कार्यदलमा मन्त्री संयोजक रहने र भूमिहीनहरुको सङ्गठन राष्ट्रिय भूमि अधिकार मञ्चका तर्फबाट तीन जना (ल्यामबहादुर दर्जी, सरस्वती सुब्बा र जगत देउजा), माओवादीका तर्फबाट हरिबोल गजुरेल र एमालेबाट हरि पराजुली रहने जानकारी पनि दिइयो । साथै सदस्य सचिवमा भूमि सुधार मन्त्रालयका सचिव केशव भट्टराई रहने व्यवस्था पनि गरियो । यो कार्यदलले तत्कालै बैठक बसेर काम थाल्ने जानकारी पनि उपप्रधान मन्त्रीले दिनुभएको थियो ।

आन्दोलनमा सहभागी हुन आउँदा बाटोमा भएको दुर्घटनामा मृत्यु भएका दुई जनाका आफन्तलाई सहयोग गर्न र घाइतेहरुको उपचारमा सहयोग पुर्‍याउन पनि सरकार सकारात्मक भएको भनाइ महराले राख्नुभयो ।

त्यसपछि राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष बलदेव रामले यो आन्दोलन व्यक्तिगत नभई राष्ट्रियताका लागि हो भन्नुभयो । यो राष्ट्रिय सवाल हो भन्दै उहाँले यसमा सबैले चिन्तनमनन् गरेर समाधानतिर लागौं भन्नुभयो । आफूहरुले राखेका माग पूरा गर्ने प्रतिबद्धता सरकारले व्यक्त गरेकाले अहिलेको आन्दोलन स्थगित गरेको घोषणा पनि उहाँले गर्नुभयो । अनि भन्नुभयो- तर जबसम्म भूमि सुधार भई जोताहा किसानले जग्गा पाउँदैनन्, तबसम्म आन्दोलन भने जारी रहनेछ ।

उपप्रधान मन्त्रीको यो आश्वासनपछि १५ दिनसम्म धर्ना दिन आएका भूमिहीन महिला कार्यक्रम स्थगन गर्न सहमत भएका थिए । उनीहरुले मन्त्री महरा र तुलाधरसँग अघिअघिका सम्झौता जस्तै यो पटक पनि कार्यान्वयनमा धोका भयो भने ठूलै आन्दोलन चर्काउन बाध्य हुने चेतावनी दिएका थिए । यी भनाइ कार्यान्वयन हुनेमा मन्त्रीहरुले शङ्का नगर्न पटकपटक आग्रह गरेका थिए ।

भूमि अधिकारको आन्दोलन अरु आन्दोलन जस्तो सहज र विना जोखिमको आन्दोलन होइन भन्ने आन्दोलनकारीले बुझेका छन् । यो आन्दोलनबाट प्राप्त उपलब्धि कार्यान्वयन हुने अवस्थामा पुर्‍याउँदै भूमि र किसान अधिकारको एकमात्र विकल्प सङ्घर्ष मात्रै हो भन्ने कुरालाई आत्मसात गर्नु पनि उत्तिकै जरुरी छ । यसका लागि अर्को ठूलो आन्दोलनको तयारी पनि सँगसँगै जारी राख्नुपर्ने देखिन्छ । तर यस्तो आन्दोलनको तयारी गर्नुपर्ने वा नपर्ने भन्नेचाहिँ सरकारले दिएको वचन पूरा हुने वा नहुनेमै निर्भर छ ।



## उमेर, भूगोल, भाषा र जातजातिको सङ्गम

सामाजिक र राजनीतिक आन्दोलनले महिला र पुरुषको सामाजिकीकरणको प्रक्रियालाई परिवर्तन गरिरहेको छ । यसले महिलाहरु व्यक्तिगत र पारिवारिक तहमा मात्र रहनुपर्छ भन्ने परम्परागत मान्यता कम गर्दै लगेको छ । यो आन्दोलनमा पनि गरिब वर्गका सबै जाति र क्षेत्रको उल्लेख्य सहभागिता थियो । ५० जिल्लाबाट राजधानी केन्द्रित आन्दोलन गर्न आएकाहरुले आफूसँगै जातीय र सांस्कृतिक महत्व ल्याएका थिए । धर्म, वर्ण, लिङ्ग, जातजाति र क्षेत्रबीच भेदभावविहीन वातावरणले खासगरी यिनै नाममा हेपिएकाहरुलाई सान्त्वना प्रदान गरेको थियो ।

जातजातिका हिसाबले मधेसी, दलित, जनजाति, आदिबासी, पिछडिएका क्षेत्रका महिला समुदायको संलग्नता थियो । जसमध्ये पनि मधेसी समुदायको सङ्ख्या उल्लेख्य थियो । त्यस्तै क्षेत्रगत हिसाबले हेर्दा मध्यमाञ्चल विकास क्षेत्रका सिरहा, सप्तरी र पूर्वाञ्चलको सुनसरीबाट बढी महिलाको सहभागिता थियो । जसमा अधिकांश दलित समेटिएका थिए । हजार जनामा ३ सय जना दलित महिला थिए । एकातर्फ यसले दलित महिला भूमि अधिकारबाट बढी नै वञ्चित रहेका देखाउँछ भने अर्कोतिर दलित महिला अधिकारको खोजीमा सक्रिय हुँदैछन् भन्ने सन्देश पनि दिन सकेको छ ।

रुपन्देहीकी ७५ वर्षीय भगवती अर्यालको सहभागिताले महिलाको भूमि अधिकार आन्दोलनप्रतिको माया प्रष्टिन्छ । उनीभन्दा एकाध वर्ष कमका आधा दर्जन महिलाको सहभागिताले अन्य सहभागीबीच ऊर्जा प्रदान गरेको थियो । यद्यपि किशोरी र युवतीको सङ्ख्या पनि उल्लेख्य थियो । बढीचाहिँ अधबैंसे महिलाको सहभागिता थियो ।

दूरीको हिसाबले मध्य र सुदूर पश्चिमाञ्चल क्षेत्र बैतडी, डडेल्धुरा र डोटीबाट सहभागीको सङ्ख्या कम थियो । निकै टाढा, लामो दिनको आन्दोलन र आर्थिक अभावका कारण पनि यसो भएको हुन सक्छ । मध्यमाञ्चल विकास क्षेत्रबाट बढी महिला सहभागी थिए भने त्यसपछि पश्चिमाञ्चल र पूर्वाञ्चलबाट थिए ।

धार्मिक एकता पनि भूमिहीनबीच देखियो । हिन्दू, बौद्ध र केही क्रिश्चियन अनि मुस्लिमसमेत थिए त्यहाँ । तर न धर्मका कुरा भए, न कुरै भएका

बेला पनि एकले अर्का धर्मीलाई होच्याए । उनीहरुबीच धार्मिक सहिष्णुता थियो । त्यसैले भूमि अधिकार आन्दोलनमा धर्म कहीँ पनि तगारो भएन ।

तामाङ तथा राना थारु समुदायको गहनासहितको पहिरनले अन्य सहभागीलाई पनि ध्यानाकर्षण गरायो । साथै सुदूरपश्चिमको देउडा र तामाङ समुदायको संस्कृति झल्कने नाचगान कार्यक्रमले आान्दोलनमा थप ऊर्जा प्रदान गर्‍यो । गीत, कविता, मुक्तक, देउडा आदिले एकातर्फ फुर्सदको समय मनोरञ्जन दिलायो भने अर्कोतर्फ आफ्नो सांस्कृतिक महत्व पनि उजागर गर्न सक्यो ।

सबै जना भूमि अधिकारका लागि आए पनि समस्या सबैको एकै किसिमको थिएन । समस्याको मात्रा, प्रकार र तह फरक थियो । सबैले आफ्ना पीडा राख्ने अवसर मिलाइएकाले यसबारे जान्ने अवसर सबैलाई मिल्यो । खासगरी हलिया र दलितका समस्या अझ जटिलखालका पाइए । यस्तो अवस्थाले उनीहरुप्रति अरु पीडितले पनि सहानुभूति राखे । पीडितभित्र पनि अति पीडित पत्ता लगाउने यो उपाय राम्रो थियो ।

परिच्छेद - तीन

# व्यवस्थित र अनुशासित आन्दोलन

## व्यवस्थापनको पाटो

हुने खाने वर्गको आन्दोलन र हुँदा खाने वर्गको आन्दोलन फरक हुन्छ । यी दुवैप्रतिको बुझाइ एउटै भयो भने त्यो बुझाईले काम गर्दैन । राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका सदस्य सुकुम्बासी, भूमिहीन, मोही, हरुवा-चरुवा, गाउँब्लकपीडित, गुठीपीडित, उखडापीडित, कमलरी, मुक्त कमैया, कृषि श्रमिक, अति गरिब, बास, गास र कपासबाट वञ्चित समुदायका छन् । त्यसैले आफ्नो दैनिक गुजारा चलाउनै समस्या परिरहेको यो वर्ग स्थानीय हुँदै राष्ट्रिय आन्दोलनसमेतमा सहभागी हुनु चानचुने कुरा होइन । अर्थात् यो ठूलो साहसिक काम पनि हो ।

त्यसैले साह्रै अभावग्रस्त जिन्दगी व्यतीत गरिरहेकाहरुलाई आन्दोलनका लागि राजधानीसम्म ल्याउने काम मञ्चका लागि निकै चुनौतीपूर्ण हुनु स्वाभाविकै हो । तर पनि यस्तो आन्दोलन उनीहरुकै हितका लागि अत्यावश्यक थियो । गाउँ, जिल्ला र क्षेत्रीयस्तरका कार्यक्रमहरुले दबाब नपुगेको महसुस भएकाले राष्ट्रिय आन्दोलन निश्चित गरिएको थियो । जुन एकदमै महत्वाकांक्षीसमेत थियो मञ्चका लागि । त्यसैका लागि एक वर्षदेखि यो आन्दोलनका लागि तयारी सुरु भएको थियो ।

अघिल्लो वर्ष फागुन र चैतमा मुलुकका तीन ठाउँबाट भूमिमा महिला अधिकारका लागि पदयात्रा कार्यक्रम आयोजना गरिएको थियो । त्यही कार्यक्रमले चैत १ देखि सुरु भएको यो आन्दोलनको कार्यक्रम घोषणा गरेको थियो । त्यतिबेलैदेखि मञ्चका पदाधिकारी यो कार्यक्रमको तयारीमा जुटेका थिए । प्रचारप्रसार, तालिम, भेला, प्रशिक्षण, सहभागी छनौट आदि कार्यक्रममार्फत् तयारी चरणबद्धरुपमा बढिरहेको थियो ।

पुस र माघ महिनामा जिल्ला तहमा गरिएका तालिम, भेला, गोष्ठी, शिविर, अन्तर्क्रियामा राष्ट्रिय आन्दोलनको उद्देश्य, महत्वबारे सङ्गठन, समुदाय र अगुवालाई प्रशिक्षण दिइएको थियो । फागुनको पहिलो हप्ता भित्तेलेखन र

आन्दोलनबारे प्रचारप्रसार गरियो । ८ फागुनदेखि २३ फागुनसम्म आन्दोलन कोष सङ्कलन, सहभागीलाई प्रशिक्षण, सहभागीको सरसल्लाहको काम भयो । फागुन २४ गतेबाट राष्ट्रिय आन्दोलन व्यवस्थापनका लागि काठमाडौंमा २० जना खटिए । प्लेकार्ड/ब्यानर/ब्याच आदि तयार पार्ने, पत्रकार सम्मेलन गर्ने, महिला सभासद्संग अन्तर्क्रिया गर्ने, आर्थिक सहयोग जुटाउने, प्रधान मन्त्री र दलहरुलाई जानकारीपत्र बुझाउने, खुल्लामञ्चको बसोबास मिलाउने, सुरक्षा निकायसँग समन्वयन गर्ने, सभासदहरुलाई पत्र लेख्ने, सञ्चारमाध्यमलाई सूचना उपलब्ध गराउने जस्ता विभिन्न पक्षमा काम सम्पन्न गर्नेगरी जिम्मेवारी तोकियो ।

राजधानीमा पानीसमेत किनेर पिउनुपर्दछ, दिसा र पिशाव गरेवापतसमेत पैसा तिर्नुपर्दछ । कसैबाट केही सहयोग पाइँदैन । स्वार्थी भावनाले शहर ग्रस्त छ । यस्तो अवस्थामा टन्न खानसमेत चाडपर्व वा अरुको निगाह कुर्नुपर्ने बाध्यताका भूमिहीनले राजधानी आएर आन्दोलन गर्नु सगरमाथा आरोहणभन्दा कम्ता महत्वपूर्ण विषय पक्कै थिएन । अझै गाउँमै जन्मे-हुर्केर त्यहीँ जीवनका धेरै समय बिताएकाहरु खुलामञ्चको घेरामा टिक्नु असम्भवप्रायः थियो । तर यति हुँदाहुँदै पनि आन्दोलनका लागि उनीहरु तयार थिए । किनकि बाध्यताका अगाडि सम्झौता गर्न नसकिने कुनै विषय हुँदोरहेनछ ।



खुलामञ्चको बसाई अलि सहज बनाउन चाहिने आधारभूत सामग्री पाल, बाँस, बेल्चा, खन्ती, हसियाँ सबै किन्नुपर्‍यो । जबकि गाउँमा यी सबै सामान सहयोग मागे पाइन्छ । गाउँमा दाउरा उठाउन सकिन्छ । भाँडा



समूहबाट उपलब्ध गर्न सकिन्छ । सुकामोहर उठाएर भाडा तिरिवरी आएका भूमिहीनले बचाएका पैसाले यी सामग्री किन्नुपर्दा सित्तैंमा पैसा खेर गएजस्तो महसुस हुन पुग्यो ।

पालका १२ वटा घर बनाइएका थिए । जसमा विभिन्न जिल्लाका सहभागीलाई मिलाएर राख्नुपर्ने बाध्यता थियो । भूगोल नमिल्ने, भाषा नमिल्ने, लवाइखुवाइ नमिल्ने, उमेर नमिल्ने व्यक्तिहरुलाई एउटै घरमा मिलाएर राख्नु कम्ता चुनौतीको विषय थिएन । तर अरु कुरा नमिले पनि भूमिहीनता उनीहरुबीच समान समस्या थियो । यही समस्याले उनीहरुलाई एकजुट भएर मिलेर बस्ने आधार दिएको थियो । यही कारणले गर्दा असमान परिस्थितिका सहभागीलाई पनि मिलेर बस्ने उत्प्रेरणा प्राप्त भएको थियो ।

घरपिच्छेका चुह्ला, २४ वटा अस्थायी चर्पी, पिउने पानीको व्यवस्था गरिएको थियो । आ-आफ्नो रासनको आफैं जिम्मेवार हुनुपर्ने व्यवस्था मिलाइएको थियो । त्यसैगरी कृषि औजारको सुरक्षा पनि आफैं गर्नुपर्थ्यो । सुरक्षा अर्को महत्वपूर्ण चुनौती थियो । भर्खरका किशोरीदेखि युवती हुँदै अधवैसे उमेरका समेत महिला थिए त्यहाँ । मादक पदार्थ सेवन गरेका तथा खराब नियतका मानिसको छिटपुट आगमनबाट सुरक्षा प्रदान गर्नु आयोजकको दायित्व हुन्थ्यो तर यो सहज भने थिएन । किनकि व्यवस्थापनको अर्थ कुनै पनि पद्धतिको सही कार्यान्वयन पनि हो । कार्यान्वयनमा देखिएका समस्या समाधान गर्नु निकै चुनौतीको विषय थियो ।

यसका लागि सुरक्षा टिम परिचालन गरिएको थियो । जिल्ला जिल्ला विभाजन, आ-आफ्नो घरमा समीक्षा, कार्यक्रमबारे जानकारी, वक्ता छनौट, बाटो तय, लाइन व्यवस्थित गर्ने, नारा लगाउने, सबै कामलाई आलोपालो मिलाएर बाँडफाँट गरिएको थियो । बिहान १० बजेभित्र र बेलुका ८ बजेभित्र सहभागीले खान खाई आ-आफ्नो घरमा बसिसक्नुपर्थ्यो । खाना बनाउने जिल्ला जिल्लाको पालो तोकिएको थियो । आफ्नो पालाको भाँडा सरसफाई सोही जिल्लाका सहभागीले नै गर्नुपर्थ्यो ।

सुरक्षा समिति, भान्सा समिति, स्वास्थ्य समिति, प्रशिक्षण समिति, अभिलेखन समिति, अनुगमन समिति जस्ता विभिन्न समितिले खुलामञ्चको बसाइदेखि धर्ना दिन जाने कार्यालय र बाटोको हिँडाइसमेत व्यवस्थित बनाए । पानी पर्दा घर वरिपरि कुलेसो बनाउनेदेखि हावाहुरी आउँदा

पालका खम्बा समाएर बस्नेसमेतका काममा उनीहरु दत्तचित्त भएर लागिपरे । यी सबैको उचित र सतर्कपूर्वक व्यवस्थापनकै कारण कुनै अप्रिय घटना हुन पाएन । सुरक्षा निकायको पनि यी सबै कार्यमा राम्रै भूमिका रहन सक्यो ।



तल्लोस्तरको सङ्गठनबाटै राष्ट्रिय आन्दोलनमा सहभागी छनौट गरिने प्रक्रियाले सहभागी पनि बुझेकै व्यक्ति हुने गर्थ्यो । त्यही भएर बाहिरी र नबुझेको मानिस त्यहाँ प्रवेश सम्भव थिएन । प्रत्येक व्यक्ति बराबर १० किलोग्राम चामल सङ्गठनले सङ्कलन गर्नुपर्थ्यो । जिल्लामा सहयोग रसिद छपाई, आर्थिक सहयोगपत्र सङ्घ संस्थालाई बुझाउने, सङ्गठनको आन्दोलन कोष सङ्गठनकै निर्णयअनुसार खर्च गर्ने आदि काम पनि भयो । जिल्ला मञ्चका सदस्य, अगुवा, अभियानकर्ता, आर्थिक समिति, प्रचार प्रसार समिति, आन्दोलन संयोजन समिति, जिन्सी समिति सबै जिल्लास्तरमा समेत निर्माण गरिएको थियो यही आन्दोलनका लागि ।

गरिबहरुको यस्तो महत्वपूर्ण आन्दोलनलाई सरकारी तथा गैरसरकारी निकायबाट आर्थिक सहयोग प्राप्त भएन । एकदम थोरैले मात्र सहयोग गरे तर त्यो गणना हुने स्तरमा थिएन । यसैगरी समुदाय/सङ्गठनमा जिन्सी उठाउन सजिलो भए पनि पैसा उठाउन गाह्रो हुँदोरहेछ । आम्दानीको स्रोत



नै नभएकासँग पैसा माग्दा दिउन् पनि कसरी ? धन्न यस्तो अवस्थामा एक हजार जनाका लागि जाने/आउने भाडा, अनि आन्दोलनका लागि आइपर्ने अन्य व्यवस्थापनका लागि आर्थिक जोहो मिलाइयो । जुन साह्रै अप्ठ्यारो थियो । कुनै समस्या वा कुरोको टुङ्गो लगाउने काम हो व्यवस्थापन । यस अर्थमा आयोजना गरिसकिएको आन्दोलनबाट पछि हट्न मिल्दैनथ्यो भने त्यसलाई टुङ्गो लगाउन हरसम्भव उपाय अपनाउनु पनि जरुरी थियो । त्यसैले यसका लागि सबै सम्भावना प्रयोग गरियो ।

अर्कोतर्फ भूमिहीन किसानको आन्दोलनलाई राजनीतिक दलको आन्दोलन हो भनी बुझ्ने, व्याख्या गर्नेहरुले अप्ठ्यारोमा पारे । २० जना बराबर १ जना अगुवा पद्धति निर्माण गरिएको थियो । पानी/ग्यास, खाजालाई लिएर सहभागीमा बेलाबेला केही खटपट देखिए पनि कुशल व्यवस्थापनका कारण यस्ता समस्या हल गर्न सकिएको थियो ।

## आइलागेको हावाहुरी

चैत हावाहुरी चल्ने महिना नै हो । यही कुरा थाहा हुँदाहुँदै पनि अधिकार खोज्न आएका थिए भूमिहीन । अभाव र विपत्ति तथा दुःखसँग जुध्ने बानी परिसकेका विपन्नहरुको समूहले यसको कुनै पर्वाह गरेनन् र गर्ने कुरा पनि थिएन । चैत ६ गते अर्थात् आन्दोलनको छैटौं दिन आन्दोलनकारी यही प्राकृतिक विपत्तिमा परे । चट्याङ, हावाहुरी र पानीले उनीहरुलाई निकै तर्सायो । प्रत्येक वर्ष घरभित्रै आङ भिजाएर बस्नुपर्ने बाध्यताबाट मुक्तिका लागि आइपुगेका उनीहरु खुलामञ्चमा पनि यही नियति भोग्न बाध्य भए । ‘बर्मा गए पनि कर्म सँगै’- भन्ने उखानटुक्का उनीहरुका लागि यहाँ पनि सार्थक भयो ।

त्यस दिन साँझदेखि पाल बाँधिएको डोरी र खम्बा समाएर बस्नुपर्ने अवस्था आइलाग्यो । हुन त दुई दिनअघिदेखि नै मौसमले उनीहरुलाई जिस्क्याइरहेको थियो । तर पनि परिहाल्ने र लखेटिहाल्ने आँट पनि गरिहालेको थिएन । तर यो दिन आकाशमा बिहानैदेखि मडारिएको बादलले उनीहरुलाई केही त्रसित भने बनाएकै थियो । जति पछि भयो उति छोप्दै गयो आकाश बादलले । साँझपख त झमक्कै भयो ।

खाना पकाउने क्रम सुरु भइसकेको थियो । कुनै घरमा पाक्ने बेला भएको थियो, कुनैमा आधा पाक्न बाँकी त कुनैमा बसाल्ने सुरसार । सहभागीहरु दिनभरको भोक र प्यासका कारण आफूले ल्याएको सातु, चिउरा र मकै चपाउन थालेका थिए । कोही भने भोक र थकाई भुलाउन वेदनाका गीत गाउन थाले पहिलेजस्तै । कोही पत्रकारसँग आ-आफ्ना दुःख सुनाउन थाले । कोही आगन्तुकसँग भेटघाट गर्ने र आन्दोलनको विषयमा बताउन थालेका थिए । सबै आ-आफ्नो जिम्मेवारीअनुसार काममा खटिएका थिए ।

साँझको ६ मात्र के बजेको थियो । चारैतिरबाट मडारिँदै र आकाश छोप्दै आएको मेघ गर्जन थाल्यो । एक्कासि हावाहुरी चल्न थाल्यो । साथै पानी पनि । यो दिनको हावाहुरी र पानी अनि हुण्डरी अघिल्ला दिनहरु जस्तो थिएन । झन् पछि झन् डरलाग्दो भएर आयो । आगन्तुक कक्षमा बसेका एमाले स्थायी कमिटी सदस्य केशव बडाल र चुरे भावरका सभासद् केशव मैनाली पनि आत्तिन थाल्नुभयो । उहाँहरु एकातर्फ आफैं अब कसरी बाहिरिने हो भनेर अत्तालिन थाल्नुभयो भने अर्कोतिर विचल्लीमा परेका आन्दोलनकारीको व्यवस्था कसरी मिलाउने भन्ने पीरले पनि सतायो ।

हावाहुरीले पाल उडाउनै लागिसकेको थियो । सबैको चित्कार थियो- अब के गर्ने ? १ जना २ जना हैन, १ सय २ सय पनि हैन । हजार जना, त्यसमा पनि प्रायः सबै महिला । यति धेरैलाई रातको समयमा खानपिन र बसोबासको व्यवस्था सहज थिएन । हावा पानीले गर्दा खानामा पनि सबै बालुवा भरिएको छ । सबै उठेर पालको खम्बा समाएर बसेका छन् । सबै त्रासमा छन् ।

केशव बडाल, प्रकाश ज्वाला, शान्ता चौधरी, समाज कल्याण परिषद्का उपाध्यक्ष दाताराम खनाल, प्रदर्शनी हलका कर्मचारीलगायत्को प्रयासमा बल्लबल्ल भृकुटीमण्डपको प्रदर्शनी हालमा बस्न पाइयो । ठूलो सङ्ख्या, आँधीबेहरी आइसकेको अवस्था र सबैभन्दा नजिकको हिसावले यो नै आन्दोलनकारीका लागि सबैभन्दा उपयुक्त ठाउँ हुन सक्थ्यो । त्यसैले धेरै ठाउँमा गरिएको अनुनय विनयपछि यो खाली ठाउँ उपलब्ध भयो । रातको समय, नौला मानिस भएकाले पटकपटक लैजाँदा खुलामञ्चबाट सबैलाई भृकुटीमण्डप पुर्‍याउनै करिब ३-४ घन्टा लाग्यो । केही वृद्ध महिला पछिसम्म पनि फेला नपरेर चारैतिर खोजबिन गर्नुपरेको थियो । आफन्तहरु नआइपुगेका कारण धेरैमा रुवाबासी पनि भयो ।



मानिसमात्र नभएर चामल, तरकारीलगायत्का बन्दोबस्तीका सामान प्रशस्तै थिए । पानी परिरहेका बेला रातको समयमा यी कुम्लो कुटुरो बोकेर बसाइ सर्नु सजिलो थिएन । धेरै सहभागी यहाँबाट कतै नजाने, जस्तोसुकै विपत्ति पनि सहने अडानमा थिए । तर गरिब भूमिहीनलाई भूमि दिलाइछाड्ने मुख्य काम बाँकी नै रहेको र त्यसका लागि पनि सबैभन्दा पहिले बाँच्नु जरुरी रहेको भन्दै सम्झाइबुझाइ गरेपछि बल्ल उनीहरु खुलामञ्च छाड्न तयार भएका थिए ।

यसरी निथुक्क भिजेका शरीर खुलामञ्चबाट भृकुटीमण्डपसम्म पुग्ने क्रम रातको १२ बजेसम्म नै जारी रह्यो । सम्पर्कमा नआएका र बाटो बिराएका केही मानिसका कारण निकै तनाव खेप्नुपर्‍यो मञ्चका पदाधिकारीले । केही सहभागी आक्रोशित पनि देखिए । हजारभन्दा बढीको जमघटमा यस्तो देखिनु स्वाभाविक पनि थियो । आफन्त हराएका र आफूहरुलाई बेलैमा के गर्ने भन्नेबारे खबर नदिइएको गुनासो उनीहरुको थियो । जे होस्, कुशल व्यवस्थापनकै कारण ठूलै र हानिकारक आँधीहुरीले पनि विनाश गर्न भने पाएन ।

नेपालीको औसत परिवार सङ्ख्या ५ जनाको हुने गरेको छ । त्यही ५ जनाको समूहमा समेत एकापसमा कुरा नमिलेर छुट्टाछुट्टै बस्ने स्थिति हाम्रो समाजमा पहिलेदेखि चलिआएको छ । उनीहरुलाई आफ्नो नियन्त्रणमा राख्न नसकेर घरमूलीले भिन्दै राखिदिने चलन पनि व्याप्त छ । यस्तो परिवेशको नेपाली समाजमा हजारभन्दा बढीलाई खुला ओतमुनि राख्नु, खाना खुवाउनु, चर्पी व्यवस्था गर्नु, सडकबाट अनुशासिततवरले हिँडाएर दलका मुख्यालयसम्म पुर्‍याउनु, अनि सकुशल ल्याएर फेरि खुलामञ्चमै बसोबास गराउनु र त्यहाँको बसाइलाई समेत तनावयुक्त र सकेसम्म सहज बनाउन सक्नु कुशल व्यवस्थापनको नमुना नै हो ।

परिच्छेद - चार

# भोग्नेहरूको अनुभवमा आन्दोलन

## अनुभूति

### दैनिकी

फागुन २९ गते राति अबेरसम्म राष्ट्रिय आन्दोलन तयारीको समीक्षा भएको थियो । छलफलबाट केही नयाँ जुक्ति फिरे । त्यसमध्ये एउटा थियो- दलका नेतालाई कृषि औजार उपहार दिने । यसमा कृष्ण पाठक सरले सटिक विचार ल्याउनुभएको थियो । जसले विचारका हिसावले बेलाबेलामा आन्दोलनलाई निकै सहयोग पुऱ्याउँदै आउनुभएको छ । दिनभर सञ्चारकर्मीहरुसँग भेटघाट गरिएको थियो । विभिन्न उपसमितिहरुको काम अझै राम्ररी किटान भइसकेको थिएन । यस्ता समिति कम्तिमा एक महिनाअघि बनेर अभिमुखीकरण हुन आवश्यक थियो भन्ने महसुस भए पनि त्यसो गर्न सकिएको थिएन ।

विभिन्न जिल्लाबाट सहभागी हिँडेका खबर आइरहेका थिए । धेरै सहभागी एउटै गाडीमा हुँदा हुने स्वाभाविक हल्ला पनि फोनमै स्पष्ट सुन्न सकिन्थ्यो । सुत्दा ३० गते लागिसकेको थियो । करिब ३ बजेतिर मोबाइल फोनको घन्टी बज्यो । बर्दियाकी हिमा सुनारको स्वर सुनियो । बर्दियाको टोली कति चाँडै आयो, कहाँ लगेर राख्ने होला भनेर मनमनै सोचें । 'सर, हाम्रो बर्दियाको गाडी त दुर्घटनामा परेछ, धनाजीकोमा फोन जान्छ, उठ्दैन, होमेन्द्रजीले एकको लास घटनास्थलमै देख्नुभएको रे, को कहाँ छन्, केही पत्तो छैन...'- खबर त साह्रै नराम्रो पो रहेछ ।

केही भन्न सकिन, आफ्नै होस हराएको हो कि बाँकी नै भन्नेसमेत पत्तो भएन । के गर्ने ? कसो गर्ने ? छटपटाहटबीच १५ मिनेट जति फोन भुइँमा राखेर टुक्रुक्क बसें । जगत बस्नेत दाइलाई घटनाबारे जानकारी गराएँ । उहाँ तुरुन्तै अफिस आउनुभयो । अफिसमै सुतेका अरुलाई पनि खबर भयो । होमेन्द्रजीलाई फोन गरें, हिमाजीले भन्नु भएभन्दा थप एम्बुलेन्सले मान्छे ओसारिरहेको खबर पाइयो । केहीलाई एसएमएस गरें । शान्ता



चौधरीजीलाई पनि खबर पुगिसकेको थियो । कैलालीबाट आएको गाडीबाट नरीराम र प्रेमजी नारायणगढमा ओर्लनुभयो । बाँकेबाट आइरहेका विष्णुजी घटना हुँदा बुटवल आइपुग्नुभएको रहेछ । घाइतेहरुको उपचारमा सहयोग पुगोस् भन्नाका लागि काठमाडौंबाट जगत बस्नेत र शान्ता चौधरी झिसमिसेमै भरतपुर हानिनुभयो ।

यता काठमाडौंमा सहभागी जम्मा हुन थालिसकेका थिए । ल्यामबहादुरजीलाई फोन गरें । ४ सय जति आइसके, चौरमा पल्टिरहेका छन् । कोही भोक लाग्यो भन्न थालेका छन् । के गर्ने ? भन्नुभयो । कोही बसपार्कबाट फोन गरिरहेका थिए, बसभित्र जान दिएन के गर्ने ? आदि आदि ...। यी सबै कुरामा मेरो मन जान मानिरहेको थिएन । म चितवन घटनाको नयाँ र हाम्रा साथीहरु सकुशल रहेको सूचना थाहा पाउन आतुर थिएँ । कहिले बर्दिया फोन गर्थें, कहिले चितवन । मनमनै लाग्थ्यो- कसैको पनि ज्यान नगएको खबर सुन्न पाए हुन्थ्यो । उपचार त बरु जति खर्च र जति महिना लागे पनि गर्नुहुन्थ्यो । सोचेको जस्तो के हुन्थ्यो र ? पत्याउन गाह्रो भए पनि एक जना घटनास्थलमै बितेको पुष्टि भयो । मृतक भनिएका व्यक्ति र बर्दियाबाट कार्यक्रममा भाग लिन पठाइएका सहभागीको नाम मिल्यो । करिब ९ बजेतिर विष्णुजीको फोनले भनिरहेको थियो- 'म त बाहिर छु, अर्को एक जनालाई पनि डाक्टरले कपडाले मुख छोपिदिए रे, मैले केही सोच्न सकेको छैन ।' जब म हिमाजीलाई कहिले खबर बुझ्न त कहिले

**लालपूर्जा कस्तो हुन्छ ?**

मेरो बाबा शालिकबहादुर बिकको एक टुक्रो जमिन थिएन । त्यसैले भारतको जम्मु कश्मिरमा मजदुरी गरेर उहाँले जीविका चलाउनुभयो । माइती गरिब भएकै कारण मेरो विवाह पनि गरिब परिवारमै भयो । अहिले पनि मेरो परिवारमा १६ धुर जति जमिन छ । त्यो पनि गाउँब्लक ।

यति जमिनबाट जीविका चल्ने कुरै भएन । त्यसैले हाम्रो ५ जनाको परिवारको जीविका सधैं मजदुरीबाट नै चल्ने गरेको छ । परिवारमा नम्बरी जग्गा नै नभएकाले आजसम्म मैले लालपूर्जा कस्तो हुन्छ भन्ने देखेकीसमेत छैन । मालपोत कार्यालयको काम के हो भन्ने पनि मलाई थाहा छैन ।

*- जानकी सुनार, कपिलवस्तु*

नआत्तिनका लागि फोन गर्थें, तर उनलाई के थाहा कि उनीहरुलाई नआत्तिन सल्लाह दिइरहेको जगत नै आँसु थाम्न सकिरहेको थिएन भनेर ।

काठमाडौंको खुलामञ्चमा जम्मा हुनेको सङ्ख्या ६ सय नाघिसकेको थियो । कोही कलङ्की, कोही बसपार्क र कोही बालाजुबाट चामल, बर्को र गुजाराका सामान्य सामग्री बोकेर लर्को अघि बढिरहेको खबर निरन्तर आइरहेको थियो । उनीहरुले १ बजेसम्म खाना नखाएको खबरले थप चिन्तित तुल्यायो । जबकि सोही दिन १ बजे प्रधान मन्त्रीलाई भेट्ने समय लिइएको थियो । २ बजे पालो आयो । घटना र आन्दोलनबारे उहाँले समय दिएर सुन्नुभयो । उहाँले सहभागीहरु दुर्घटनामा परेको खबर पहिले नै थाहा पाइसक्नुभएको रहेछ, । कम्तिमा कुरा सुनिदिएकोमा आभारी हुँदै फर्कियौं ।

**त्यो गुठी भन्ने ठग को रैछ ?**

बत्ती बाल्न नागरिकता माग्दारैछन् । नागरिकता बनाउन लालपूर्जा ले भन्छन् । चिलिमे जलविद्युत्ले बिजुली दिँदैछ गाउँमा तर आफूलाई भने पूर्जा नभई मिटर दिन्न भन्छन् । अब जग्गै आफ्नो छैन त कहाँबाट ल्याउँ पूर्जा ? भएका टुक्राटाक्री पनि गुठीको रे । को रैछ यो गुठी भन्ने ठग पनि ? जग्गा पनि नदिने अनि जग्गा नभएकैले अँध्यारैमा बस् भन्ने यो कस्तो सरकार हो ? बुझ्नै सकिएन ।

*- मेन्दो तामाङ, हाकु गाविस, रसुवा*

३ बजेतिर खुलामञ्च पुग्दा साथीहरु असिनपसिन भएर काम गरिरहनुभएको थियो । मेला जस्तै थियो त्यहाँ । सहभागीकै लागि मिलाइएको घर नम्बरमा उनीहरुलाई नै व्यवस्थापन गर्न पहिलो दिन निकै हम्मे पऱ्यो । यही कठिनाईका कारण सहभागीले ल्याएका खाद्यान्न सगोलमा नराखेर आ-आफ्नै समूहमा राख्नूस् भन्नुबाहेक अर्को उपाय देखिएन । यो दिनको व्यवस्थापन मुस्किल मुस्किलले मिल्यो ।

काठमाडौंबाट गएको टोली भरतपुर पुगिसकेको थियो । जतिपटक फोन गरे पनि उही निराश खबर मात्र...। जगत दाइको ओइलाएको स्वरले चाहेर पनि शान्त हुने वातावरण बनेन् ।



चैत १ गते बिहान । गाउँगाउँबाट १ हजारभन्दा बढी सहभागी आइसकेका थिए । आन्दोलन गर्न आएका उनीहरु थाकेका देखिन्थे । बसको थकाई र बर्दिया घटनाको तनावले त्यसो हुनु स्वाभाविक थियो । १२ बजे ऱ्याली सुरु गर्ने योजना थियो । सहभागी १० बजे नै तयार भइसकेका थिए ।  चोटिला नारा लेखिएका ब्यानर र प्लेकार्ड, गाउँले कामसँग सम्बन्धित औजार बोकेर सबै लाम लागिरहेका थिए । पौने १२ बजेतिर संविधानसभाका उपाध्यक्ष आउनुभयो । सुरुमा बर्दिया घटनाका मृतक साथीहरुलाई सम्झ्यौं, घाइतेहरुको स्वास्थ्यलाभको कामना गऱ्यौं, त्यहीँबाट सुरु भयो आन्दोलनको औपचारिक कार्यक्रम ।

***राष्ट्रिय आन्दोलनमा भाग लिन बर्दिया जिल्लाबाट आउने क्रममा नवलपरासी जिल्लाको हर्कपुर चोकमा फागुन ३० गते सोमबार बिहान करिब ३ बजे बस दुर्घटना भयो । जसमा बर्दियाको मगरागढी गाविस वडा नं. ८, मर्घट्टी भूमि अधिकार मञ्च ख की अध्यक्ष जनककुमारी थारु र सोही गाविस वडा नं. ६ झर्नियां भूमि अधिकार मञ्चकी सदस्य लालमाया खाम्चा मगरको मृत्यु भयो ।***

खुलामञ्चबाट ऱ्याली संविधानसभा भवनतिर बढ्यो । ओहो...ऱ्यालीको लर्को त कति लामो भयो भने अघिल्लो भाग शहीदगेट पुग्दा पछिल्लो भाग खुलामञ्चबाट निस्कँदैथ्यो । ऱ्यालीमा भोका पेटहरु चर्को नारा लगाइरहेका थिए । तर उनीहरु सडकको छेउबाट व्यवस्थित हिसावले हिँडेको थिए न कि सवारी जाम गर्नेगरी बीचबाट । मैंले धेरै ऱ्याली देखेको छु- ५० जनाको हुलले सडककै डाकेर हिँडेको । तर यी सहभागीले भने त्यसो नगरेरै आफ्नो शान्तिपूर्ण मागप्रति धेरैको ध्यानाकर्षण गराउन सकिन्छ भन्ने प्रमाणित गरे ।

यही कार्यक्रमलाई सम्बोधन गर्न भनेर अन्तर्राष्ट्रिय भूमि सञ्जालकी सिमा गाइकवाड आउनुभएको थियो । उहाँले संविधानसभा घेर्न बसेका सहभागीको भेलालाई सम्बोधन गर्नुभयो । पहिलो दिनको उक्त कार्यक्रमको सभामा पीडितले बोल्न पाएनन् ।  तर सविधानसभा महिला ककसकी अध्यक्ष उषाकला राईले निकै राम्रो बोल्नुभएछ ।

नयाँ कुरा त के थियो भने ऱ्यालीमा आएका ८० प्रतिशत सहभागी पहिलो पटक राजधानीं आएका थिए । उनीहरुलाई प्रहरीले बानेश्वरमा एक साइडमा खाँध्यो । कारवालाले चर्को हर्न लगाएर दबाब दिन छाडेनन् ।

मोटरसाइकलवालाले त कतिपय सहभागीलाई ह्याण्डिलले घुच्याएसमेत । महिलाले बाटो नछेकी हिँडेर जुन उदाहरण देखाउन खोजेका थिए, यसलाई कसैले बुझ्न चाहेन ।

सभा सकिएपछि धर्ना बसियो । ६ बजेतिर लखतरान पर्दै सहभागी खुलामञ्च आइपुगे । केको आराम ? फेरि खाना पकाउन जुटे सबै जना । साँझ ८ बजेतिर समीक्षा भयो । सबै क्षेत्रबाट पहिले तोकिएका अगुवा नआएकाले आन्दोलन संयोजन गर्न गाह्रो भएको महसुस हुन पुग्यो ।

२ गते नेकपा एमाओवादीको कार्यालयमा खबरदारी गर्न जानु थियो । बिहान सहभागीलाई अभिमुखीकरण भयो । र्‍यालीलाई बानेश्वरमा सर्वसाधारणले समेत तालीले स्वागत गरे । यो आन्दोलनमा आउनेहरु र माग दुवै वास्तविक लागेछ उनीहरुलाई । माओवादी मुख्यालय पेरिसडाँडामा दिनभर नारा लाग्यो । अध्यक्ष प्रचण्ड आफैंले भेट्ने समय दिनुभएको थियो । तर उहाँ त सिङ्गापुर पो लाग्नुभएछ । हामीलाई भने थाहा नै दिइएन । उपप्रधान मन्त्री कृष्णबहादुर महरा आउने कुरा थियो, उहाँ पनि आउनुभएन । बल्ल साँढे ३ बजे भौतिक योजना तथा निर्माण मन्त्री टोपबहादुर रायमाझी आइपुग्नुभयो ।

उहाँले सम्बोधन गर्नुपूर्व नै कैलालीकी तारा विक चिच्याएको सुनियो- हामीलाई अध्यक्षले समय दिनुभएको हो, उहाँ नै चाहिन्छ । रायमाझी पनि आफूलाई निकै चलाख ठान्दा रहेछन् । उनले अध्यक्ष प्रचण्ड तपाईंहरुकै घर दैलोमा आउनुहुन्छ भनेर सहभागीलाई आश्वस्त पार्न के खोजेका थिए, सबै बम्किहाले । माओवादीकै कार्यालयमा आउँदा त समय दिएर सम्बोधन गर्न नआउने नेता घरदैलोमै आउने आश्वासन पच्न सक्ने विषय नै थिएन । त्यसैले उनीहरुले पचाएनन् । सहभागीले प्रचण्डलाई दिन भनेर केही उपहार पनि बोकेका थिए । त्यसैले प्रचण्ड नआएसम्म माओवादी मुख्यालयबाट नफर्किने जिद्धी गर्न थाले उनीहरु । बल्लबल्ल सम्झाएर सो दिन सहभागी फर्काइयो । फर्के पनि उनिहरुको मन भने मानिरहेको थिएन । यस दिन राति एक बजेसम्म चौकीदारी गर्नुपर्‍यो ।

महिला र गरिबका नाममा खुलेका धेरै संस्थाले यो आन्दोलनप्रति रुचि देखाउनसमेत आवश्यक ठानेनन् बरु ललितपुर सानुटोलका महिलाले ट्रकमा हालेर सुकुल पठाए । जसले बिरामी र बच्चा भएकाहरुलाई निकै



सजिलो भयो । ११ वटा चुह्लोमा पाकेका फरक फरक कुरा बाँडेर खाने परिपाटीले सिङ्गै खुलामञ्च गरिबहरुको एउटै घर बनेको थियो ।

तेस्रो दिन नेकपा एमालेको कार्यालय बल्खुमा खबरदारी गर्नु थियो । स्थायी कमिटीको बैठक ११ बजे छ भन्ने सुनेपछि अलि हतार गरेर पुगियो । मुख्यालयअगाडिको भाग महिलाको हुलले भरिएको थियो । वरिपरिका मानिस झ्यालबाट उत्सुकता साथ नियालिरहेका थिए । सधाझैं बामदेवले जोशिलो भाषण गर्नुभयो । प्रधान मन्त्री भने फुत्किन खोज्नुभयो । तर सहभागीले बोल्नैपर्ने अडान राखेपछि थोरै बोल्नुभयो र किसानले दिएको हलो उचाल्नुभयो ।

केही सभासद् र अन्य सहयोगीले दिएको चन्दामा गाडी भाडामा लिइयो र त्यहाँबाट संविधानसभा भवनअगाडि धर्ना बसियो । ४ जना साथीहरु सभासद्ले के के बोल्छन् भनेर सुन्न गए । तीन जनाले बोलेको कुरा ल्याएर सुनाए । एक जना बिरामी पर्नुभयो, हतार हतार उपचार गराइयो ।

दिउसोको समय थियो, वीर अस्पतालको डक्टर भेट्न जान लागेको थिएँ । बाहिरका एक झुण्डले एक जना सहभागीलाई तिमीहरुको नेता को भनेर सोध्दै रहेछन् । उनले भने हाम्रो नेता कोही छैन, हामी नै हौं भनेर उत्तर दिइरहेका थिए । सोध्नेहरु न कसैले प्रयोग गरेको हो कि भनेर बुझ्न खोजेको भन्दै थिए । तर पनि सहभागीचाहिँ नडराइकन भन्दै थिए- नेता कोही छैन भनेको, हामी नै हो क्या र आन्दोलनप्रति अपनत्व देखेर छक्कै परें ।

अघिल्लो दिन प्रचण्ड नभेटेर निरास बनेका सहभागी यस दिन भने निकै खुसी थिए । तेस्रो दिनबाट व्यवस्थापन सजिलो हुँदै गएको थियो । कोही घर बढार्थे । कोही पानी आउने डरले कुलेसो कोर्थे । सरसफाई गर्थे । नगरपालिकाका कर्मचारीले पनि आन्दोलनकारीप्रति यथाशक्य सहानुभूति प्रकट गरे । यी हामी जस्तै समस्या भएका मान्छे रहेछन् भन्दै उनीहरुले फोहोर उठाइदिए ।

सहभागीलाई सघाउन आएका केहीले कार्ड त भिरेका थिए तर उनीहरु लोडसेडिङका बत्ती जस्ता थिए- धेरै समय बेपत्ता हुने । सहभागी बिरामी पर्न थालेका थिए । केही जिल्लाका सहभागीलाई राम्रो अभिमुखीकरण

भएको रहेनछ । त्यस्ता जिल्लामा बेलुका गएर अभिमुखीकरण गरियो । जसबाट बुझाईका कारण आउने समस्या कम हुँदैं गएको थियो ।

चौथो दिन नेपाली कङ्ग्रेसको कार्यालयमा धर्ना बस्न जानु थियो । पत्र बुझाएको भए पनि समय लिइसकिएको थिएन । समय लिन सभापति निवासमा चिनजानका एक कङ्ग्रेस कार्यकर्तासहित गइयो । २ घण्टा पर्खेर गरेको भेटघाट खासै उत्साहजनक भएन । यस भेटले दिउसोको कार्यक्रम गतिलो हुन्न कि भन्ने लाग्यो । निकै सानदार रहेछ- नेपाली कङ्ग्रेसको कार्यालय । किन हो कुन्नि त्यो दिन सहभागी निकै सक्रिय भए । १०, १२ जनाले त भाषण नै गरे । संयोग- त्यो दिन ४ बजे कङ्ग्रेसको केन्द्रीय कार्यसमितिको बैठक रहेछ । नेताहरु निकै आए ।

ठीक ४ बजे सभापति सुशील कोइराला आइपुग्नुभयो र सम्बोधन गर्नुभयो । उहाँलाई सहभागीद्वारा विपीको तस्बिर पनि दिइएको थियो । जसमा लेखिएको थियो- हरेक नेपालीको एउटा चिटिक्कको घर, लैनो गाई, खानपुग्ने जग्गा भन्ने विपीको सपना कतै बिर्सियो कि ? अरु नेताले झ्यालबाट मात्र हेरे पनि कङ्ग्रेसका युवा नेता गगन थापा र कमला पन्त भने धर्नाकारीसमक्ष आएर घुलमिल भएका थिए । अर्थात् उनीहरुले आन्दोलनकारीका मन जितेका थिए ।
झण्डा, ब्यानर चाउरिन थालेका थिए । भित्री बाटो हिँडेर आइयो । सहभागीले हलो बोकेकाले कतिपयले राप्रपाको कार्यक्रम पो रहेछ भनेर अनुमान लगाउँथे ।

पाँचौ दिन फागु पूर्णिमा थियो । बस्ती जस्तै बनिसकेको खुलामञ्चमा कुनै रौनक थिएन । यस दिन आन्तरिक प्रशिक्षण भयो । सुनसरी, मोरङ र झापा समूहले माल्पा पकाएर खुवायो । पुगेको त थिएन तर सबैलाई नपुग्ला भनेर थपौं भन्न सकिएन । सामरी नामक संस्थाले स्वास्थ्यकर्मी सहयोग गरेकाले यो दिन बिरामीको उपचार पनि राम्रो भयो । सामरी नामक संस्थाले यो आन्दोलनमा आर्थिकदेखि स्वास्थ्य क्षेत्रमा समेत राम्रो सहयोग पुऱ्यायो । यो दिन राति बाहिरी मान्छे (जँड्याहा) ले बढी दुःख दिए । आन्दोलनमा सबै उमेर समूहको सहभागिता थियो । नातिनीदेखि हजुरआमासम्म । तर जति बढी उमेरका थिए, त्यति नै उनीहरु तगडा देखिन्थे ।

छैटौं दिन सिंहदरबारअगाडि धर्ना बसियो । बेलुका बस्तीमा विपत्ति आइलाग्यो । हावा, हुरीले पाल उडाउन थाल्यो । केहीले खाना खाएका थिए,



केही खाँदै थिए । कतिको पाक्दै थियो । एक्कासि समस्या आएपछि बसाईलाई भृकुटीमण्डपको प्रदर्शनी हलमा सारियो । रातभर लगाएर सामान ओसारियो । मिलिसकेको व्यवस्थापन फेरि भद्रगोल भयो । झण्डै चौथाई सहभागी भोकै सुते । कतिले काँचै खाए । केहीले चिउरा खाएर निदाउने प्रयास गरे । सिमेन्टको चिसोले सहभागी निदाउन सकेका थिएनन् । यो दिन प्रकोपमा पऱ्यो आन्दोलन । यस दिन थाहा भयो- सहभागीले ल्याएका चामल त कति रहेछ, कति । अझै एक महिनालाई पुग्ने । ओसार्दा-ओसार्दा हैरानै भइयो ।

**हेप्ने क्रम कम हुँदैछ**

न जन्म घरमा नम्बरी जग्गा, न कर्म घरमै । फटाहा र सामुदायिक वनसँग सङ्घर्ष गरेर बनाएको केही जग्गाबाट ११ जनाको परिवार चलेको छ । पुर्ख्यौली घरसँग जोडिएको ऐलानी जमिन चलन गर्न पनि ७ वर्षसम्म लगातार सङ्घर्ष गर्नुपऱ्यो ।

बाली लगायो कि पशुलाई खुवाइदिन्थे । गाउँकै ठूला भनाउदाले पटकपटक छाड्न धम्की दिए । अहिले भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि भने उनीहरु हच्किएका छन् । धम्क्याउन छाडेका छन् । बास नहुनेको आश्रयस्थल भएको छ मञ्च । पहिले हेप्नेहरु पनि अहिले उल्टै डराउन थालेका छन् ।

*- गौरी थारु, शिवपुर, कपिलवस्तु*

सातौं दिन बिहान केपी ओली आएपछि सहभागीहरु अलि ताते । उनलाई सुरक्षाकर्मीले घेरेका थिए । सबै स्थिति देखेपछि त्यहाँबाट बाहिरिएका ओली केही समयपछि फर्के । गइसकेका नेता फेरि के बिर्सेर लिन आएका होलान् भन्ठानेको त, हैन रहेछ । उनी त सहभागीको चाउरी परेको पेट हेर्न नसकेर ५ बोरा चिउरा लिएर आएछन् । सहभागीले त्यही चिउरा खाए । भूमि अधिकार मञ्चका प्रतिनिधि र उपप्रधान मन्त्री कृष्णबहादुर महराबीच भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा ११ बजे झण्डै सवा घण्टा वार्ता भयो । जुन सकारात्मक थियो । महराले भूमिहीनका माग निकै गम्भीररुपमा लिनुभयो ।

आन्दोलन जारी नै थियो । तराई मधेस लोकतान्त्रिक पार्टी र मधेसी जनअधिकार फोरमको कार्यालयमा खबरदारी गरियो । दुवै कार्यालयबाट निकै सहयोगी व्यवहार भएको सहभागीले बताए । प्रधान मन्त्रीले शिक्षा मन्त्री गङ्गालाल तुलाधरलाई पनि वार्ताका लागि जिम्मेवारी दिएको खबर आएको थियो । बेलुका ७ बजेतिर मात्र मन्त्री निवास पुल्चोकमा वार्ता भयो । यस वार्तामा पनि बिहान उपप्रधान मन्त्रीसँग भएकै छलफलअनुरुप कुरा भयो । सायद उहाँहरुबीच छलफल भएको हुनुपर्दछ ।

### बच्चालाई पेटभर ख्वाउन पनि पाइन

जमिनदारका धान पाकेपछि बल्ल पेटभर खान पाइने दिन आउँछन् । दिनभर काम गरेपछि साँझ भात खान पाइने हो । आफ्नो त खेत पनि छैन, धान पनि छैन । अरुकहाँ दिनभर काम गऱ्यो, कहिले साँझ फर्कने बेलामा चामल दिन्थे, कहिले भोलि दिउँला भन्थे । त्यतिबेला समस्या आइलाग्थ्यो । तर जिन्दगी जसरी पनि चल्दोरहेछ ।
नदीको छेउमा सानो छाप्रो छ । आफ्नो घरमा खानेपानीको नल पनि छैन । छिमेकीको नलमा पानी दिँदैनन् । अहिले जहाँ काम गऱ्यो त्यहीँ खान्छु । फिस तिर्न नसकेकाले जेठो छोराले स्कुल छाड्यो । बच्चाहरुलाई पेटभर ख्वाउन पनि कहिल्यै पाइएन ।

*- कोकिला विक, मसुरिया, कैलाली*

आठौं दिन बिहान ६:३० बजे नै शिक्षा मन्त्रीले वार्ताका लागि खबर गर्नुभयो । पुल्चोकमा उपप्रधान मन्त्री निवासमा छलफल भयो । झण्डै १ घण्टा भएको वार्तामा आन्दोलन र आन्दोलनले उठाएका विषयमा सकारात्मक छलफल भएपछि केही नीतिगत सहमति भयो । सरकारका तर्फबाट आन्दोलनकारीलाई भृकुटीमण्डपमा दुवै मन्त्री गएर सम्बोधन गर्ने र कार्यदल बनाउने सहमतिपछि वार्ता टुङ्गियो । १० बजे उपप्रधान मन्त्री र शिक्षा मन्त्री दुवै आन्दोलन भइरहेको स्थानमा आउनुभयो र वार्तामा भएकै छलफलअनुसार उहाँहरुले सम्बोधन गर्नुभयो । यसपछि आन्दोलन स्थगित भयो । सहभागीहरु अबचाहिँ केही हुन्छ भन्ने विश्वास बोकेर फर्केका छन्, यो विश्वासमा धोका नदिन सरकारले आफूलाई खरोरुपमा उतार्ने आशासहित ।

*- जगत देउजा, काठमाडौं*



## डग्मगाउँदैनौं ६ गतेको धम्क्याइले

आन्दोलन भनेको सङ्घर्ष हो, गाह्रो हुन्छ भन्ने थाहा थियो । किनकि भूमि आन्दोलनमा लागेको पनि २ वर्ष हुनै लाग्यो । तर जिल्लामा मात्र गरेको आन्दोलनबाट अझै आन्दोलनको मर्म र पीडा गहिरोसँग अनुभव गरिएको रहेनछ जस्तो लाग्यो यस आन्दोलनबाट । २०६७ सालको सुरुवातसँगै पक्का जस्तै थियो यस वर्ष राष्ट्रिय आन्दोलन हुन्छ भनेर । म यो आन्दोलनप्रति एकदमै उत्सुक पनि थिएँ । रसुवाबाट ३२ महिला र ६ पुरूष गरी हामी ३८ जना काठमाडौं आयौं । चैत १ गतेदेखि निरन्तर संविधानसभाको भवन, एकीकृत नेकपा माओवादी, नेकपा एमाले, नेपाली कङ्ग्रेस आदि पार्टीका कार्यालय र सिंहदरवार जस्ता महत्वपूर्ण ठाउँहरूमा धर्ना दियौं । यसले दिनदिनै नयाँ अनुभव प्राप्त भइरहेको थियो । साथै अत्यन्तै गाह्रो पनि महसुस भइरहेको थियो ।

आन्दोलनकै क्रममा चैत ६ गते मेरो जीवनमै एउटा अविस्मरणीय दिन बनेको छ । त्यो दिन हामी सिंहदरबार दक्षिण ढोका (बबरमहलतर्फ) धर्नामा जाने योजनाअनुसार गयौं । त्यहाँका सुरक्षा गार्ड/प्रहरीहरूले हामीलाई गेटमा पनि पुग्न दिएनन्, धेरैयता नै रोके । हामी त्यहीँ बीच सडकमा ३/४ घण्टा धर्ना बस्यौं । हाम्रो आन्दोलनलाई सम्बोधन गर्न कोही आएनन् । त्यस दिन हामी सबै जना अरू दिनभन्दा अली छिट्टै खुल्लामञ्च फर्कियौं ।

### ऋणमाथि ऋण

धरमपुरमा ३ कट्ठा ऐलानी जमिन किनेकी थिएँ । खोलाले उक्त जमिन र घरसमेत बगायो । आम्दानी केही छैन । दाउरा बेचेर परिवार पाल्दै आएकी छु । छोराछोरी पढाउन नसक्दा भारतमा काम गर्न पठाएँ । कान्छो छोरा रेलमा करेन्ट लागेर घाइते भएको छ । अहिले काम गर्न नसक्ने अवस्थामा छ । उता साहूको ऋण बढ्दै गएको छ ।

*- गीता दमाईं, दैजी गाविस, कन्चनपुर*

सिंहदरबारबाट फर्केर हामी केपी ओलीको प्रतीक्षामा बसिरह्यौं । जसले सिंहदरबार धर्नाका क्रममा खुलामञ्चमै भेट्न आउने खबर पठाएका थिए । तर उनको साटो एक्कासि हावा, हुरी र पानी पो आउन थाल्यो । पालका घर सबै उडाउन थाल्यो । हामी सबै जना मिलेर चारैतिरबाट पाल समातेर

बस्यौं । तर प्रकृतिसँग कसको के लाग्थ्यो र ? त्यसरी समात्ने काम धेरैबेर टिकेन ।

हावाले पाल उडायो, पानीले मान्छेलगायत् हाम्रा बन्दोबस्तीका सामान सबै भिजायो । चामल भिज्यो । पाकिरहेका भात भिज्यो । हामी आत्तिदैं बसिरहेका थियौं । बाहिरबाट साथीहरूले राष्ट्रिय सभागृह जाउँ भन्नुभयो । बाटो देख्नेहरुका पछिपछि लाग्यौं हामी पनि । १५/२० जना साथीहरू पछाडि पर्नुभयो । म उनीहरूलाई लिन पछाडि नै बसें । किनकि मैले आफूमात्र सुरक्षित हुनु उपयुक्त ठानिन ।

### जग्गा भए किरिया त गरिदिन्थे कसैले

मेरो विवाह ९ वर्षमै भयो । पछि पतिले हेलाँ गरे । अर्की पत्नी ल्याए । म छुट्टै बस्न थालें । हुन त मेरा पतिसँग ३ विघा जमिन छ तर अंश दिएका छैनन् । ऐलानी जमिनमा सानो छाप्रो बनाएर बसेकी छु । सानो टुक्रोमात्र जमिन भए पनि मरेपछि कसैले त्यसैको लोभमा किरिया त गरिदिन्थ्यो भन्ने लाग्छ । तर मेरो कुरा सुन्ने कोही भएन ।

*- डम्बरी भट्ट, धनगढी नपा, मनेरा*

हुँदाहुँदै हामी २०/२५ जनाकै टोली पछाडि पर्‍यो । हुन त रत्नपार्क र भृकुटीमण्डप नजिकै हो तैपनि रातको अँध्यारो, अनि हामी जस्ता गाउँका मान्छेका लागि काठमाडौं जस्तो ठाउँमा हिँड्न सहज थिएन । फेरि हामी आश्रय लिन जाने स्थान सभागृह हो वा भृकुटीमण्डप भन्ने पनि एकिन भएन । त्यसैले केहीबेर अलमल भयो । बाटो क्रस गर्ने ठाउँमा हामी भुलिएर भित्रतिर छिरेछौं । धन्न, हाकुको दोर्जे दाइ भेट भयो र उहाँले नै भृकुटीमण्डप पुर्‍याइदिनुभयो । नत्र हामी छलिने पक्का थियो ।

भृकुटीमण्डपको प्रदर्शनी हल ठूलो रहेछ । त्यति ठूलो हलमा छिरेपछि अँध्यारोमा १००० जना महिलामा २५/३० जना खोज्न पनि गाह्रो थियो । खासगरी रसुवाका साथी कोही नछुटून भन्नेमा मेरो ध्यान थियो । मोवाइल बालेर साथीहरु खोजें । लगभग १ घण्टामा सबै साथी पत्ता लागे । अनि बल्ल एउटा तनावबाट मुक्ति मिल्यो । त्यसपछि हामी एउटा कुनामा बस्यौं । खुलामञ्चको घर नं. ६ मा अघिल्ला दिनतिर सिन्धुपाल्चोक, रसुवा र रामेछापका सहभागीको बसोबास थियो । तर हावाहुरी र निष्ठुरी पानीले



हाम्रो त्यो एकप्रकारले व्यवस्थित भइसकेको बसाई भताभुङ्ग पारिदिएको थियो । त्यसैले यो दिन हामी रसुवाको टोली छुट्टै बस्यौं । अर्थात् हावाहुरी र पानीले हाम्रो बिजोगै बनायो ।

धन्न ३/४ जना दिदीले केही ब्लाङ्केट पनि बोक्न भ्याउनुभएछ र ओढ्न पाइयो । नत्र रातभर लथ्रक्कै भिजेको जीउ चिसोमै तङ्ग्रयाउनुको विकल्प थिएन । आफूसँग भएका केही पछ्यौराले जीउ तताउन बाध्य भयौं । तर पनि के निन्द्रा लाग्थ्यो चिसो सिमेन्टमा ? खुलामञ्चमा त पालमात्र ओछ्याए पनि तातो हुन्थ्यो किनकि तल माटो र घाँस थियो । त्यस दिनको चिसो सम्झँदा सिमेन्टभन्दा माटो नै धेरै प्यारो लाग्छ अहिले पनि । शायद हामी माटोमै खेलेर, बसेर, हुर्केर अनि माटोमै नङ्ग्रा खियाएर पनि हो कि ?

### बिचल्ली हलियाको

सरकारले हलिया त मुक्त गर्‍यो तर उचित पुनर्स्थापना नगर्दा बिजोग भएको छ । एकातिर मुक्त भइसकेको भन्दै जमिनदार बस्न र काम गर्न दिँदैनन् भने अर्कोतर्फ आफ्नै घर र गरिखाने जमिन नभएकाले विचल्लीमा परेका छन् । उनीहरुलाई जमिन, घर, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता उपलब्ध गराउनुपर्छ ।

*- सीता विक, डोटी*

त्यस दिन बिहानैदेखि हल्का सन्चो नभएकाले बिहान पनि खाना खाइन् । दिउसोतिर त झन् के खानु ? बेलुका त्यस्तो बिजोग भएर टाउकोमात्र लुकाउन पाए पनि कस्तो हुन्थ्यो जस्तो भएको थियो । त्यहाँ पुगेर चिसो भुइँमा बसियो । फेरि अघिल्लो दिनदेखिको भोकभोकै । भोकले बोल्न पनि नसक्ने भएकी थिएँ । घरबाट फोन आउँदा पनि एकदम रून मन लाग्यो । सिन्धुपाल्चोककी एक दिदीले दिएको एक मुठी मकै पनि निकै ठूलो भयो त्यतिखेर । सधैं खाएको भए पनि त्यो दिनको जति मीठो मकै मैले कहिल्यै खाएकी थिइन । मैले त्यही दिन बुझें कि भोजनभन्दा भोक मीठो किन भनिएको रहेछ भनेर ।

*- सुष्मा न्यौपाने, रसुवा*

## घाइतेहरुको साथमा रहँदा

बैतडी, डडेलधुरा, कैलाली र कञ्चनपुरका ८५ जना समयमै संविधान निर्माण र भूमि सुधारको आन्दोलनमा सहभागी हुन काठमाडौंका लागि जाँदै थियौं । २०६७ फागुन ३० गते बिहानको २ बज्नै लागेको थियो । हामी चढेको बस नवलपरासीको मुकुन्दपुरमा पुगेर रोकियो । यो बसअघि ८० वटा जति बस थिए । के भएर जाम भएछ भनेर बुझ्दा हर्कपुर चोकमा बस दुर्घटना भएको थाहा भयो । छानाबाट खसेझैं त्यतिबेला भइयो, जतिबेला उक्त बसमा अधिकांश मानिस हामी जान लागेकै आन्दोलनका सहभागी थिए भन्ने जानकारी पाइयो ।

**खुट्टा भाँच्चिए पनि हिम्मत भाँच्चिएको छैन**

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले काठमाडौंमा गर्ने आन्दोलनमा भाग लिन २०६७ फागुन २९ गते बेलुकी ४ बजे बर्दियाबाट बस चढें । यही आन्दोलनमा आएका हामी २७ जना थियौं बसमा । नवलपरासीको हर्कपुर आइपुगेपछि हामी चढेको बस दुर्घटना भयो । दुई जना सहभागीको मृत्यु भयो । हामी धेरै घाइते भयौं । कसैको हात भाँच्चियो, कसैको खुट्टा । धेरै अशक्त भए ।

मेरो पनि दुवै खुट्टा भाँच्चियो । अहिले पनि म अस्पतालमै उपचार गराइरहेकी छु । मलाई चितवन र नवलपरासीका मञ्च र भूमि आन्दोलनको भलो चिताउने साथीहरुले रगत दिएर बचाउनुभयो । नत्र...। तर जे होस्, खुट्टा भाँच्चिए पनि मेरो हिम्मत र जोस भाँच्चिएको छैन । त्यसैले भूमि अधिकार आन्दोलनमा सहभागी हुन छाड्ने छैन । भूमि अधिकार आन्दोलनका लागि जस्तोसुकै बलिदान दिन पनि तयार छु ।

*- तुलसी सुनार, बर्दिया*

नरी सर र म दुर्घटनास्थल पुग्यौं । दुर्घटनामा परेका होमेन्द्र थापाबाहेक अरु घाइते त्यहाँ थिएनन् । उहाँको पनि दाँत झरेको थियो । मुखबाट रगत बगेको छ । खुट्टामा चोट छ । तैपनि उहाँ आन्दोलनमा सहभागी दिदी-बहिनीको खोजीमा नै हुनुहुन्थ्यो । उहाँ आन्दोलनका लागि ल्याएका दाल, चामल, तरकारी र दाउरा, जुन सडकभर छरिएका थिए, त्यसलाई



नउठाई अस्पताल नजाने ढिपी गरिरहनुभएको थियो । बल्लतल्ल प्रहरी भ्यानमा राखी अस्पताल पठायौं ।

त्यसपछि जगत देउजा सरलाई फोन गरी घटना जानकारी गरायौं । घटना हेर्दा सहजै ५/७ जनाको मृत्यु हुन सक्ने अनुमान गर्न सकिन्थ्यो । हामीसँग रहेका सबैलाई घटनाबारे जानकारी दियौं । सबै जना चिन्तित भए । र, भगवानसँग गुहारें- हे भगवान ! कसैलाई केही नहोस् ।

**जय भूमि !**

आन्दोलनमै सहभागी हुन आएका बर्दियाका होमेन्द्र थापा दुर्घटनामा परी सख्त घाइते भए । उनका दाँतहरु झरे । रगत सोस्न र पीडा कम गराउन मुखमा औषधीसहित कपास खाँदिएको थियो । उनी पीडाले बेलाबेला बर्बराउँथे । तर पनि कसैले फोन गर्दा वा घटनाबारे सोध्न खोज्दा उनी नआत्तिकन सबैभन्दा पहिले अभिवादन गर्थे- जय भूमि !

जगत सरसँगको सल्लाहअनुसार नरी सर र म यहीं बसेर घाइतेहरुलाई सहयोग गर्न थाल्यौं । चितवनका सबै अस्पताल चाहार्‍यौं । रातको समय केही नपाइने, त्यहाँमाथि नौलो ठाउँ । बल्लबल्ल केही घाइतेसँग भेट हुन सक्यो । अस्पताल पत्ता लगाउनै पनि हम्मेहम्मे पर्‍यो ।

बर्दियाबाट २७ महिला र १ पुरुष आन्दोलनका लागि आएको जानकारी पायौं । तर हामीसँग उनीहरुको सूची थिएन । बल्ल केही साथी पहिचान गर्‍यौं तर उहाँहरु अचेत हुनुहुन्थ्यो । मुखबाट रगत बगिरहेका होमेन्द्र आफैं घाइतेको पहिचान गर्छु भन्दै हिँड्नुभयो । जबकि उहाँकै तत्काल उपचार आवश्यक भइसकेको थियो ।

खोज्दै जाँदा सरकारी अस्पतालमा अचेत र बेवारिसे अवस्थामा सुनिता बिकलाई देख्यौं । उहाँलाई पनि मेडिकल कलेज ल्याई प्रहरी र डाक्टरलाई उहाँको उपचारमा संलग्न हुन आग्रह गर्‍यौं । साथै बेतनी थारुको अवस्था पनि चिन्ताजनक थियो । उहाँको दुवै खुट्टा भाँच्चिएका थिए । हामीले हत्तपत्त उहाँलाई अप्रेसन थिएटरमा लगेर उपचारका लागि डाक्टरलाई अनुरोध गर्‍यौं । डाक्टरले यिनको खुट्टै काट्नुपर्छ भने । मलाई झन् दुःख लाग्यो । बेतनी दिदीको अप्रेसन हुँदै थियो । म फेरि अरु बिरामीकहाँ पुगें ।

त्यतिबेला नरी सर र म नयाँ र पुरानो मेडिकल कलेजमा बाँडिएका थियौं- बिरामीको सहयोगका लागि ।

२८ मध्ये २७ जना पहिचान गऱ्यौं । जसमा लालमायाँ खाम्चा मगरलाई भेटेनौं । दुर्घटनामा एक जनाको घटनास्थलमै मृत्यु भएको जानकारी प्राप्त भएको थियो । ती व्यक्ति पक्कै उनी नै हुनुपर्छ भन्ने अनुमान लगायौं । नरी सरले जनककुमारी चौधरी पनि हामी माझ रहन नसक्ने बताउनुभयो । उहाँको टाउकामा निकै ठूलो चोट लागेको थियो ।

नभन्दै उहाँको पनि मृत्यु भएको घोषणा डाक्टरले गरे । हामीले फेरि दोस्रो सदस्य गुमायौं । अरु सदस्य पनि यसैगरी गुम्दै जाने हुन कि भन्ने चिन्ता आइलाग्यो । धन्न बेतनी थारुको खुट्टा भने काट्नु परेन । डाक्टरले दिएको यो आश्वासनले भने केही खुशी तुल्यायो ।

सोही दिन दिउसो काठमाडौंबाट जगत बस्नेत सर र सांसद शान्ता चौधरी आउनुभयो । त्यसपछि सिडियोलगायत् सभासद्को आग्रहपछि घाइतेहरुको उपचार अलि राम्रोसँग हुन थाल्यो । सामान्य उपचारपछि १४ जना घाइतेलाई घर पठाउनेतिर लाग्यौं । तर त्यसमध्येकी जानकी चौधरीले घर नजाने ढिपी गरिन् । 'म साथीहरुलाई छाडेर एक्लै जान सक्दिन, उनीहरुको पनि उपचार गराई सँगै घर फर्कन्छु' भन्न थालिन् । उहाँको सहयोगले धेरै दिदी-बहिनीको हेरविचारमा सहयोग पनि मिल्यो ।

घाइतेहरुको अवस्था देखेर उपचारमा सहयोगका लागि पुग्नुभएका जगत बस्नेत सरलाई नै उपचार गराउनुपर्ने स्थिति बन्यो । चिन्ता नहोस् पनि कसरी ? यिनै भूमिहीन दिदी-बहिनीकै हितका लागि भनेर रातोदिन यही आन्दोलनमा लागिरहनुभएको छ । यसै क्रममा यी गरिब दिदी-बहिनीहरुको यो बेहालले उहाँलाई त्यस्तो हुनु स्वाभाविकै हो ।

लालमायाँ खाम्चा मगर र जनककुमारी चौधरीका आफन्त आइपुगेपछि एकछिन थप नरमाइलो अवस्था सिर्जना भयो । केहीबेर उहाँहरु आक्रोशित पनि हुनुभयो । सबैले सम्झाएपछि यो अवस्था अन्त्य भयो । मृतकको घाउ चोट देखेर कसैले पनि छुने आँट गर्नु भएन । तर मैले प्लास्टिकमा राखी कपडाले मोरेर गाडीसम्म राखिदिएँ ।



साँच्चै दुःख वा पीर पर्दा भोक र निन्द्रा लाग्दो रहेनछ । किनकि अस्पतालमा रहँदा हामीले भोक र निन्द्रा लागेको थाहा पाएनौं । उता राजधानीमा कुन दिन कहाँ र कसरी आन्दोलन भएको छ भन्ने कुरा हामीले पत्रपत्रिका पढेर जानकारी लियौं । त्यही पत्रिकामा प्रकाशित आन्दोलनका खबर घाइतेहरुलाई सुनाएर उनीहरुको घाउमा मह्लमपट्टी लगाउने कोसिस गऱ्यौं ।

राजधानीको आन्दोलन कहिले सिंहदरबार, कहिलो माओवादी पार्टी कार्यालय त कहिले एमाले कार्यालय पुग्दा म घाइतेहरुको वल्लो बेड र पल्लो बेड गरिरहेको हुन्थें । दिदी आज तपाईंलाई कस्तो छ ? बहिनी आज अलिक हलुका भएको छ कि ? भनेर सोध्ने मेरो दिनचर्या नै भइसकेको थियो । तर उहाँहरु भन्नुहुन्थ्यो- हामीलाई यो घाउभन्दा पनि मनभित्रको घाउ बढी दुःखेको छ । रातोदिन काम गर्दा पनि एक पेट खान र न्यानो गरी सुत्न पाएका छैनौं । आफूले उर्वर बनाएको त्यो जमिन आफ्नो भएन । नेपालमै जन्मे पनि त्यो नेपाल हाम्रो भएन ।

**म त काठमाडौं जाने हो**

ललिता थारु आन्दोलनका लागि बर्दियाबाट काठमाडौं आउँदै थिइन् । दुर्घटना भएको बसमा उनी पनि थिइन् । त्यसैले उनी पनि घाइते भइन् । भर्खर चितवनस्थित मेडिकल कलेजमा उनको खुट्टाको अपरेसन सकिएको थियो । त्यहीबेला उनका आफन्तको फोन आयो । उनलाई सोधियो- अब घर कहिले फर्कने ?

अनि उनले उत्तर दिइन्- म त यहाँबाट अब काठमाडौं जाने हो आन्दोलनमा । कत्रो उत्साह ? जो अस्पतालको बेडमा मृत्युसँग सङ्घर्ष गर्दैछ, उसलाई भूमि अधिकार आन्दोलनको यति धेरै माया छ । र, त आन्दोलन उचाई चढ्न सफल छ निरन्तर ।

यी आमा दिदी-बहिनीलाई सम्झाउँथें । ढिला चाँडो हो, हामी अधिकार पाउँछौं, चिन्ता लिनुहुन्न । पहिला आफ्नो स्वास्थ्य ठीक बनाएर फेरि पनि आन्दोलन गर्नुछ । यस्तै बातचितका बीच उहाँहरुसँग ६ दिन र राते बिते ।

बर्दियाबाट आन्दोलनका लागि भनेर ६५० केजी चामल र ३५ केजी पीठो ल्याइएको रहेछ । त्यो त्यत्तिकै अलपत्र पऱ्यो । एक छाक खान धौ धौ पर्ने

यी आमा दिदी-बहिनीले गाउँगाउँबाट सङ्कलन गरेका चामल र पीठो प्रयोगमा ल्याउनुपर्छ भनेर म चैत ६ गते बिहान काठमाडौं लिएर गएँ । २ दिन आन्दोलनमा सहभागी पनि भएँ । तर पनि मेरो मन भने चितवनको अस्पतालमै थियो ।

आन्दोलनको आठौं दिन चैत ८ गते भृकुटीमण्डपको प्रदर्शनी हलमा आएर सरकारका तर्फबाट भूमि सुधार तथा व्यवस्था मन्त्री कृष्णबहादुर महरा र शिक्षा मन्त्री तथा सरकारका प्रवक्ता गङ्गालाल तुलाधर आएर भूमि अधिकारबाट वञ्चित महिलाले राखेका यी माग सरकारले पूरा गर्ने जानकारी दिनुभयो । साथै आन्दोलनका क्रममा बस दुर्घटनामा परी मृत्यु हुने र घाइतेका परिवारलाई राहत र उपचार खर्च पनि उपलब्ध गराउने बताउनुभयो । तर मेरो मनमा भने सरकारले विभिन्न समयमा गरेका वाचासमेत पूरा हुन बाँकी रहेको अवस्थामा यो वचन पूरा होला र भन्ने प्रश्न खेलिरह्यो । जे होस्, फेरि यो वाचा पनि तुहियो भने लालमायाँ खाम्चा मगर र जनककुमारी चौधरीको आत्माले सरकारलाई शान्ति दिँदैन भन्नेचाहिँ पक्का छ ।

*- प्रेम बिक, कैलाली*



## सक्कली आन्दोलन

आजकल कतिपय राजधानी केन्द्रित आन्दोलनमा आएकालाई किन आएको भनेर सोधियो भने उत्तर दिन्छन्- जाउँ भने, यसो काठमाडौं डुल्न पाइन्छ, पशुपति दर्शन गर्न पनि पाइन्छ भनेर आएको ।

तर चैत १ गतेदेखि राजधानीको खुलामञ्चमा धर्ना दिन आएकाहरु भने विल्कुल फरक थिए । भूमि अधिकारबाट वञ्चितका समस्या समाधान गर्नुपर्ने र त्यसका लागि सबैभन्दा पहिले निर्धारित समयमै संविधान बन्नुपर्ने माग लिएर आन्दोलनमा होमिएकाहरु सक्कली पीडित थिए । उनीहरुको लवाइखवाई, व्यवहार, भनाई, पीडा सबैले यसो भन्न सकिने अवस्था थियो । त्यसैले यो आन्दोलन वास्तविक पीडितको सहभागितामा भएको देखियो ।

उचित आवास र गरिखानका लागि जमिन पाउनुपर्ने उनीहरुको मुख्य माग जायज थियो । यही माग पूरा गर्नका लागि अघिल्लो सरकारले बनाएको उच्चस्तरीय भूमि सुधार आयोगको प्रतिवेदन सार्वजनिक गर्ने र त्यसलाई कार्यान्वयनसमेत गर्नुपर्ने उनीहरुको माग पनि उचित नै थियो । किनकि यो कार्यान्वयन भयो भने उनीहरुले भोग्दै आएको पीडा कम हुन्थ्यो । उनीहरुका समस्या समाधान हुन्थे । यस अर्थमा उनीहरुले राखेका माग उचित थिए । यही कारण म आफैं पनि उक्त आन्दोलनमा ऐक्यबद्धता जनाउन पुगेकी हुँ ।

सरकारैपिच्छे यस्ता आयोग बनाउने तर कार्यान्वयनचाहिँ नगर्ने प्रवृत्ति सरकारहरुमा छ । भूमिहीनका दबाबमा परेर उनीहरुका लागि केही गरेजस्तो देखाउन आयोग बनाउने अनि थन्क्याउने चलनले समस्या समाधान हुँदैन । यो एकप्रकारले यो राज्यको ढुकुटी रित्याउने काममात्र हो । अर्को अर्थमा यो श्राद्धजस्तो मात्र भयो- सम्झना गर्ने, कार्यान्वयन नगर्ने । यही विषयमा झक्झक्याउन उनीहरु यहाँसम्म आएका थिए । त्यसैले उनीहरुले राखेका माग राज्यकै हितका लागि पनि सम्बोधन गरिनुपर्ने विषय हो ।

आन्दोलनमा आएकाहरुको जागरुकता एकदमै मान्नुपर्ने विषय हो । आउने क्रममा दुई जनाको त दुर्घटनामा परेर मृत्यु नै भयो । थुप्रै घाइते भए । तर पनि उनीहरुले आन्दोलनको प्रभावकारितामा कुनै कमी आउन दिएनन् ।

यसले उनीहरु आफ्ना माग पूरा गराउन कति कटिबद्ध छन् भन्ने प्रष्टिन्छ । केही संस्थाहरुले पक्कै सहयोग गरे तर पनि समग्रमा यो पीडितहरुकै आन्दोलनका रुपमा रह्यो । यही कारण यसको प्रभाव पनि निकै राम्रो पर्न सक्यो ।

उनीहरुकै मागअनुसार जमिनको धनी पूर्जा उपलब्ध गराउँदा पति-पत्नीकै नाममा गराउनु उपयुक्त हुन्छ । पत्नीले घर व्यवहार सबै बुझ्ेका हुन्छन् । अर्कोतर्फ उनीहरु पुरुषको तुलनामा बालबच्चाप्रति बढी नै उत्तरदायी हुन्छन् । पुरुषले मादक पदार्थ सेवन गरेर जमिन सिध्याइदिएका र पत्नी तथा बालबच्चाको बिचल्ली भएका थुप्रै उदाहरण छन् । त्यसैले दुवैको स्वामित्वमा जमिन भयो भने यस्तो अवस्थाबाट उनीहरुले मुक्ति पाउँछन् । कम्तिमा पनि पत्नीले भएको जमिन बेच्न दिँदैनन् । जसले आर्थिक स्थिति मजबुत बनाउन भूमिका खेल्न सक्छ ।

भूमिहीनलाई दलहरुले हेर्ने दृष्टिकोण खासै राम्रो नभएको गुनासो उनीहरुले मलाइ पनि सुनाए । एकपटक एउटा कम्युनिष्ट पार्टीको मुख्यालयमा माग लिएर जाँदा त्यो पार्टीका नेताहरुले आफ्नो कार्यालयमा विदेशी आउँदै गरेकाले अहिले यहाँ नबस्न र फर्किहाल्न दबाब दिएका उनीहरुले गुनासो गरे । आफूहरु असभ्य भएकाले विदेशीले गिल्ला गर्छन् र नेताहरुको बेइज्जत हुन्छ भन्ने तर्क ती नेताले गरेको पनि उनीहरुले सुनाए । जसले नेता बनाए, उनीहरुप्रतिको यस्तो हेपाईले पनि भूमिहीनका माग पूरा हुन अवरोध सिर्जना गरेको छ । त्यसैले नेताहरुको दृष्टिकोणमा परिवर्तन ल्याउनु पनि जरुरी छ ।

त्यसैले मैले आफ्नो कार्यालयमा आउने एक डेढ सयलाई आफूले सक्दो सत्कार गर्ने वचन दिएकी थिएँ । सक्दो गरें पनि । सबैले उनीहरुप्रति यस्तै धारणा राखिदिने हो भने पनि धेरै समस्या कम हुन सक्छ । तर यहाँ त गरिबलाई हेर्ने दृष्टिकोण नै फरक छ । चाहे त्यो गरिबको दल भन्ने पार्टीकै नेतामा किन नहोस् ।

हामीले संसदमा अहिले भूमिहीनका समस्या समाधान गर्न आवाज उठाइरहेका छौं । एकमात्र जननिर्वाचित निकाय भएको र संसदीय व्यवस्थालाई उपयोग गर्नुपर्ने अवस्थामा भएकाले त्यहाँ कुरा उठाउनु कम महत्वपूर्ण विषय हैन । सँगै हामीले महिलाका आर्थिक मुद्दालाई पनि लगेका छौं । उनीहरुको श्रमको मूल्याङ्कन नहुने परिपाटी परिवर्तन गर्न पनि हामी



लागिपरेका छौं । त्यहाँ उठाएका माग सम्बोधन भएमा अहिले आन्दोलनकारीले उठाइरहेका धेरै माग स्वतः पूरा हुने अवस्था आउँछ ।

आवास र गरिखाने जमिन माग गर्नु अनुचित नभए पनि त्यो सहजै उपलब्ध गराउन भने अप्ठ्यारो पनि छ । यसका लागि संयुक्त आवास योजना ल्याउनु उपयुक्त हुन्छ । अनि सामूहिक खेती प्रणाली सुरु गर्नु आवश्यक हुन्छ । उनीहरुलाई दिइने दुई तीन कठ्ठा जमिनले जीविका धान्न अप्ठ्यारो पर्छ भने त्यति जमिनमा वैज्ञानिकतवरले खेतिपाती गर्न नसकिने हुँदा उत्पादन पनि मनग्गे हुन सक्दैन । यस्तो अवस्थाले जीविका सुनिश्चित हुन सक्दैन । त्यसैले यसबारे राज्यले निकै गम्भीरतवरले सोचेर काम-कारबाही अघि बढाउन सक्नुपर्छ ।

क्षेत्रफल नबढ्ने तर जनसङ्ख्या भने बढिरहने भएकाले सबैलाई भूमि उपलब्ध गराउन सहज पनि हुन्न । यस्तो अवस्थामा नदी उकास, पर्ति, हदबन्दी तोकेर त्यसबाट आउने जग्गा आदि व्यवस्थित गर्न सकिन्छ । जमिन टुक्र्याउने व्यवस्थाले पनि अर्थतन्त्र र उत्पादन दुवैलाई फाइदा पुर्याउँदैन । यसरी साँप पनि मर्ने र लठ्ठी पनि नभाँचिने हिसावले काम गर्न सकियो भने भूमि अधिकारबाट वञ्चितका माग सम्बोधन गर्न सम्भव हुन्छ । जसका लागि सक्रियता भने राज्यले नै देखाउनुपर्छ ।

आन्दोलनपछि सरकारले कार्यदल बनाउनु राम्रो हो । तर आन्दोलनकारीको उत्साह र प्रभावका आधारमा यो उपलब्धि त्यति महत्वपूर्ण भने हैन । जे होस्, कार्यदलले पुराना प्रतिवेदनहरु अध्ययन गरी आन्दोलनकारीका माग सुनेर त्यसैका आधारमा समस्या पहिचान गर्न सक्यो भने त्यो राम्रो हुनेछ । अनि यसरी पहिचान भएका समस्या समाधानका लागि कार्यान्वयनमा जाने अवस्था सिर्जना गर्नुपर्छ । नत्र यो कार्यदल पनि उही पुराना प्रतिवेदनहरु जस्तै हुन जानेछ । अर्थात् भूमिहीनले फेरि फेरि पनि आन्दोलन गर्नुपर्ने अवस्था बाँकी नै रहनेछ । यस्तो अवस्थाबाट मुक्तिका लागि कार्यदल सक्रिय र प्रभावशालीरुपमा कार्ययोजना बनाएर अघि बढ्नुपर्छ ।

*- जनककुमारी चालिसे*
*सभासद, व्यवस्थापिका-संसद्*

परिच्छेद - पाँच

# सञ्चार माध्यमले देखेको आन्दोलन

## मिडिया विश्लेषण

कुनै पनि क्रियाकलाप, गतिविधि सबैसामु पुग्ने सबैभन्दा महत्वपूर्ण साधन हो सञ्चार माध्यम । यसले नै सानो कोठामा बोलिएका कुरादेखि त्यहाँ भएका कामसमेत सर्वव्यापी बनाउन सक्छ । यदि सञ्चार माध्यम नहुँदो हो त कुनै पनि काम, कुरा थोरै मानिसले मात्र थाहा पाउँथे । धेरै मानिस त्यो जानकारीबाट टाढै रहन्थे ।

हुन त सबै कुरा सबैले थाहा पाउनु जरुरी पनि छैन । तर भूमि अधिकारबाट वञ्चितहरुले गरिरहेको जस्तो आन्दोलन भने सबैले थाहा पाउनु आवश्यक छ । एकातर्फ यो सामाजिक आन्दोलनकै रुप भएकाले समाजका सबै मानिसले थाहा नपाएसम्म उनीहरुको समस्याले निकास पाउन सक्दैन भने अर्कोतर्फ सरकार, प्रशासन, राजनीतिक दल आदिले पनि थाहा पाउनु जरुरी छ ।

यसरी सबैले थाहा पाएमात्र समस्याको आकार बुझ्न सकिन्छ । अनिमात्र त्यसलाई समाधान गर्ने खाका तयार हुन सक्छ । नत्र न समस्या आङ्कलन गर्न सकिन्छ न त समाधानका लागि चासो नै जाग्न सक्छ । विभिन्न सञ्चार माध्यमले समस्याका रुप, यिनले पारिरहेका प्रभाव, यसले पार्न सक्ने असर र भविष्यमा उत्पन्न हुनसक्ने थप समस्या चित्रित गरिदिएमात्र समस्या समाधानका लागि सबैले चासो देखाउने बाध्यता आइलाग्छ । यस अर्थमा सञ्चार माध्यमले पीडितका समस्या समाधानका लागि दबाबमूलक भूमिका पनि निर्वाह गरिरहेका हुन्छन् ।

सञ्चार माध्यमलाई आवाजबिहीनका आवाज पनि भनिन्छ । त्यसैले पछाडि पारिएका, अन्यायमा पिल्सिन बाध्य बनाइएका र अवसरहरुबाट वञ्चित गराइएकाहरुको पीडा, मर्का आदि सार्वजनिक गर्नु तथा उनीहरुलाई यसबाट मुक्ति दिलाउन प्रयास गर्नु पनि उसको काम हो । यही कारण पनि भूमिहीन अर्थात् गरिबले गर्ने आन्दोलनको वकालत उसको पेशागत धर्म



निर्वाह पनि हो । यस अर्थमा सञ्चार माध्यमले गर्ने प्रचार, प्रसार र प्रस्तुतिले आन्दोलनको सफलता र असफलतामात्र हैन, यसले समाजमा पार्ने सकारात्मक र नकारात्मक धारणालाई पनि प्रभावित पार्न सक्छ ।

यिनै विषयवस्तुका आधारमा हेर्दा कुनै पनि सामाजिक आन्दोलनलाई सञ्चार माध्यमले कसरी चित्रण गरेका छन् भन्ने कुरा महत्वपूर्ण हुन जान्छ । आम मानिसको धारणा र सोच नै परिवर्तन गरिदिन सक्ने शक्ति भएकाले पनि सञ्चार माध्यमको महत्व वृद्धि हुन गएको हो । यही परिप्रेक्ष्यमा भूमि अधिकारबाट वञ्चितले चैत १ गतेदेखि गरेको राजधानी केन्द्रित आन्दोलनलाई पनि सञ्चार माध्यमले कसरी प्रस्तुत गरे भन्ने हेर्न जरुरी छ । किन पनि यो आवश्यक छ भने उसको प्रस्तुति र आन्दोलनप्रतिको हेराइ बुझ्न सकियो भने जनमानसमा यो आन्दोलनले छाडेको छाप आङ्कलन गर्न सकिन्छ, जबकि यही कामका लागि प्रत्येक व्यक्तिसँग बुझ्नु सम्भव हुँदैन ।

अर्कोतर्फ उसले गलततवरले व्याख्या गरेको रहेछ भने त्यसको कारण खोज्न मद्दत पुग्छ । आफ्ना कमीकमजोरी सच्याउने अवसर पनि प्राप्त हुन्छ । उनीहरुको बुझाइमा कमजोरी रहेछ भने त्यसलाई निमिट्यान्न पार्ने प्रयास गर्न सकिन्छ । अनि गलत सन्देश गएको रहेछ भने त्यसलाई सच्याउने, खण्डन गर्ने, सुधार गर्ने वातावरण पनि तयार हुन्छ । अर्कोतर्फ बढाइचढाइ गरिएको रहेछ भने त्यसलाई नियन्त्रण गर्ने आवश्यकता पनि महसुस हुन्छ । यी सबै कारणले गर्दा सामाजिक आन्दोलनलाई सञ्चार माध्यमको नजरले नियाल्नु आवश्यक छ ।

यसरी नियाल्दा सङ्ख्यात्मक, गुणात्मक, प्रभाव आदिका आधारमा हेर्नुपर्ने हुन्छ । त्यसैगरी प्राथमिकता, प्रस्तुति, गहनता आदिका दृष्टिले पनि विश्लेषण आवश्यक छ । खबर छापियो वा प्रशारण भयो भन्दैमा त्यसले सकारात्मक नै छाप छाड्ने सोचियो भने त्यो गलत पनि सावित हुन सक्छ । त्यसैले यी विभिन्न दृष्टिकोणबाट विश्लेषण गरिएमात्र सही निष्कर्षमा पुग्न सकिन्छ । भूमिहीनले गरेका राजधानी केन्द्रित आन्दोलनलाई यिनै कसीमा जाँच्न उपयुक्त हुन्छ ।

## सङ्ख्यात्मक आधारमा हेर्दा

यो आधारबाट हेर्दा मूलधारका ठूला पत्रिकामध्ये कान्तिपुर दैनिकले ३ र ९ गते गरी आन्दोलन अवधिभर जम्मा दुई वटा समाचारमात्र दियो । त्यसैगरी काठमाडौं पोष्टले २ वटा समाचार छाप्यो भने अन्नपूर्ण पोष्टले २, ४ र ९ गते गरी तीन वटा समाचार छाप्यो । त्यसैगरी गोरखापत्रले यस अवधिमा ४ वटा समाचार छाप्यो भने नागरिकले २ र ८ गते गरी दुई वटामात्र समाचार छापेको छ । राजधानीले ९ गतेमात्र एउटा समाचार छाप्यो भने दि हिमालयन टाइम्सले ९ गते एउटा समाचार दिएको थियो ।

त्यसैगरी अनलाइनर्फ वन्सन्युजडटकमले ६, ७, ८ र ९ गते चार दिन समाचार दियो । यसैगरी दिहिमालयनटाइम्सडटकमले ६ र ९ गते गरी दुई वटा समाचार दियो भने मसडटकमले २ वटा समाचार दियो । इकान्तिपुरले एउटामात्र समाचार दियो भने नागरिकन्युजडटकमले पनि मात्र एउटा समाचार दियो । थुप्रै अनलाइनले पनि समाचार साभार गरेर दिए ।

यसैगरी टेलिभिजनतर्फ एभीन्युजले आन्दोलनको अघिल्लै दिन अर्थात् फागुन ३० गते फ्ल्यास न्युजअन्तर्गत फुच्चे समाचार दिएको थियो भने यसले हरेक दिन आन्दोलनको समाचार दिइरह्यो । त्यसरी नै ६ गते विशेष खबर भने छुट्टै समाचारमूलक सामग्री प्रशारण गर्‍यो । उता सगरमाथाले हरेक दिन समाचार दिइरह्यो । यसले अन्तर्वार्ता पनि दिएर आन्दोलनको उद्देश्य र माग प्रष्ट बनाउन सहयोग पुर्‍यायो । न्युजट्वान्टीफोरले आन्दोलन अवधिभर समाचार दियो । ८ गते पावर न्युज कार्यक्रमअन्तर्गत यो आन्दोलन, यसका सहभागी र आन्दोलनको प्रक्रिया आदिबारे सबैलाई जानकार गराउन सहयोग पुर्‍याएको थियो । यसले २ पटक अन्तर्वार्ता पनि लिएको थियो ।

एबीसी र कान्तिपुर टेलिभिजनले पनि पटकपटक भूमिहीनका यो आन्दोलनबारे समाचार दिए । कान्तिपुरले चैत २ गते जनमत कार्यक्रमअन्तर्गत आन्दोलनबारे विशेष सामग्री प्रशारण गरेर धेरैको ध्यान आकर्षित गरेको थियो । अन्य टेलिभिजन च्यानलले पनि आन्दोलनको समाचार राम्रोसँग प्रशारण गरे ।



रेडियो नेपालले राम्रैसँग आन्दोलनको समाचार दियो । महिला अधिकार विषयक कार्यक्रमअन्तर्गत रेडियो नेपालले एउटा विशेष कार्यक्रम नै प्रशारण गरेको थियो । यसैगरी उज्यालो नेटवर्क, नेपाल एफएम, गोरखा एफएमलगायत्ले पनि समाचार र गतिविधि राम्रैसँग दिए । खासगरी उज्यालो र नेपाल एफएमले भने विभिन्न विशेष कार्यक्रममार्फत् पनि आन्दोलनका कार्यक्रमलाई महत्वसाथ स्थान दिएका थिए ।

कुनै पनि कार्यक्रम वा गतिविधिको समाचार यति पटक वा यति स्थानमा आउनुपर्छ भन्ने नियम कहीँ पनि हुँदैन । र, अर्को कुरा यसरी प्रचार, प्रसार हुने सामग्री सञ्चार माध्यममा कसरी र कहाँ ल्याउने भन्ने पहुँच पनि आन्दोलनकारीसँग हुँदैन । त्यसैले भूमिहीनका आन्दोलन यसरी आउनु ठीक वा बेठीक के थियो भनेर केलाउनुभन्दा पनि यसमा सन्तोष मान्नुको विकल्प हुन्न । अझ कतिपय आन्दोलनहरु सञ्चार माध्यमको प्राथमिकतामा नपरेका बेला भूमि अधिकारबाट वञ्चितको आन्दोलनले यति हदसम्म स्थान पाउनु सकारात्मक कोणबाट हेरिनु राम्रो हुन्छ ।

सञ्चार माध्यम तीन प्रकारका हुन्छन् । हेर्नेमा टेलिभिजन, सुन्नेमा रेडियो र पढ्नेमा पत्रिका । यो आन्दोलनलाई खासगरी हेर्ने सञ्चार माध्यमले बढी माया गरेको पाइयो । टेलिभिजनहरुले लगातार आन्दोलनबारे सामग्री प्रशारण गर्नाले विद्युत् र टेलिभिजनको पहुँच भएका ठाउँमा आन्दोलनको प्रभाव राम्रो पर्न सक्यो । टेलिभिजन खासगरी युवायुवतीले हेर्ने भएकाले उनीहरुसम्म भूमिहीनका आवाज पुग्न सक्नु राम्रो पक्ष मान्नुपर्छ । त्यसपछि हरेक दिन रुचि बढ्दै गएको अनलाइन सञ्चार माध्यमले राम्रोसँग दिएको स्थानलाई पनि सकारात्मक हिसावले हेर्नुपर्छ ।

तर पनि एउटा साँचो कुराचाहिँ के हो भने विद्युत्, रेडियो, टेलिभिजन र इन्टरनेटको पहुँच धेरै ठाउँमा नपुगिसकेको हाम्रो देशमा पत्रिका नै अहिलेसम्म सञ्चार माध्यममध्ये सबैभन्दा बढी प्रभावकारी मानिन्छ । यस अर्थमा भूमिहीनको आन्दोलन पनि जति बढी पत्रिकामा आयो, उति नै प्रचार हुने सम्भावना रहन्छ । तर विडम्बना, पत्रिकाले भने सोचिए जति अर्थात् दिनुपर्ने जति स्थान दिएको देखिन्न । जसबाट आन्दोलनबारे धेरै मानिस जानकार हुन पाएनन् । यसतर्फ आगामी आन्दोलन र गतिविधि आयोजना गर्दा सोच्नुपर्ने देखिएको छ ।

टिभीको कुरा एकछिन हेरेपछि गइहाल्ने र रेडियोको कुरा एकछिन सुनेपछि धेरै समय नरहने भएकाले पत्रिकाको बढी महत्व भएको हो । पत्रिका धेरै पछिसम्म पनि पढ्न पाइने र यसलाई सङ्ग्रह गरेर पछिपछिसम्म राख्न पाइने, साथै अरुलाई पनि पढाउन सकिने भएकाले हाम्रो जस्तो साक्षर कम भएको मुलुकका लागि अहिलेसम्म पनि पत्रिका नै महत्वपूर्ण प्रचार सामग्रीका रुपमा रहिआएको हो । तर पत्रिकामै कम समाचार आउनु भने दुखद् पक्ष हो । यसैगरी मोफसलका सञ्चार माध्यमले पनि धेरथोररुपमा आन्दोलनका समाचार प्रचार प्रसार गरे ।

## गुणात्मक आधारमा केलाउँदा

कुनै पनि सञ्चार माध्यमले गतिविधिका समाचार दिए भन्दैमा हुँदैन । उनीहरुले दिएका सामग्रीले उल्टै आन्दोलनलाई घाटा पुर्‍याउने पनि हुन सक्छ । अर्कोतर्फ विषयवस्तुको गहिराईमा नपुगी दिएको विवरणमात्रले सामाजिक आन्दोलनलाई खासै फाइदा पुर्‍याउँदैन । यसरी दिइएका सामग्रीले आवाजबिहीनको आवाज भन्ने मान्यतालाई पुष्टि गर्दैन । न पुग्नुपर्ने ठाउँमा दबाब पुग्छ, न सहभागीले नै केही राहत पाउने अवस्था रहन्छ । त्यसैले गुणात्मक हिसावले सम्पन्न खबरले मात्र पीडितको घाउमा मह्लमपट्टी लगाउने सामर्थ्य राख्छ ।

गुणात्मक पक्ष भन्नाले समाचारले आन्दोलन वा कार्यक्रमको उद्देश्यमा ध्यान दियो कि दिएन भन्ने हो । उद्देश्यप्रति नै समाचार मौन छ भने यो केका लागि आयोजित थियो भन्ने जिज्ञासा बाँकी रहन्छ । हाम्रो जस्तो दोहोरो सम्वाद नहुने सञ्चार माध्यममा दर्शक वा पाठकको जिज्ञासा मेटाउने अर्को उपाय पनि छैन । यस्तो अवस्थामा ऊ कार्यक्रम वा आन्दोलनप्रति विश्वस्त हुन सक्दैन । अनि न उसले यसबारे बुझ्ने हैसियत राख्छ, न सहयोग पुर्‍याउने नै ।

आन्दोलनकारीका मागबारे समाचार वा सञ्चार माध्यमका कार्यक्रम मौन रहे भने पनि प्रश्न थुप्रै उब्जन्छन् । त्यसैले उनीहरु के मागका लागि किन र कस्तो दबाबमूलक कार्यक्रम गर्दैछन् र यो जरुरी थियो कि थिएन भन्नेबारे पनि समाचारहरु भित्र पस्न सक्नुपर्छ । हल्काफुल्का कुराले मात्र समाचारकर्ताको दायित्व पूरा हुन सक्दैन । अर्थात् मुद्दामा आधारित समाचारले मात्र आन्दोलनलाई बल पुर्‍याउँछ । कार्यक्रममा आधारित समाचार आवाजबिहीनको आवाज बन्न सक्दैन ।



उदाहरणका लागि आन्दोलनको चौथो दिन अन्नपूर्ण पोष्ट दैनिकमा छापिएको एउटा समाचारलाई लिन सकिन्छ । खनाललाई हलो उपहार शीर्षकमा समाचार छापिएको छ । जसमा एमाले मुख्यालय घेर्न र आफ्ना माग पूरा गराउन दबाब दिन गएका आन्दोलनकारीले त्यहीँ रहेका प्रधान मन्त्री झलनाथ खनाललाई हलो उपहार दिइएको उल्लेख छ ।
हलो दिएको खबर साँचो हो तर हलो किन दिइयो र यसको अर्थ के थियो भन्नेबारे उक्त खबरकर्ताले बुझ्न चाहेनन् । अनि त्यसबारे आम पाठकलाई जानकारी गराउनु आवश्यक पनि ठानेनन् । कृषिप्रधान देशमा जन्मेका किसानको छोरो भएर पनि कृषि श्रमिकको आवाज नसुन्ने वा रातदिन खेतबारीमा हलो खियाउने भूमिहीनका समस्या सधैं स्मरण गराइरहन र यसको समाधानका लागि झक्झक्याउन उनीहरुले हलो उपहार दिएका थिए । प्रधान मन्त्री भएकैले मात्र उपहार दिन चाहेको भए स्वयम्भूनाथको मन्दिर दिन्थे । त्यसैले यसको अर्थ र सङ्केतप्रति सञ्चारमाध्यम जानै चाहेनन् । अन्नपूर्ण पोष्टमात्र हैन, त्यो समाचार दिने कुनै पनि सञ्चारमाध्यमले यसको अर्थभित्र पस्न चाहेनन् ।

यसैगरी खासगरी अनलाइनहरुले निकै अग्रसरता देखाएर समाचार दिए । तर ती कुनै पनि समाचारले आन्दोलनकारीले दुर्गम गाउँबाट शहर आएर आन्दोलन गर्नुपर्नाको मुख्य कारण दिएनन् । अनि उनीहरुले राखेका मुख्य माग भूमि सुधार गर्नुपर्ने र संविधान समयमै निर्माण हुनुपर्ने मागबीचको सम्बन्ध पनि खोतल्न आवश्यक ठानेनन् । अनलाइनमात्र हैन, पत्रिका र टेलिभिजनहरुले पनि यी दुई मागबीचको अन्तरसम्बन्ध खोज्न सकेनन् । यही कारण नारा सुन्ने धेरैले संविधान समयमै बन्नुपर्ने भूमिहीनले राखेका मागलाई राजनीतिक दलका आँखाले विश्लेषण गरे । अर्थात् उनीहरु कुनै एक दल विशेषको उक्साहटमा लागेर आन्दोलनमा आएका लख काट्नेहरुलाई ठाउँ मिल्यो ।

## सम्पादकीय

खासगरी पत्रिकामा छापिने सम्पादकीय त्यो पत्रिकाको धारणा के रहेछ भन्ने जान्ने माध्यम हो । समाचार वा विचारले कुनै पनि घटनाप्रति पत्रिकाको धारणा थाहा पाउन सकिन्न । समाचारमा विचार राख्ने चलन हुँदैन । त्यसैगरी विचार लेखकको व्यक्तिगत हुने भएकाले त्यसबाट पत्रिकाको

प्रतिनिधित्व हुँदैन । यस्तो अवस्थामा पत्रिका वा त्यो निकाल्ने प्रकाशन गृहको विचार जान्ने एकमात्र आधार त्यही सम्पादकीय हुने गर्छ ।
विशेषगरी महत्वपूर्ण सवाल, घटना आदिबारे मात्र सम्पादकीय लेखिन्छ । सम्पादकीय लेखेपछि कुनै पनि समस्या समाधान गर्न, त्यसप्रति ध्यान दिन सरकार वा सम्बन्धित निकायलाई ठूलै दबाब पर्छ । कुनै विषय सम्पादकीयमा आएपछि सरकार वा सम्बन्धित पदाधिकारीको त्यसतर्फ ध्यानाकर्षण नभई रहन सक्दैन । किनकि यस ठाउँमा कुरो उठ्नु भनेको निकै ठूलो दबाब पनि हो । यसैले सम्पादकीयकै कारण धेरै समस्या समाधान भएका थुप्रै उदाहरण छन् ।

दिनरात जमिनमा श्रम गरेर अन्न उब्जाउने अनि जग्गावालका भकारी भरिदिने तर आफैं भने पेटभर खान नपाउने र बालबच्चासमेत भोकै सुताउने जमातले गरेको आन्दोलन निकै मर्मस्पर्शी थियो । चौबीसै घन्टा नङ्ग्रा खियाउने जमिनको माटोमा एकरत्ति पनि अधिकार नहुने अवस्थाले उनीहरुलाई भावविह्वल बनाउनु कम्ता संवेदनशील विषय थिएन । त्यसैले यस्तो मानवीय विषय भएकाले उनीहरु आन्दोलित हुने अवस्था नै पत्रिकाहरुका मुख्य समाचार बन्नुपर्थ्यो । दुर्गम गाउँका हजार भूमिहीन किसान महिला राजधानी ओइरिएको विषय सबै पत्रिकाका सम्पादकीय बन्नुपर्थ्यो । शायद सम्पादकीय यस्तै विषयका लागि लेखिन सुरु भएको थियो ।

तर विडम्बना, नेपालका पत्रिकाहरुका लागि यो विषय सम्पादकीयमा अट्न सकेन । अन्नपूर्ण पोष्टबाहेक कसैले उनीहरुको मर्म बुझेन । अन्नपूर्ण पोष्टले भने चैत ८ गतेको अङ्कमा सुन राजधानी शीर्षकमा यी भूमिहीनले गरेका आन्दोलनबारे लेख्यो । अनि भन्यो- भूमि सुधार जस्तो संवेदनशील विषयमा राजधानी बहिरो बन्नु लज्जाको विषय हो ।
भूमिमा महिलाको अधिकार स्थापना गर्ने विषयलाई ५६ वर्षको योजनाबद्ध विकासले समेत कहिल्यै सम्बोधन गर्नुपर्छ भन्ने दायित्व ठानेन भन्दै उक्त सम्पादकीयले लेखेको छ- गरिबीको ढाडमा टेकेर उभिएको लोकतन्त्रको भविष्य हुँदैन भन्ने कुरामा दलहरुको चेत नखुल्नु सबभन्दा ठूलो विडम्बना हो ।

यसरी सरकारलाई गरिबको उपेक्षा गर्दा तिम्रो शासनसमेत दीगो हुँदैन भनेर चेतावनीसमेत दिएको छ यो सम्पादकीयले । जसको अर्थ हुन्छ- यो पत्रिका गरिबको पक्षमा पत्रकारिता गरिरहेको छ । अर्थात् आवाजबिहीनको



आवाज बनेर यसले पत्रकारिताको धर्म निर्वाह गरिरहेको छ । समाचार र विचारभन्दा निकै धेरै र ठूलो शक्ति सम्पादकीयमा हुने भएकाले यसमा आएपछि सम्बन्धित पक्षलाई दबाब पर्नु स्वाभाविकै पनि हो । राजनीतिक आन्दोलनहरुका बेला सम्पादकीयमा सरकार छाड्नुपर्ने सल्लाह र सुझाव आउन थालेपछि शासकहरु अत्तालिने गर्छन् । यसको कारण पनि सम्पादकीयमा हुने शक्ति नै हो ।

तर नेपालका पत्रिकाहरुले भने यो स्थानमा गरिब भूमिहीनका कुरालाई प्राथमिकता नदिएर ठूलो गल्ती गरेका छन् । त्यसो त समाचार र विचारमूलक लेखहरुमै पनि पत्रिका यो मामलामा चुकेका छन् । मुद्दा छनौटमा समस्या, छापिने स्थानमा भेदभाव, समस्याप्रतिको बुझाइमा कमी र सबै आन्दोलन उस्तै हो भनेर सामान्यीकरण गर्ने बानीका कारण पनि यसो भएको हुन सक्छ । जे होस्, यति ठूलो र संवेदनशील सवालमा सञ्चारमाध्यम पछि परेकै ठोकुवा गर्न सकिन्छ ।

## लेख

मुलुकमा थुप्रै लेखक छन्, जसले हप्ताका सातै वार सबै पत्रिकामा स्तम्भदेखि अन्य स्थानमा पनि विभिन्न विषयमा लेखिरहेका हुन्छन् । विषय अभावमा कुनै एउटा चरा वा बीउको बारेमा हजारौं शब्द ओकलिरहेका हुन्छन् । तर आठ दिनसम्म खुलामञ्चको पातलो पालमुनि रात काट्ने यी भूमिहीनका आन्दोलन तिनका विषय बन्न सकेनन् । यिनीहरुले उठाएका माग, सहभागिता, आन्दोलनको प्रक्रिया, अनि आफैं मानामुठी बटुलेर आएका विषयले पनि यी ठूला लेखकलाई छुन सकेन ।

नाम चलेका लेखक पनि यसबाट टाढै रहे । कृषि श्रमिक, श्रमिक महिला, दुर्गम गाउँदेखिको यात्रा, कहिल्यै काठमाडौं नदेखेकाहरुको उत्साह, चोटिला नारा, गुन्द्रुक र भातले निकालेको जोस आदि कुनै पनि विषयले उनीहरुलाई आकर्षित गर्न सकेन । कारण स्पष्ट थियो कि उनीहरु सुकिलामुकिला थिएनन् । यी लेखकहरुसम्म यिनीहरुको पहुँच थिएन । न लेखिदिएवापत केही सहयोग नै गर्न सक्थे यिनले ती लेखकलाई । त्यसैले लेखकहरुले भूमिहीनको यति ठूलो र महत्वपूर्ण आन्दोलनलाई ‘ब्ल्याकआउट’ नै गरे अपवादबाहेक ।

धन्न अन्नपूर्ण पोष्ट र नागरिक दैनिकले भने एक एक वटा भए पनि लेख छापे यसबारे । नागरिकमा रघुनाथ लामिछाने र अन्नपूर्ण पोष्टमा ममता शर्माले भूमिहीनले गरेका आन्दोलनको महत्व झल्काउँदै यसबारे सम्बन्धित निकायको ध्यान तत्काल जानुपर्ने धारणा राखेका थिए । करिब करिब उस्तै मर्म भएका यी दुई लेखले ऋण काढेर र सुकामोहर उठाएर आएका गरिब महिलाको माग सम्बोधन गर्नमा कुनै ढिलाइ गरिए त्यसले समाजमा द्वन्द्वमात्र निम्त्याउने खतरा पनि औंल्याइएको छ ।

सरकारले पटकपटकका आन्दोलनमा सम्झौता गरेर धोका दिएकाले यस पटकको सम्झौताचाहिँ पालना गर्नैपर्ने नत्र त्यसको नतिजा महङ्गो पर्न जाने चेतावनी पनि लेखहरुमा छ । जमिनको अन्यायपूर्ण वितरणलाई नसच्याएसम्म विभेद कायमै रहने भएकाले भूमि सुधार जरुरी भएको पनि उनीहरुले बताएका छन् । त्यसैगरी स्वामित्वको कुरा गर्दा महिलालाई पन्छाइयो भने त्यस्तो स्वामित्वले फेरि पनि महिलामाथि न्याय नगर्नेतर्फ पनि उनीहरुले सचेत गराएका छन् ।

अन्नपूर्ण पोष्टले हरेक साता निकाल्ने गरेको सङ्गी नामक विशेषाङ्कमा भूमिहीनका समस्या, उनीहरुले जिइरहेको जीवन र भूमिहीनताका कारण झेल्नुपरेका दुःख, पीडा राम्रैसँग उजागर भयो । विभिन्न भूगोल र परिस्थितिबाट आन्दोलनमा सहभागी हुन आएकाहरुको विचार, पीडा आदिलाई तस्बिरसहित दिइनाले सहभागीको मनोबल बढेको थियो ।

यो सामग्रीले यो आन्दोलन कस्तो हो, कसले आयोजना गरेको हो, किन गरेको हो, यसमा सहभागी को हुन र उनीहरु के मागका लागि यहाँ आएका हुन भन्ने प्रष्ट्याउन मद्दत गरेको छ । कुन राजनीतिक दलका केही व्यक्ति आएर होहल्ला गरेका हुन भन्नेलाई यो सामग्रीले जवाफ दिन सकेको छ । त्यसैगरी उनीहरु कसरी र कुन कष्टले यहाँसम्म आउन सफल भए र त्यसका लागि कति जनासँग सहयोगको हात पसार्नुपर्‍यो भन्ने दृष्टान्त पनि सहभागीकै मुखारविन्दबाट सार्वजनिक भएको छ । जसले आन्दोलनप्रतिका नकारात्मक टिप्पणीलाई मत्थर पार्न सहयोग पुर्‍याएको थियो । यस अर्थमा यो सामग्री निकै प्रभावी रह्यो ।



## पाठकपत्र

पाठकपत्र सम्बन्धित घटनाबारे सबैलाई जानकार गराउने अर्को स्थान हो । चोटिलो र आकर्षकतवरले लेखिएको पाठकपत्रले निकै वाहवाही पाएको वा नीति निर्माण तहसम्म प्रभाव परेका घटना पनि थुप्रै छन् । त्यसैले पाठकपत्र पनि मनमा लागेका कुरा वा नयाँ जानकारी अर्थात् धारणा पाठकसामु लैजाने सशक्त माध्यम बन्न पुगेको छ । अझै सबैतिरबाट समस्या सार्वजनिक गरेर त्यसलाई समाधानका लागि दबाब दिनुपर्ने भूमिहीन जस्ताको आन्दोलनमा त पाठकपत्र झनै महत्वपूर्ण स्थान हुन जान्छ ।

भूमिहीन महिलाले आन्दोलन गरिरहेका बेला अर्थात् चैत ८ गते कान्तिपुरले भूमिहीनका माग पूरा गर शीर्षकमा एउटा पाठकपत्र छाप्यो । आन्दोलन भइरहेका बेला छापिएको यो पत्रले आन्दोलनकारीलाई हौसला प्रदान गर्‍यो भने पाठकलाई जानकारी दिन सक्यो आन्दोलनबारे । अनि नीति निर्माता र नेताहरुलाई पनि थोरै नै किन नहोस्, दबाब दिन सक्यो यो पत्रले । यस्ता पत्र धेरै र सबैजसो पत्रिकामा आइरहने हो भने समस्या सार्वजनिकीकरण हुन र दबाब सिर्जना हुनमा निकै फलदायी सावित हुन्छ ।

## तस्बिर

एउटा समाचार, विचार बोकेको लेख वा सम्पादकीय जति शक्तिशाली हुन्छ, त्योभन्दा शक्तिशाली हुन्छ अर्थसहितको तस्बिर । त्यसैले ठूलो ठूलो शीर्षक दिएर छापिएका वा ठूला ठूला स्थान दिएर छापिएका समाचारभन्दा मिलेको र हृदयस्पर्सी तस्बिर निकै गुना प्रभावकारी हुन्छ । यसले पाठकको ध्यान तुरुन्त आकर्षित गर्न सक्छ । अनि तस्बिरले पछिसम्म मनमा बास गरिरहन सक्छ । वा यो सम्झिरहने विषय बन्न सक्छ । त्यसैले तस्बिरले पछिसम्म पनि दिमागमा स्मरण गराइरहने हुन्छ ।

यो आन्दोलनबारे पनि धेरै सञ्चारमाध्यमले तस्बिर छापे । समाचार नै नदिएकाले पनि तस्बिरचाहिँ छापेको पाइयो । जस्तो- आन्दोलन अवधिभर काठमाडौं पोष्टले चार वटा तस्बिर प्रकाशन गर्‍यो भने कान्तिपुरले दुई वटा तस्बिर छाप्यो । त्यसैगरी अन्नपूर्ण पोष्टले दुई वटा तस्बिर छापेको थियो । अन्नपूर्ण पोष्टकै सङ्गी नामक विशेषाङ्कमा भने थुप्रै सहभागीको छुट्टाछुट्टै तस्बिर छापिएको थियो ।

त्यसैगरी गोरखापत्रले तीन वटा, नागरिक दैनिकले दुई वटा, राजधानीले एउटा र आर्थिक दैनिक कारोबारले दुई वटा तस्बिर प्रकाशन गरेको थियो । समाचार दिने सबै अनलाइनले तस्बिरसहित दिएका थिए । अनलाइनहरुले समाचारविनैका तस्बिरहरु पनि राम्रोसँग दिएका थिए ।

वृद्ध सहभागी, उनीहरुले नारा लगाउँदा र धर्ना दिँदा देखाएका जोश र व्यक्त गरेका पीडा तस्बिरका रुपमा सञ्चारमाध्यमले बढी रुचाएका पाइयो । खासगरी कृषि औजार हलो, कुटो, कोदालो, खर्पन जस्ता सामग्रीसहितको र्‍याली र नेताहरुलाई त्यस्ता सामग्री उपहार दिइएको क्षण उनीहरुको रोजाइमा परेको देखियो । तर पनि किन यसो गरिएको थियो भन्ने चिनारीसहितको तस्बिरचाहिँ कमैमात्र प्रकाशन भयो । जे होस्, पछिसम्म छाप छाड्न सफल हुने भएकाले महत्वपूर्ण ठानिने तस्बिरलाई सञ्चारमाध्यमले दिएको स्थान तुलनात्मकरुपले राम्रै रह्यो ।

## टेलिभिजन

भूमि अधिकारबाट वञ्चितले चलाएको यो आन्दोलनमा टेलिभिजनहरुले निकै राम्रोसँग समाचार प्रशारण गरे । बोलाइ कम र दृश्य बढी हुने टेलिभिजनको स्वभावअनुसार यो हेर्नेले देखेरै बढी कुरा थाहा पाउँछन् । यसमा अन्य सञ्चारमाध्यमको तुलनामा बनावटीको सम्भावना कम हुन्छ । त्यसैले टेलिभिजनहरुले देखाउने कुरा मानिसले सहजै पत्याउने अवस्था हुन्छ । त्यसैले टेलिभिजनले दिएका खबर दर्शकसामु बढी पत्यारिलो वा विश्वसनीय हुने गर्छ ।

यो कार्यक्रमको खबर एभिन्युज, सगरमाथा, न्युज ट्वान्टीफोर, एबिसी, नेपाल, हिमालयन, माउन्टेन, तराइ, कान्तिपुर, नेपाल वन, इमेज च्यानल, नेशनल र बिबिसी टेलिभिजनले समेत दिएका थिए । उनीहरुले लगातारजसो भूमिहीनका आन्दोलनबारे समाचार प्रशारण गरे । जसले गर्दा भूमिहीनको आन्दोलन र समस्याबारे धेरैलाई जानकारी हुन सक्यो ।
पछिल्लो समय नेपालमा ह्वात्तै विकास हुनेमा टेलिभिजन च्यानल पनि एक हो । त्यसैले धेरैको सङ्ख्यामा रहेका टेलिभिजनले पटकपटक समाचार दिइरहनाले समस्या सार्वजनिक हुन मद्दत पुग्यो । अझ विशेष कार्यक्रमहरु बनाएर वा अभिमतका रुपमा दिइएका सामग्रीको छुट्टै महत्व हुन्छ ।



यसरी पनि टेलिभिजनहरुले भूमिहीनका माग प्रचारप्रसारमा राम्रो भूमिका निर्वाह गरे ।

## रेडियो

नेपालमा साक्षर वा पत्रिका पढ्न सक्नेका सङ्ख्या एकदमै कम छ । अर्कोतर्फ धेरै स्थान दुर्गम भएकाले पत्रिका जाने सम्भावना कम छ । गए पनि धेरै ढिलोमात्र जाने गर्छ । त्यसमाथि दिनानुदिन पत्रिका किनेर पढ्ने हैसियत पनि धेरै नेपालीको छैन । यस्तो अवस्थामा रेडियो धेरैभन्दा धेरै नेपालीको समाचार र मनोरञ्जन प्राप्त गर्ने प्रमुख साधन बन्दै आएको छ ।

यस्तो अवस्थामा नेपालका रेडियो खासगरी एफएमहरुले भूमिहीनले गरेको आन्दोलनलाई राम्ररी समाचार वा अन्य कार्यक्रमका रुपमा दिनु भनेको त्यो सबैभन्दा चाँडो र सबैभन्दा धेरै नेपालीकहाँ पुग्नु हो । यो कार्यमा रेडियोहरुले राम्रैसँग सघाए । तत्काल स्रोताकहाँ पुग्ने र के भइरहेको छ भन्नेबारे थाहा पाउने माध्यम भएकाले रेडियोलाई मानिसलाई ताजा बनाइरहने काम पनि गर्छ । यसरी भूमिहीनले राजधानी थर्काएका समाचार दिएर रेडियोहरुले गाउँघरसम्मै भूमिहीनका समस्या उजागर गर्न सघाए ।

खासगरी उज्यालो नेटवर्क, नेपाल एफएम, गोरखा एफएम, रेडियो नेपाल जस्ता रेडियोले आन्दोलनका खबर बढी प्रभावकारी ढङ्गले प्रस्तुत गरे । देशका थुप्रै सामुदायिक रेडियोसँग सम्बन्ध भएको उज्यालो नेटवर्क, नेपाल एफएम जस्ता रेडियोले दिएका सामग्री बढी प्रभावकारी देखिए । समस्या र समस्या समाधानका लागि भएका प्रयास, अनि त्यसबारे भएका गतिविधि दिएर रेडियोले स्रोतालाई जानकारी दिइरहेबाट आन्दोलनकारीको उत्साह वृद्धिमा सघाउ पुगेको पाइयो ।

## अनलाइन

पछिल्लो पटक मुलुकमा थुप्रै अनलाइन सञ्चारमाध्यम सञ्चालनमा छन् । हुन त बिजुली र इन्टरनेट नभएको स्थानमा यो काम लाग्दैन तर पनि मानिस बेफुर्सदिला हुँदै गइरहेको अवस्थामा तत्कालै समाचार थाहा पाउन चाहनेका लागि अनलाइन लोकप्रिय हुँदै गइरहेको छ । खासगरी शहरिया बस्ने स्थान, कार्यालयहरु, देशी/विदेशी गैरसरकारी संस्थाका जागिरे र नीति निर्माण तहमा बस्नेहरुले अनलाइनको भर पर्ने चलन बढ्दो छ ।

त्यसैगरी विदेशमा बस्नेले नेपालको जानकारी तत्काल सहजै पाउने एकमात्र भरपर्दो माध्यम पनि अनलाइन नै हो ।

त्यसैले भूमिहीनका खबर अनलाइनले दिनु भनेको शहरिया, पढेलेखेका, सौखिन र विदेशमा बस्ने नेपालीसमेतले यसबारे थाहा पाउनु हो । अनलाइनहरुले खबर दिएर यिनीहरुलाई भूमि अधिकारबाट वञ्चितहरुले राजधानी थर्काएका खबर बारम्बार दिनु आन्दोलनकारीका लागि राम्रो खबर हो ।

यस क्रममा वन्सन्युजडटकम, दिहिमालयनटाइम्सडटकम, मसडटकम, इकान्तिपुरडटकम र नागरिकन्युजडटकम आदि अनलाइनले राम्रैसँग आन्दोलनका समाचार दिए । तस्बिरसहितका समाचारले पाठकलाई बढी नै विश्वस्त हुन सघायो । पत्रिका, टेलिभिजन र रेडियोसँग सीमित स्थान र समय हुन्छ । त्यसैले त्यहाँ धेरै खबर वा कार्यक्रम प्रसारण, प्रकाशन गर्न समस्या हुन सक्छ । तर अनलाइनमात्र त्यस्तो सञ्चारमाध्यम हो, जसमा समय र स्थानको सीमितता हुँदैन ।

यस अर्थमा अनलाइनहरुले भूमि अधिकारबाट वञ्चितका समाचार धेरै दिन सक्थे । तर यसो गरिएको भने पाइएन । थोरै समाचारदाताले काम चलाउने भएकाले पनि यसो भएको हुन सक्छ । तर आन्दोलनका सहभागीहरु अनलाइन सेवाहरुसम्म पुगेर आफ्ना माग, कार्यक्रम र अन्य गतिविधि अवगत गराउने हो भने आन्दोलनका बेलामात्र नभई अन्य समयमा पनि ती खबर अनलाइनमा जाने सम्भावना रहन्छ । जसमा पीडितको बढी भूमिका हुन सक्छ ।

## समग्रमा

सोलोडोलोरुपमा भन्दा सञ्चारमाध्यमले दिनुपर्ने जति स्थान नदिए पनि वा जति दिए त्यो निकै प्रभावकारी देखियो । खासगरी टेलिभिजनहरुले लगातार दिएका दृश्यसहितका सामग्रीले उनीहरुका समस्या सार्वजनिक गर्न मद्दत पुग्यो । र, आन्दोलनको आठौं दिन सरकार भूमिहीनसँग वार्ता गर्न बाध्य हुनुमा सञ्चारमाध्यमकै ठूलो भूमिका रह्यो । लगातारको खबर आफैंमा दबाबमूलक सामग्री हो । र, नेता तथा सम्बन्धित पदाधिकारीसम्म खबर पुर्‍याइदिने माध्यम पनि यिनै हुन । त्यसैले सञ्चारमाध्यमले यस अर्थमा भूमिहीनको आन्दोलनप्रति एकप्रकारले राम्रै गुन लगाएको मान्नुपर्छ । यद्यपि त्यो यथेष्ट भने थिएन ।



# आन्दोलन अवधिमा पत्रिकामा आएका केही लेख

## ब्याजमा ऋण लिएर आन्दोलनमा

काठमाडौं, चैत ७- मसुरिया, कैलालीकी कोकिला विकको दिनचर्या केही दिनदेखि दिनभर संविधानसभा वा दलका कार्यालयअगाडि पुगेर धर्ना दिने अनि बेलुका आएर राजधानीको खुलामञ्चमा बनाइएको पालको घरमा बस्नु भएको छ । यसरी धर्ना दिनुपर्नाको कारण उनकै शब्दमा 'निर्धारित मितिमा संविधान बनाउनुपर्ने र महिलाको समेत स्वामित्व कायम हुनेगरी भूमिहीनलाई जमिन उपलब्ध गराउनुपर्ने' मात्र हो ।

कसले ल्यायो त उनलाई राजधानीसम्म ? उत्तर उनैसँग छ- भूमिहीनताले । राजधानीमा जम्मा भएर भूमिहीन महिलाले यस्तैखाले कार्यक्रम गर्दैछन् भन्ने त उनले सुनिन् तर समस्या पर्‍यो- जाने/आउने भाडा र खाने अन्नको । उसै त छाक कसरी जुटाउने भन्ने चिन्ताले सताइएकी उनी थप चिन्तामा परिन् । नजाउँ- सरकार र दलहरुलाई सबै मिलेर दबाव नदिए आफू जस्ता भूमिहीनले अधिकार पाउँदैनन् भन्ने चिन्ता । जाउँ- सुको दाम छैन ।
हलिया पृष्ठभूमिकी एकल महिला कोकिलाले आफूजस्तै भूमिहीनको यो बस्तीमा समस्या राखिन् । तर समाधान निस्केन । निस्क्योस् पनि कसरी ? सबै भूमिहीन ? कसैसँग केही छैन । तर पनि कोकिलाले हिम्मत हारिनन् । अनि साहस गरिन्- ऋण लिएर भए पनि कार्यक्रममा जाने । नजिकै गाउँलेले खोलेका बचत समूहमा गएर उनले २ हजार रुपियाँ ऋण लिइन् दैनिक सयकडा ३ रुपियाँ ब्याज तिर्ने सर्तमा । अनि लागिन् राजधानी । सँगै बस्तीमा मुठिदान गर्दा उठेको १० किलोग्राम चामलसमेत हालेर बनाएको पोको-पुन्तुरो बोकिन् ।

'हामी सधैं खानकै लागि सङ्घर्ष गरिरहेका मान्छे, यो ऋणले थप चिन्ता बोकाएको त छ, तर पनि आन्दोलनमा होमिनुको विकल्प नभएर ऋण काढ्न तम्सिएकी हुँ', उनले भनिन्- हेरौं, ऋण त फर्केपछि ज्याला गरेर पनि तिरौंला, चिन्ताचाहिँ यसरी होमिएको आन्दोलनले नतिजा के देला भन्ने हो ।

कोकिलामात्र हैन, अहिले मुलुकका ५० जिल्लाका भूमिहीन महिला यही मागमा साथ दिन राजधानी भित्रेका छन् । झापादेखि कन्चनपुर र

रसुवादेखि सप्तरीसम्मका यी महिला खाने/बस्ने चिन्तामा छैनन्, उनीहरुको एउटै चिन्ता छ- यसको नतिजा के होला ? किनकि खाने/बस्ने समस्या त उनीहरुका लागि नयाँ हुँदै हैन । सधैं भोगिरहेकै हुन ।

सिन्धुपाल्चोकको बासखर्कबाट ६ पाथी चामल र १ हजार रुपियाँ चन्दा उठाएर आएका माया स्याङ्बोजा र शान्तिमाया चन्दावापतको खबर गाउँलेलाई के सुनाउने भन्नेमा चिन्तित छन् । माया भन्छिन्- सबै नेताले हुन्छ त भनेका छन्, तर बस्ने र गरिखाने जग्गाचाहिँ खोइ कहिले दिने हुन ?

यो आन्दोलनलाई विभिन्न निकायले पनि सहयोग पुऱ्याएका छन् । रेडक्रसले २ सय कम्बल दिएको छ भने जागरण नेपालले एक छाकको तरकारी बेहोरेको छ । त्यसैगरी पानी, पालको भाडा, औषधी आदिका लागि पनि विभिन्न निकायले सहयोग पुऱ्याएको छ । यस्तै सहयोगीमध्ये एक सामुदायिक आत्मनिर्भर सेवा केन्द्रकी कल्पना कार्कीका अनुसार आन्दोलनकारीको बसाइ सहज तुल्याउन सुरक्षा, स्वास्थ्य, बसोबास, पानी, भान्सा, समीक्षा जस्ता समिति बनाइएको छ । जसले खुलामञ्चमा गाडिएका एक दर्जन पालका घरको बसाइ व्यवस्थित बनाएको छ ।

भूमिहीन महिलाका माग र आँट सुनेपछि भेट्न आउने सांसददेखि सर्वसाधारणसम्मले स्वस्फूर्त सहयोग उपलब्ध गराउने गरेका छन् । तर पनि अपुग हुने समस्या भने यथावत् रहेको कार्की बताउँछिन् । काठमाडौंको महङ्गीले आन्दोलनकारीले बोकेका बन्दोबस्तीका सामानलाई ठाडै चुनौती दिएको उनीहरुको अनुभव छ । धन्न रौतहट र कैलालीका भूमिहीनले ३ हजारभन्दा बढी टपरी उपलब्ध गराएकाले खाने भाँडाको भने समस्या नपरेको उनीहरु बताउँछन् । भूमिहीनहरुको सङ्गठन राष्ट्रिय भूमि अधिकार मञ्चले संयोजन गरिरहेको यो आन्दोलन प्रशस्त दबाव सिर्जना गर्न सफल भएको र यो अझै आवश्यक रहेको भनाइ मञ्च उपाध्यक्ष एवम् सभासद् शान्ता चौधरीको छ ।

नेपालका अधिकांश किसान गरिब छन् । उनीहरुको बस्ने र खेती गर्ने जमिन छैन । त्यसैले सरकार र दलहरुलाई यसरी एकत्रितरुपमा धर्ना दिनुको विकल्प नरहेको आन्दोलनका सहभागी बताउँछन् । कन्चनपुरको दैजी गाविस-३ स्थित मिलनबस्तीबाट आएकी सीता थापा मगर भन्छिन्- हामीले धेरै पटक जिल्लामा आन्दोलन गऱ्यौं तर सुनुवाइ भएन । त्यसैले



अहिले राजधानी केन्द्रित आन्दोलन गर्नुपरेको हो । उनले जिल्लास्थित आदिबासी जनजाति महासङ्घबाट २५ सय रुपियाँ ऋण लिएकी छिन् आन्दोलनमा आउन । पछि गएर चन्दा उठाएर तिर्न सकिन्छ भन्ने लागेको छ उनलाई ।

सरकारी तथ्याङ्कअनुसार नेपालमा करिव २४ प्रतिशत मानिस गरिबीको रेखामुनि बाँचिरहेका छन् । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले अक्सफोर्ड विश्वविद्यालयसँग मिलेर सन् २०१० मा प्रकाशित गरेको गरिबी सर्भेक्षणका अनुसार ६५ प्रतिशत मानिस गरिबीका रेखामुनि छन् । यस्ता गरिबमध्ये १४ लाख परिवार भूमिहीन किसान छन् । अहिले बन्दोबस्तीका सामानसहित आन्दोलनमा उत्रने यिनै भूमिहीन हुन ।

*(नागरिक दैनिक)*

## महराको दोस्रो प्रतिबद्धता

- रघुनाथ लामिछाने

साउन २०६४ मा बनेको माओवादी नेतृत्वको सरकारमा सञ्चार मन्त्री रहेका कृष्णबहादुर महराले भूमिहीनसँग सम्झौता गरे र भने- तपाईंहरुको माग पूरा गर्न सरकारले तपाईंहरुकै मागअनुसार उच्चस्तरीय भूमि सुधार आयोग बनाउने भएको छ । राजधानीको खुलामञ्चमा १४ दिनदेखि धर्ना बसेका उनीहरुले मन्त्रीलाई विश्वास गरे र आन्दोलन स्थगित गरे ।

बस्नका लागि बास र गरिखानका लागि जमिन उपलब्ध गराउनुपर्ने मागसहित उत्रेका उनीहरुले माओवादी मन्त्रीलाई पूर्ण विश्वास गरे । यसो गर्नुको एउटा आधार यो पनि थियो कि 'जमिनमा जोताहाको अधिकार स्थापित गर्ने' उसको प्रमुख एजेण्डाभित्रकै विषय थियो । त्यसैले आन्दोलन रोके र उनीहरु फर्के ।

नभन्दै आयोग बन्यो तर निकै पछि । अनि त्यो आयोगले पूर्णता पाउन फागुन कुर्नुपर्‍यो । काम के सुरु गरेथ्यो, कटवाल प्रकरणले माओवादी सरकार नै टिक्न सकेन । अनि सम्झौता गर्ने मन्त्री जस्तै अलपत्र पर्‍यो उनले गठन गरेको आयोग पनि । लगत्तै एमालेले सरकारझैं आयोगलाई पनि निरन्तरता दियो । र, त्यसले प्रतिवेदन पनि तयार पार्‍यो ।

प्रतिवेदन तयार भएको र सरकारलाई बुझाएको खबर पाएका भूमि अधिकार पीडितहरुले त्यो कार्यान्वयन हुने र आफ्ना समस्या समाधान हुने आशा सङ्गालिरहे । तर प्रतिवेदनले सुझाएका बुँदा लागू हुने त कता हो कता, त्यसमा के छ भन्ने पनि उनीहरुले थाहा पाउन सकेनन् । जनताको कर खर्चिएर बनेको आयोगले तयार पारेको प्रतिवेदनबारे तिनै करदाता जनताले थाहा पाउने अधिकार कसले छेदन गर्‍यो भन्ने उनीहरुले भेउ पाउनै सकेनन् ।

त्यसैले भूमि अधिकारबाट वञ्चितहरुको धैर्य थामिनसक्नु भयो । तीन वर्ष बित्दा पनि आयोगको प्रतिवेदन सार्वजनिक हुनेसमेत छाँट नदेखेकाले उनीहरुले फेरि धर्ना बस्नुको विकल्प देखेनन् । अनि बन्दोबस्तीका सामान तयार पारे । पोको पुन्तुरो कसे र लागे राजधानी । गाउँ बस्तीबाट चन्दा



उठाएको चामल, गुन्द्रुक, सुका-मोहर र टपरी बोरामा खाँदखुँद गरेर फेरि फर्के- उही चिरपरिचित ठाउँ खुलामञ्चमा ।

अघिल्लो पटक आफैंले राखेको मागअनुसार गठित उच्चस्तरीय आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग अघि सारेर उनीहरु धर्नामा बसे । मुलुकका ५० जिल्लाबाट भित्रिएका उनीहरुको अर्को माग थियो- भूमि सुधार गर ताकि भूमिमा महिलाको पनि स्वामित्व कायम होस् । अनि यी माग पूरा गर्नका लागि सबैभन्दा पहिले संविधान बन्नु जरुरी छ भन्ने बुझेका उनीहरुले निर्धारित समयमै संविधान बनाउन खबरदारी पनि गरे ।

यति सामान्य मागका लागि चैत १ बाट आधा महिना खुलामञ्चमै बिताउने अठोटसाथ उनीहरु आएका थिए । यसबीचमा उनीहरुले त्यहीँ गाडिएका पाललाई डेरा बनाए, अनि दिउसभर संविधान निर्माणको थलो संविधानसभामा धर्ना दिए । कहिले माओवादी, कहिले कङ्ग्रेस त कहिले एमाले मुख्यालय उनीहरुको दबावस्थल बन्न पुग्यो ।

बस्तीमा आफैंले प्रतिमहिना एक एक रुपियाँ उठाएर सञ्चालन गरेको आन्दोलन कोष नै उनीहरुको बस भाडा र अन्य आवश्यकीय खर्चको आधार बन्यो । कतिपय अवस्थामा आफन्त, संस्था, बचत कोषहरुबाट लिइएको ऋणले उनीहरुलाई सहयोग पुर्‍याए । बस्तीहरुमा उठाइएका मुठिदानले पनि राम्रै भरथेग गर्‍यो । विडम्बना, तर पनि भूमिहीन गरिबहरुको यो आफ्नैखाले आन्दोलनलाई 'डलर खेती' का रुपमा चित्रित गर्नेहरु पनि थुप्रै निस्किए ।

सरकारी तथ्याङ्क भन्छ- नेपालमा २४ प्रतिशत मानिस गरिब छन् । अनि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले अक्सफोर्ड विश्वविद्यालयसँग मिलेर सन् २०१० मा गरेको गरिबी सर्भेक्षण भन्छ- नेपालमा ६५ प्रतिशत मानिस गरिब छन् । यस्ता गरिबमध्ये १४ लाख परिवार भूमिहीन किसान छन् । यस्तो अवस्थामा भूमिको समस्या नसुल्टाइ मुलुकले उन्नति हासिल गर्न नसक्ने निश्चित छ ।

वास्तविकता यस्तो छ । यही परिवेशमा सरकार आफैंले स्वीकार गरिसकेको विषयमा अघि बढ, लागू गर भनेर कराइरहन पर्नु, धर्ना घेराउ गर्न पर्नु आफैंमा हास्यास्पद विषय हुन । भूमिहीनताका कारण बिहान बेलुकाकै छाक

टार्न धौ धौ परेकालाई पटपटक आन्दोलन गर्न बाध्य पार्नु सरकारको नालायकीपन पनि हो ।

त्यसैले धर्नाको आठौं दिन अर्थात् चैत ८ गते फेरि एक पटक उनीहरुले जोताहाको अधिकार सुनिश्चित गर्ने आन्दोलनलाई थाँती राखेका छन् । फेरि एक पटक उनीहरुले अर्को आन्दोलन गर्नु नपरोस् भन्दै माओवादीका तिनै मन्त्री महरामाथि विश्वास गरेका छन्- जसले फेरि उनीहरुलाई विश्वस्त पार्दै धर्नास्थलमै भनेका थिए कि तपाईंहरुसँग आयोग बनाउनेबारे सम्झौता गर्ने म नै थिएँ, अहिले त्यसलाई कार्यान्वयन गर्ने बेलामा फेरि म नै मन्त्री भएको छु । तपाईंहरु ढुक्क भएर जानोस् ।

अघिल्लो पटक त उनले भन्ने मौका पाएका थिए- गर्थ्यौं, हाम्रो सरकार ढलिहाल्यो । अब पनि उनको प्रतिबद्धताले हावा खायो भने पटक पटक आश्वासन दिइएका भूमिहीनसमक्ष उनले के भन्लान् ? त्योचाहिँ हेर्न बाँकी छ ।

*(नागरिक दैनिक)*



## भूमिहीन किसान महिला आन्दोलनको सन्देश

- ममता शर्मा नेपाल

'जमिन कसको ? जोत्नेको ।' कुनै समय नेपाली राजनीतिमा निकै प्रयोग हुने यो नारा अहिले राजनीतिक पार्टीहरुका निम्ति असान्दर्भिक हुने अवस्थातिर पुगेको छ । विगतमा प्रायः सबै पार्टीले कुनै न कुनैरुपमा यो नारालाई समर्थन गरेका थिए । पुँजीवादी भनेर विशेषण भिराइने पार्टी नेपाली कङ्ग्रेससमेत पनि आफ्नो इतिहासमा 'जमिन जोत्नेको' भन्ने मागको समर्थक गरेको पाइन्छ । अहिले सरकारको नेतृत्व गर्ने सौभाग्य पाएको एमालेले त यसैलाई मन्त्र बनाउन आफ्नो शक्ति विस्तार गरेको हो । माओवादीले त झन् सबैलाई उछिनेर यो मागलाई जनयुद्धको विकासमा सदुपयोग गरेको थियो ।

गत साता राजधानीमा भूमि अधिकार मञ्चका कार्यकर्ताहरुले यो नारालाई पुनर्जीवन दिने कार्य गर्दै सरकारको ध्यान खिचे । करिब ५० जिल्लाबाट आएका मञ्चका कार्यकर्ताको हुलमा भूमिहीन किसान महिलाहरु नै अग्रपंक्तिमा देखिन्थे । उनीहरुले भूमि सुधारको माग मात्र उठाएनन्, भूमिमा महिलाको स्वामित्व कायम हुनुपर्ने आवाज पनि घन्काए । अन्ततः सरकारले उनीहरुको आवाज सम्बोधन गर्न मन्त्रिस्तरीय आयोग बनायो । अब यो आयोगले कसरी काम गर्ला ? प्रतीक्षाका आगामी दिनहरुले बताउनेछन् । मुख्य कुरा, अधिकार प्राप्तिको आन्दोलनमा शहरका टाठाबाठा र पढेलेखेका महिलामात्र छन् भन्ने पुरानो भ्रम अब तोडिएको छ । जुलुस र धर्नामा निरक्षर गरिब महिलाको उत्साहपूर्ण सहभागिता र जोश देख्दा नेपाली महिलाको मुक्तिको समय अब धेरै टाढा छैन भन्ने दर्शाउँछ । गाउँले ढाँचाका कमसल कपडा लगाएका, श्रमको बोझले असमयमै चाउरिएका, हिउँ र घामले डढेर तामाजस्तो राता अनुहार भएका महिलाहरु हातमा प्लेकार्ड बोकेर नाराबाजी गर्दै राजधानीका सडकमा हिँडेको दृश्यले नेपाली समाजको रुपान्तरणको एउटा बेग्लै झाँकी देखिएको छ । यो सर्वथा नवीन तस्बिर हो ।

मञ्चका चारवटा मुख्य माग छन् । तीमध्ये पनि पहिलो माग सामाजिक न्यायको कसौटीमा निकै महत्वपूर्ण रहेको छ । जमिनमा आफै श्रम गर्ने जोताहा महिला एवम् पुरुष किसानको पक्षमा भूमि सुधार गर्ने स्पष्ट

संवैधानिक प्रावधानको व्यवस्था हुनुपर्छ भन्ने यो मागले बिलकुलै नयाँ सन्देश दिएको छ ।

भूमिहीन महिलाको आन्दोलन र त्यस आन्दोलनले अघि सारेको मागहरुको विवेचना गर्ने यो पङ्क्तिकारको उद्देश्य छैन । यहाँ मुख्यरुपले लैगिक विभेदको पक्षमा केन्द्रित हुन खोजिएको छ । जसलाई हाम्रो समाजले लामो समयसम्म दबाएर राखिरह्यो र प्रकाशित हुन दिएन । विशेषगरी सम्पत्ति वितरणको संरचनामा महिलालाई कहिल्यै महत्व दिइएन । २००७ साल अगाडि त कुरै गर्न पर्दैन, त्यसबेला एउटा परिवारबाहेक कसैको हक अधिकारको मूल्य थिएन । त्यस्तो अवस्थामा महिला वर्गको के राम्रो हैसियत रहोस् र ?

तर २००७ पछि मुलुकले स्वतन्त्रताको सास फेर्न थाले पनि त्यसको प्रतिफल महिलाको भागमा परेन । यता आएर भूमि सम्बन्धमा बनेका कुनै पनि ऐन कानुनले जोताहा महिलालाई स्वामित्व प्रदान गर्ने अवसर दिएनन् । २०२१ सालमा जति मात्रामा नाममात्रको भए पनि भूमि सुधार भयो, त्यसको सबै प्रतिफल पुरुषका हिस्सामा गयो । त्यस्तै अवस्थामा २०४६ सालपछि पनि दोहोरियो । यो कमजोरीबाट अब जोगिनुपर्छ भनेर भूमि अधिकार मञ्चले आफ्ना मुख्य मागहरुको शीर्ष बुँदामा 'जोताहा महिला एवम् पुरुष' राखेको हो । यसलाई मञ्चको निकै राम्रो कार्य मान्नुपर्दछ ।

भूमि अधिकार मञ्चको झन्डा बोकेर आएका किसान महिलाले देखाएको अर्को अनुकरणीय कुरा हो- आफ्नो आन्दोलनप्रति अगाध प्रेम र विश्वास । उनीहरु सबैले एकमतमा अठोट गरे- अधिकार नलिई घर नफर्किने । यसनिम्ति उनीहरुले चैतको आँधी र पानी, खुलामञ्चको कष्टकर बसाइ, धर्ना गरिरहेको समयमा सुकिलामुकिला भलाद्मी वर्गले दर्शाएको उपेक्षा जस्ता कुनै पनि प्रतिकूल अवस्थाको पर्वाह गरेनन् । आन्दोलनको अर्को सकारात्मक पक्ष भनेको उनीहरुले आ-आफ्नो जिल्लाका भूमिहीन समुदायले मुट्ठीदानद्वारा प्रदान गरेको चामल र रुपियाँबाट दैनिक गुजारा गरेर ठूला तारे होटेलमा हुने अधिकार र सशक्तीकरणका बोधे आन्दोलनका विसङ्गतिमाथि अप्रत्यक्षरुपमा औंला उठाए । विदेशी दाताले दिएमात्र आन्दोलन गर्ने गैससहरुको मुख्य विशेषता हो । यसबाट अन्य क्षेत्रका महिला अभियानकर्ताले शिक्षा लिनुपर्दछ ।

*(अन्नपूर्ण पोष्ट दैनिक)*

परिच्छेद - छ

# आन्दोलनको पाठ

## कमजोरी, सिकाई र उपलब्धिको लेखाजोखा

आन्दोलनका कमजोरी, सिकाई र उपलब्धिको विश्लेषण हुनु महत्वपूर्ण छ । कुनै पनि कार्यक्रम 'गर्दै सिक्ने' अवस्थाबाट अघि बढ्छ । विगतका थुप्रै आन्दोलनबाट सिकेका कुरा यसमा लागू गरिएकै हुन तर पनि कमजोरी बाँकी रहेछन् भन्ने महसुस भयो ।

तर कमजोरी सुधार नगरी सफलतामा पुग्न सकिन्न । त्यसैले यस आन्दोलनका कमजोर पक्षबाट सिक्दै आगामी आन्दोलनमा सुधार गर्नुपर्ने थुप्रै पक्ष देखिएका छन् । यस अर्थमा आन्दोलनका सिकाई धेरै रहे । जसलाई आन्दोलनकारीले स्वीकारेका छन् ।

यसैगरी कार्यक्रमले केही उपलब्धि पनि हात पारेको छ । मुलुक सङ्क्रमणकालमै रहेको र राजनीतिक स्थिरता कायम हुन नसकिरहेको अवस्थामा भूमि अधिकारबाट वञ्चितले उठाएका सबै माग पूरा हुन सक्ने अवस्था थिएन । आन्दोलनकारीलाई पनि यसबारे थाहा थियो । त्यसैले आफ्ना माग सम्बोधन गर्ने क्रममात्र सुरु भयो भने पनि वर्तमान अवस्थामा त्यो ठूलो उपलब्धि सावित हुने जानकारी भएकै कारण उनीहरु उपयुक्त माग लिएर आन्दोलनमा उत्रेका थिए । जसअनुसारको उपलब्धि प्राप्त पनि भयो । यसलाई सकारात्मकरुपमा लिनुपर्छ ।

### कमजोरी

राजधानी केन्द्रित आन्दोलनका लागि आउने क्रममा सहभागीले आ-आफ्नो सङ्गठनबाट मानामुठी सङ्कलन गरेका थिए । उसै त जीविका धान्नै अप्ठ्यारो परिरहेका उनीहरुले मानामुठी दिने कुरा सजिलो थिएन । फेरि उनीहरुसँगै पैसा पनि माग्नु अर्को अप्ठ्यारो पक्ष थियो ।

जिल्ला जिल्लाबाट सहभागीहरु छनौट गरेर पठाउने प्रक्रियामा ध्यान दिन पुगेन । केही सहभागी दीर्घ रोगी पनि थिए । केही सहभागी आएको एक दुई दिनपछि घर जान हतारिए । आन्दोलनमा अनुशासनको पालनामा कमी देखियो । दैनिक समीक्षा हुन नसक्नु अर्को कमजोरी रह्यो ।

सहभागीहरुमा आफूले बोलेमात्र समस्या समाधान हुन्छ भन्ने भ्रम बढ्दै गइरहेको छ । स्वयम्सेवकहरुको भूमिकामा स्पष्टता आउन सकेन । सबै सहभागीलाई आन्दोलन किन र माग के के हुन् भन्नेबारे प्रष्ट नभएको पाइयो । सहभागीहरुलाई टोली अगुवाको नेतृत्वमा राख्न धेरथोर समस्या आइपर्‍यो ।

प्रदर्शन, र्‍याली र सभामा को अगाडि बस्ने भन्नेबारे हानाथाप भइरह्यो । महिलाको ठूलो सहभागिता र अगुवाईमा भएको आन्दोलनको उद्घाटन, सभा र र्‍यालीहरुमा पुरुषहरु अघि लाग्नुले भनाइ र गराइबीच मेल हुन सकेन । कार्यक्रम सञ्चालन प्रक्रियामा पनि यस्ता दृश्य दोहोरियो । आपतकालीनबाहेकका कार्यतालिका परिवर्तन गर्दा औपचारिक निर्णयबाट नगर्नाले समस्या देखियो । जसले गर्दा र्‍यालीको रुट, नेतृत्व, कार्यक्रम तालिका आदिबारे सहभागीमा द्विविधा उत्पन्न भएको देखियो । यस्ता क्रियाकलापबारे दैनिक कार्यतालिका बनाएर सबै सहभागीलाई उपलब्ध गराउन सकिएन ।

जिल्ला मञ्चको छनौट सूची समयमा नआउनु र केही सहभागी अन्यौलमा आउनु तथा सङ्गठनबारेको बुझाईमा कमी हुनु पनि कमजोरीका रुपमा देखापरे । त्यसैगरी आन्दोलनको पूर्व तयारीमा ढिलाई भयो । जसले गर्दा प्रशिक्षण हुन पाएन । यही कारण व्यक्तिगत झगडा, मनमुटाव बढ्यो । त्यसले सहभागीहरुमा नैराश्यता पनि बढायो ।

अर्कोतर्फ आन्दोलनको तयारी, व्यवस्थापनमा नजुट्ने तर ब्यानरमा नाम लेखाउन जुट्ने प्रवृत्ति देखियो । नाम नपाए कामै नगर्ने सहभागी पनि पाइए । जसले गर्दा आन्दोलन र सङ्गठनप्रतिको उद्देश्य र बुझाईका काम अझै बाँकी रहेछन् भन्ने महसुस हुन सक्यो ।

दलका सबै नेता र विभिन्न तहमा आन्दोलनबारे जानकारी गराउन सकिएको भए आन्दोलन अझ प्रभावकारी हुन्थ्यो । तर त्यसो गर्न सकिएन । अर्कोतर्फ अगुवाहरुलाई आन्दोलनको केही दिनअगाडि बोलाएर प्रशिक्षण



दिन सकिएको भए कमजोरी न्युनीकरणमा सहयोग पुग्ने महसुस भयो । यसैगरी नागरिक समाजका अगुवा र सम्बन्धित सांसदहरुसमक्ष लबिङ गर्न सकेको भए आन्दोलन अझ सशक्त हुने रहेछ । उनीहरुसम्म संवाद नपुगेको अनुभव भयो ।

## सिकाई

आन्दोलनमा तयारी प्रक्रिया महत्वपूर्ण हुन्छ । यसको व्यवस्थापनका लागि बनाइएका विभिन्न समितिले आफ्नो जिम्मेवारी पूरा गर्दामात्र आन्दोलनलाई सजिलोसँग निष्कर्षमा पुर्‍याउन सकिन्छ । तर यस्ता धेरै कुरामा आन्दोलन आयोजक, सहभागी र सहजकर्ताहरुले सिक्नुपर्ने देखियो । जसले आगामी आन्दोलनहरुलाई सहज र सफल बनाउन मद्दत पुर्‍याउने निश्चित छ ।

जस्तो सहभागी छनौट प्रक्रियालाई समुदाय केन्द्रित बनाउनुपर्ने रहेछ । यसरी सहभागी छनौट गर्दा उमेरलाई मात्र आधार बनाउनु हुँदैन रहेछ । सहभागीको अनुशासन, बुझाई र आन्दोलनमा सक्रियतालाई नै मुख्य आधार बनाइनु राम्रो हुने रहेछ । को सहभागीको समस्या के छ र ऊ कति दिन आन्दोलनमा बस्न सक्छ भन्नेबारे विस्तृतरुपमा थाहा पाउनु जरुरी हुने रहेछ । खासगरी रोगी, वृद्ध, अशक्त र घरायसी समस्या भएकालाई सम्झाइबुझाइ गरेर लामोखालका आन्दोलनमा सहभागी नगराउनु नै वेश हुने रहेछ भन्ने यो आन्दोलनले महसुस गरायो ।

आन्दोलनमा विविध भाषाभाषी, संस्कृति, जातजाति आदिको समावेशी सहभागिताले सबैको ध्यान आकर्षित गर्न सक्यो । कृषि औजारसहितको र्‍यालीले राजधानीका महलबासी र कारवालाको पनि नजर आकर्षित गर्न सक्यो । ५० जिल्लाको सहभागिता र त्यसमा पनि प्रायः महिला सहभागितालाई सञ्चारमाध्यमले राम्रो स्थान दिए । त्यसैले आन्दोलनहरुमा सबै कुराको मिलन पनि महत्वपूर्ण हुँदोरहेछ भन्ने महसुस भयो ।

आन्दोलनमा स्थानीय स्रोत सङ्कलनमा समस्या छैन । मात्र प्रक्रिया र समय मिलाउनुपर्दोरहेछ । साथै समुदायलाई आन्दोलनको उद्देश्य, माग र अडान प्रष्ट बुझाउन सकेमा मुठी सङ्कलन पनि ठूलो स्रोत हुन सक्दोरहेछ भन्ने यो आन्दोलनले प्रमाणित गर्‍यो । अनि आन्दोलमा पीडित परिवारकै सदस्यमात्र सहभागी गराउनु अझ राम्रो हुने सिकाई पनि प्राप्त भएको छ ।

आन्दोलनका सहभागी छनौट आन्दोलन संयोजन समितिले गर्नुपर्ने तर सिफारिस जिल्ला मञ्चको हुनुपर्ने नीति राखिएको भए अझ राम्रो हुने अनुभव भयो । यसैगरी पीडित भए तापनि सङ्गठन, आन्दोलन र अधिकारबारे बुझाई भएकालाई मात्र आन्दोलनमा समावेश गराउनुले आन्दोलनको उचाई बढ्ने रहेछ भन्ने थाहा भयो ।

जिम्मेवार अगुवा कार्यकर्ता, अभियानकर्ता जिल्ला मञ्चका सदस्य आदि आन्दोलनमा नआई जिल्लामै रहँदा सहभागीले त्यसलाई नकारात्मक हिसावले लिने गर्दारहेछन् । अर्कोतर्फ आन्दोलनका लागि गरिने खर्च पीडितहरुको नभई अन्य स्रोतबाट गरियो भने त्यो आन्दोलन गुणात्मक नहुँदो रहेछ भन्ने पाठ पनि यो आन्दोलनले सिकायो ।

आन्दोलन निकै टाढा, महङ्गो ठाउँमा र शहरी क्षेत्रमा भएकाले प्राकृतिक समस्याबारे पनि सोच्नुपर्ने देखियो । हावाहुरी, पानी जस्ता प्राकृतिक विपत्ति आइलागेमा र त्यसलाई थेग्न नसक्ने अवस्थामा वैकल्पिक बासस्थान र अन्य आधारभूत व्यवस्थाबारे पहिले नै सोचिनुपर्ने रहेछ । अनि स्थानीय सङ्गठन जति बलियो भयो, साङ्गठनिक बुझाई जति फराकिलो हुन सक्यो, आन्दोलनका सहभागी त्यति नै निष्ठावान हुने र आन्दोलन पनि सशक्त हुने बुझाइ रह्यो ।

## उपलब्धि

आठ दिनसम्म आन्दोलन विभिन्न आरोह-अवरोहबीच अघि बढिरहेको थियो । यही दिन अर्थात् चैत ८ गते उपप्रधान मन्त्री कृष्णबहादुर महरा र शिक्षा मन्त्री गङ्गालाल तुलाधर आन्दोलनकारी बसेको स्थान भृकुटीमण्डपमा आएर सम्बोधन गर्नुभयो । सम्बोधनमा महराले माग पूरा गर्न सरकार तयार रहेको भन्दै यसका लागि तत्काल ७ सदस्यीय कार्यदल गठन भएको जानकारी दिनुभएको थियो ।

जसमा भूमि सुधार तथा व्यवस्था मन्त्री संयोजक रहने र राष्ट्रिय भूमि अधिकार मञ्चका तर्फबाट जगत देउजा, ल्यामबहादुर दर्जी र सरस्वती सुब्बा सहभागी हुने जानकारी पनि गराइयो । यो कार्यदलमा माओवादीका तर्फबाट हरिबोल गजुरेल, एमालेबाट हरि पराजुली र सदस्य सचिवमा भूमि सुधार मन्त्रालयका सचिव केशव भट्टराई रहने जानकारी पनि दिइयो ।



उपप्रधान मन्त्रीको घोषणाअनुरुप नै सोही दिन बसेको मन्त्री परिषद्को बैठकले कार्यदल गठन गरेको थियो । कार्यदलले तत्कालै उच्चस्तरीय भूमि सुधार आयोगको प्रतिवेदन र मञ्चले राखेका मागबारे अध्ययन गरी कार्यान्वयन योजना ल्याउने जानकारी महराले दिनुभयो ।

राज्यले जग्गा वितरण गर्दा पति र पत्नी दुवैको संयुक्त स्वामित्व हुनेगरी जग्गाधनी पूर्जा उपलब्ध गराउनुका साथै पतिको स्वामित्वमा रहेको जग्गामा पत्नीको स्वामित्व कायम गर्न सरल व्यवस्था मिलाउने जानकारी पनि उपप्रधान मन्त्रीले दिनुभयो ।

त्यसैगरी भूमिहीन तथा सुकुम्बासीलाई भरपर्दो विकल्प दिन नसक्दासम्म बसिरहेको स्थानबाट नहटाउन तुरुन्तै सम्बन्धित निकायहरुलाई परिपत्र गर्ने आश्वासन पनि उहाँले दिनुभएको थियो । उनीहरुलाई उठाउन नपाइने र जोतभोग गरिरहेको जमिनबाट बेदखल गर्नसमेत नपाइने गरी निर्देशन दिइहालिने सम्झौतासमेत भएको थियो । यसका लागि प्रधान मन्त्री कार्यालयबाट जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिमा निर्देशन जारी गर्ने साथै स्थानीय निकाय परिचालित गरी नयाँ लगत लिने सहमति पनि भयो ।

जमिनमा आफैं श्रम गर्ने जोताहा महिला एवम् पुरुष किसानका पक्षमा भूमि सुधार गर्ने स्पष्ट संवैधानिक प्रावधानका लागि मुख्य दलहरुलाई खबरदारी गर्न दलकै कार्यालयहरुमा गरिएको धर्ना, नाराबाजी र सभा पनि यस आन्दोलनका लागि महत्वपूर्ण बनेको छ । श्रमजीवी महिला आफैं गाउँगाउँबाट कृषि औजारसहित आएर दलहरुलाई गरेको खबरदारी ऐतिहासिक बनेको छ । जुन यसअघि कहिल्यै भएको थिएन ।

राष्ट्रिय आन्दोलनमा भाग लिन बर्दिया जिल्लाबाट आउने क्रममा बस दुर्घटनामा परी मृत्यु भएकाका आफन्तलाई राहत दिने र घाइतेको उपचारका लागि सघाउने उपप्रधान मन्त्रीको वचनबद्धता पनि सकारात्मक रह्यो । राहत र सहयोग कति भन्दा पनि यस वचनबद्धतालाई सरकारले आन्दोलनलाई दिएको वैधतासँग हेरिनुपर्छ । उनीहरुका बालबालिकाको शिक्षामा समेत सहयोग पुऱ्याउने सरकारी घोषणा आन्दोलनकारीप्रतिको राम्रो हेराइ हो ।

वैशाख ९ गतेको मन्त्री परिषद्ले कार्यदलको गठन आदेश र काम, कर्तव्य अधिकारबारे निर्णय पनि गरेको छ । आन्दोलनमा सहमति भएअनुरुप नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०६५/८/२५ को निर्णयानुसार हरिबोल गजुरेल-सिन्धुलीको अध्यक्षतामा गठित भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन र नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०६६/६/२१ को निर्णयानुसार घनेन्द्र बस्नेत-भोजपुरको अध्यक्षतामा गठित वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन एकैपटक सार्वजनिक गर्ने निर्णय गरेको छ ।

त्यसैगरी उल्लिखित दुवै प्रतिवेदन अध्ययन गरी कार्यान्वयनका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजनासहितको सुझाव पेश गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रीको अध्यक्षतामा गठन भएको कार्यदलको कार्यादेश पनि मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ ।
गैरकानुनी बेदखली गर्ने कार्य भूमि सुधार तथा व्यवस्था मन्त्रालयले तुरुन्त रोक्का गर्ने र यसका लागि गृह मन्त्रालय, स्थानिय विकास मन्त्रालय र वन तथा भूसंरक्षण मन्त्रालयले आवश्यक सहयोग उपलव्ध गराउने निर्णय पनि भएको छ । यसबारे जिल्ला मालपोत, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय र वन तथा भूसंरक्षण कार्यालयमा आवश्यक निर्देशन पनि भइसकेको छ ।

राज्यले जग्गा वितरण गर्दा पति र पत्नी दुवैको संयुक्त स्वामित्व हुनेगरी उपलब्ध गराउने साथै पतिको स्वामित्वमा रहेको जग्गामा पत्नीको स्वामित्व कायम गर्न सरल व्यवस्था गर्ने विषयमा आवश्यक कार्य अगाडि बढाउने विषयमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयले प्रस्ताव तयार पारी अर्थ मन्त्रालयमा पेश गरेको छ ।

यसबाहेक समुदाय र सङ्गठनमा हामी अधिकारको आन्दोलनमा छौं, यो आन्दोलन हाम्रो हो भन्ने बुझाई हुनु उपलब्धिमूलक मान्नुपर्छ । त्यसैगरी जिल्लाका केही गैरसरकारी संस्थाहरुसँगको बैठक सहकार्यमा जिल्ला मञ्चका सदस्यलाई आन्दोलनमा सहभागी गराउन सकिनु अर्को राम्रो पक्ष थियो । आन्दोलनका क्रममा आफ्नो समूहमा मिलेर बस्ने, देखेका, सिकेका कुरा अरुलाई बताउने, नआत्तिने आदि प्रवृत्ति विकास भएको पाइयो । जसले आन्दोलनप्रति स्वामित्व जगायो ।



नारा, प्लेकार्ड, झण्डा, ब्यानर, कृषि औजार देखाउन दिक्क नहुने, देखाउनुपर्छ, पीडा सुनाउनुपर्छ भन्ने भावना सहभागीहरुमा पाइयो । यसले गर्दा खुल्लै नचाहने र सधैं पछाडिमात्र रहन चाहनेहरु अग्रपङ्क्तिमा आएर खुला हुन चाहेको देखियो । यो प्रवृत्ति भूमि अधिकार आन्दोलनले प्राप्त गरेको ठूलो उपलब्धि थियो । जस्तोसुकै बाधा, अप्ठ्यारो अवस्थामा पनि साथ सहयोग गर्न तयार रहने आन्दोलनकर्मीको हौसला पनि कम महत्वको रहेन । समग्रमा यो आन्दोलनले आफ्नो औचित्य पुष्टि गर्न सक्नु र सिर्जनात्मक तथा पृथक बन्न सक्नु पनि उपलब्धिका हिसावले महत्वपूर्ण पक्ष रह्यो ।

परिच्छेद - सात

# र, अन्त्यमा

## वाचा पूरा गर

आन्दोलन सकियो । भूमि अधिकारबाट वञ्चितहरु आशा र विश्वास बोकेर घर फर्किएका छन् । आफूहरुसँग गरिएको वाचा सरकारले कहिले पूरा गर्छ भनेर प्रतीक्षा गरिरहेका छन् उनीहरु । यस्तो अवस्थामा भूमि सुधारको मुद्दा अधिक किसान भएको नेपालका लागि महत्वपूर्ण ठानिनुपर्छ । अनेकन कारणले भूमि सुधार हुन नसक्दा आधारभूत तहका नागरिकमा परिवर्तन महसुस हुन सकेको छैन । भूमि क्रान्तिको लक्ष्यमा पुग्ने अठोटका साथ वर्तमान सरकारले गर्न सक्ने काम धेरै छन् । जसले आधारभूत तहका जनतामा परिवर्तन महसुस हुन सक्छ । जसका लागि विद्यमान ऐन/कानुनको प्रभावकारी कार्यान्वयन र केही नीतिगत हेरफेर आवश्यक हुन्छ ।

जोतभोग गरिरहेको जग्गा मोही किसानलाई थाहा नदिई बेचिदिने, कमाउने व्यक्ति सालैपिच्छे फेर्ने, वर्षौंदेखि बसिआएको जमिनबाट जबर्जस्ती निकाल्ने, उठिबास लगाउने, आगलागी गर्ने घटना भइरहेकाले आम जनतामा जुन व्यवस्था आए पनि जस्ताको तस्तै भन्ने भावना बढेर गएको छ । सरकारले अरुको जग्गा कमाइरहेकालाई इच्छाविपरित निकाल्न नपाइने, कमाइरहेको व्यक्तिको मञ्जुरी र स्थानीय निकायको सिफारिसविना जग्गा बेच्न नपाइने, नयाँ बस्ती बस्न नपाइने र बसिरहेकालाई कुनै पनि बहानामा विस्थापन गर्न नपाइने व्यवस्था गर्न आवश्यक छ । यस्तो व्यवस्था भूमि सुधारको कार्यक्रम सम्पन्न नहुन्जेलसम्मका लागि गर्न सकिन्छ ।

भूमि, जग्गाधनी र भूमि अधिकारबाट वञ्चितहरुको यथार्थ लगत नभएकाले जनगणना २०६८ सँगै आवश्यक सूचना लिन सक्दा भूमि सुधारका लागि महत्वपूर्ण आधार बन्थ्यो । यसका लागि स्थानीय संयन्त्र परिचालन गरी भूमिहीन र मोहीको अनिवार्य लगत लिन पनि सकिन्छ । यथार्थ सूचना नभई भूमि सुधारको यथार्थ ढाँचा तय गर्न सकिँदैन ।



२०१६ सालमा उन्मूलन भएको भनिए पनि रसुवा, धादिङ, सिन्धुपाल्चोकलगायत्का जिल्लामा बिर्ता समस्या अझै बाँकी छन् । यस्तो जग्गा दर्ता गर्नका लागि सम्बन्धित जग्गाको मालपोत मूल्याङ्कनको १० प्रतिशत रकम बुझाउनुपर्ने व्यवस्थाका कारण गरिब किसानले आफ्नो नाममा गराउन नसकेको अवस्था छ । बिर्ता जग्गामा खेती गरिरहेका किसानको नाममा दर्ता गरिदिन किसानबाट मालपोत मुल्याङ्कनको १० प्रतिशत बुझाउने व्यवस्थालाई घटाउन जरुरी छ । साथै कागजी स्वामित्व लिएर बसेका तर खेती नगर्नेको कुनै हक नलाग्ने व्यवस्था हुनुपर्दछ । जुन वर्तमान सरकारले गर्न सक्ने काम हो ।

उखडा जग्गा जोतिरहेका किसानमध्ये कानुनी स्वामित्वका लागि रुपन्देहीमा २१ सय, कपिलवस्तुमा ३ सय र नवलपरासीमा १५० परिवारले निवेदन दिए पनि अहिलेसम्म त्यसबारे काम अघि बढेको छैन । भोगका आधारमा स्थानीय सर्जमिन गरी टोली खटाई जग्गा दर्ता गरिदिए निश्चित क्षेत्रमा रहेको यो समस्या पनि समाप्त पार्न सकिन्छ ।

९० प्रतिशत महिला खेतीपातीको काम गर्छन् । कृषिमा उनीहरुको ६० प्रतिशत योगदान छ तर भूमिमा भने यिनैको स्वामित्व छैन । राज्यले सुकुम्बासीलाई जमिन वितरण गर्दा परिवारको पुरुष सदस्यको नाममा मात्र दिएको छ । पतिको नाममा भएको जग्गामा पत्नीको पनि सगोलनामा गराउन राजस्व बुझाउनुपर्दछ । राज्यले जमिन वितरण गर्दा पति र पत्नी भएका हकमा दुवैलाई संयुक्त पूर्जा उपलब्ध गराउने र पतिको नाममा भएको जग्गामा पत्नीको र पत्नीको नाममा भएको जग्गामा पतिको सगोलनामा गराउन रु. १००/- शुल्क लिई गरिदिने नीतिगत व्यवस्था गर्न सके भूमिमा महिलाको स्वामित्व बढाउनेतर्फ महत्वपूर्ण सुरुवात् हुनेछ ।
वर्षौंदेखि पेचिलो समस्याका रुपमा रहेको सुकुम्बासी समस्या समाधान नहुँदा उनीहरुले आत्मसम्मानपूर्वक बाँच्न पाएका छैनन् । जीविका धान्न कठिन भइरहेको छ । बसोबास गर्दै आएको स्थान, नागरिकता लिएको जिल्ला, भोग गरेको क्षेत्रफल, पेशा, आम्दानी र आर्थिक अवस्थाका आधारमा वास्तविक सुकुम्बासी पहिचान गरी यकिन लगत तयार गर्ने र पहिचान गरिएका वास्तविक सुकुम्बासीलाई आधिकारिक परिचयपत्र वितरण गर्ने काम गर्न सकिन्छ । यसका लागि विगतका आयोगको कामको गम्भीर मूल्याङ्कन गरी स्पष्ट र व्यावहारिक कार्यक्षेत्राधिकार र कार्ययोजना बनाई सुकुम्बासी समस्या समाधान आयोग बनाउन सकिन्छ । यस्तो आयोगले पहिलो चरणमा लगत लिने, छानविन गर्ने र परिचयपत्र दिने, दोस्रो

चरणमा जग्गाको खोजी गरी वितरणको लगत तयार पार्ने र तेस्रो चरणमा जग्गा वितरण गर्ने गरी व्यवस्था मिलाउने काम गर्नुपर्दछ ।

विद्यमान कानुनमा मोही नलाग्ने व्यवस्था छ । मोही कायम भएकाको पनि जग्गा बाँडफाँट कार्य रोकिएको छ । वास्तविक जोताहा किसान मोही हकबाट वञ्चित भएकाले सरकारले खटाएको टोलीले स्थलगत अध्ययन र सर्जमिनका आधारमा छुट बेदर्तावाल मोहीलाई जोतभोगका आधारमा मोही

**भूमिमा महिला अधिकार स्थापनाका लागि छलफल गर्नैपर्ने विषय**

- मुलुकी ऐन एघारौं संशोधनले छोरीलाई पनि छोरासरह जन्मैदेखि पैतृक सम्पत्तिमा समान अधिकार दिएको छ । पैत्तृक सम्पत्ति भन्नाले पूर्खाको चल, अचल सम्पत्ति जनाउँछ । यो व्यवस्था व्यवहारमा लागू कसरी गराउने ?

- यसअघि जारी सम्पूर्ण जग्गाधनी पूर्जामा महिलाको पनि स्वामित्व कायम गरिनुपर्दछ । यसका लागि राष्ट्रिय अभियान आवश्यक छ । पतिको नाममा रहेको जग्गामा पत्नी र पत्नीको नाममा रहेको जग्गामा पतिको स्वामित्व कायम गर्दा शुल्क नलाग्ने व्यवस्था हुन आवश्यक छ । यो हक चाहनेका लागिमात्र हुनुपर्दछ ।

- बढ्दो खाद्यान्न अभाव समाधान गर्न पनि भूमिमा महिला अधिकार स्थापित हुनैपर्दछ ।

- महिला स्वामित्व बढाउन निःशुल्क रजिस्ट्रेसन व्यवस्था गरिनुपर्दछ । एकल महिला र स्वतन्त्र हक लिन चाहनेका लागि विना झन्झट स्वतः भूमिको हक हस्तान्तरण हुनुपर्दछ ।

- संविधानमा नै भूमिमा महिलाको पूर्ण हक हुने व्यवस्था गरिनु आवश्यक छ । सम्पूर्ण आर्थिक अधिकारमा महिलाको समान हक स्थापित गरिनुपर्दछ ।
- समान कामका लागि समान र उचित ज्याला पाउने व्यवस्था हुनुपर्दछ । कृषि मजदुरको ज्याला स्थानीय तहमा महिला सङ्गठनको सहभागितामा कायम गरी लागू गरिनुपर्दछ ।



कायम गरी आधा-आधा स्वामित्व बाँडफाँट गरिदिने कार्य गर्न सके लाखौं जोताहा किसान लाभान्वित हुन सक्छन् ।

गुठी संस्थान खारेज गरेर मठमन्दिरको व्यवस्थापन संस्कृति मन्त्रालयको जिम्मामा दिई स्थानीय सरकार र समुदायमार्फत् व्यवस्थित गर्नुपर्दछ । खेती भइरहेको जग्गा जोताहा किसानको नाममा रैकर गरिदिनु आवश्यक छ । बाँकी जग्गा सरकारको हुने व्यवस्था गर्न ढिला भइसकेको छ ।

परम्परागत भूव्यवस्थामा आधारित हलिया, हरुवाचरुवा, कमलरी आदि कुप्रथा अझै बाँकी हुनु विडम्बना नै हो । जातीय शोषण, श्रमको उचित मूल्य नपाउने, बन्धनमा रहेर काम गर्नुपर्ने आदि समस्या छन् । यस्तो अवस्थाको अन्त्य घोषणाले हैन, उनीहरुको जीविकाको सुनिश्चितताले मात्र सम्भव छ । यसरी अर्धबन्धनमा रहेकाको एकिन लगत स्थानीय संयन्त्रमार्फत् लिई भूमिसहित पुनर्स्थापना गर्नुपर्दछ ।

भूउपयोगसम्बन्धी व्यवस्थित नीति र सोको कार्यान्वयन अभावमा उपलब्ध भूमिको समुचित सदुपयोग र व्यवस्थापन गर्न सकिएको छैन । खेतीयोग्य जग्गाको गैरकृषि प्रयोग अत्यधिक छ । बाँझो जग्गा, सरकारी सार्वजनिक, ऐलानी पर्ति, नदी उकास, सडक किनारा जस्ता क्षेत्रको जग्गा कसरी उपयोग गर्ने भन्नेबारे व्यवस्थित नीति र योजना भेटिँदैन ।

सम्पूर्ण भूमिको अधिकतम् सदुपयोग र व्यवस्थापन गर्न 'राष्ट्रिय भूमि उपयोग नीति' तर्जुमा गरी कार्यान्वयन गर्ने काम पनि तत्कालीन समयमा गर्न सकिने काम हुन् । यी तत्कालीनरुपमा सरकारले नगरी नहुने कामसमेत हुन । यो सम्बन्धित निकायको नियमितभित्रैका काम पनि हुन् । यी कामका साथमा समग्र भूमि व्यवस्थामा रुपान्तरणका लागि संविधानमै भूमि जोत्नेको हुने व्यवस्था हुनै पर्दछ । अनिमात्र भूमिका समस्यालाई सही ढङ्गले सम्बोधन गर्न सकिन्छ ।

यस अर्थमा यो आन्दोलन निरन्तरताको एउटा अंश हो । सरकारसँग भएका सहमतिको सही कार्यान्वयनका लागि निरन्तर लाग्नु र भूमि अधिकार आन्दोलनलाई अझै व्यवस्थित र सङ्गठित बनाउनु अपरिहार्य छ । आशा र अठोठका साथ आन्दोलनमा उत्रिएका भूमि अधिकारबाट वञ्चितको अधिकारका लागि सानै भए पनि व्यवहारमा देखिने काम गर्नै पर्दछ ।

विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा पनि वैज्ञानिक भूमि सुधार गर्ने भनिएको छ । तर यससम्बन्धी प्रयास भने थालिएका छैनन् । भूमिसम्बन्धी ऐन २०२१ को पाँचौ संशोधनले व्यवस्था गरेको ११ विगाहको हदबन्दी एक दशक बित्न लाग्दा पनि कार्यान्वयन भएको छैन । यो व्यवस्था कार्यान्वयनका लागि सर्वोच्च अदालतले सरकारलाई दिएको आदेश पनि पालना भएको छैन । कानुनी अड्चनका कारण ४ वर्षदेखि मोही बाँडफाँट कार्य रोकिएको छ । गरिब किसान ऋण काडेर भूमि सुधार कार्यालयमा तारेख धाइरहेका छन् । यतिविध्न ढिलासुस्तीको जिम्मेवारी लिने भने कोही देखिएको छैन ।

सुकुम्बासीलाई वन अतिक्रमण गरेको आरोपमा बसिरहेको स्थानबाट उठिबास लगाउने क्रम रोकिएको छैन । वन तस्करलाई कारबाही गर्ने भने कोही निस्केको छैन । मोही बेदखली तीव्र छ । जोत्दाजोत्दै गोरु फुकाएर जोताहा किसानलाई खेतबाट निकालिएको छ । २०६५ भदौ २० गते मुक्त घोषणा गरिएका हलियाले परिचयपत्रसमेत पाएका छैनन् । बजेट वक्तव्यमा आएको जग्गाको वर्गीकरणसम्बन्धी नयाँ व्यवस्था कहिले कार्यान्वयनमा आउने हो कुनै अत्तोपत्तो छैन । भूमि आयोगले सरकारलाई ११ महिनाअघि बुझाएको प्रतिवेदन यही आन्दोलनको मागअनुरुप बल्ल सार्वजनिकसम्म भएको छ । थाहा छैन- कार्यान्वयन कहिले हुने हो ?

भूमि सुधार पनि नहुने र गरिबका लागि भरपर्दो अन्य कार्यक्रम पनि सञ्चालन नभइरहेकाले गरिबहरुको जीविका झन्झन् कठिन बन्दै गइरहेको छ । भूमि सुधार र दिगो कृषिले मात्र गरिबहरुको जीविका सुनिश्चित गर्दछ । तर यस विषयले प्राथमिकता पाएको छैन । सबै दलका घोषणापत्रमा लेखिएका, विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा उल्लेख भएका भूमि सुधारसम्बन्धी व्यवस्था लागू गर्न कुनै पहल नभएपछि भूमि अधिकारबाट वञ्चितहरु दल र सरकारलाई खबरदारी गर्न चैतको पहिलो साता काठमाडौं आएका थिए । 'संविधान किन लेख्दैनौं, जेठ १४ आको देख्दैनौं, आन्दोलनमा महिला, भूमि चाहियो पहिला, हाम्रै नारा हाम्रै भोट, बिर्स्यौ वाचा दियौ चोट' जस्ता चोटिला आवाज र आफ्ना काममा दिनानुदिन प्रयोग हुने औजारसहित राजधानी आएका उनीहरुमा आक्रोश र अपेक्षा दुवै थियो ।

५० जिल्लाका एक हजार गरिब किसान महिला राजधानीमा एकै पटक आएका हैनन् । उनीहरुले वर्षौंदेखि गाउँ र जिल्लामा भूमिका लागि सङ्घर्ष



गर्दै आएका थिए । कसैले नसुनेपछि केन्द्रीय सरकारलाई कानैअगाडि आफ्ना कुरा सुनाउने धोको पूरा गर्न आएका थिए । उनीहरुसँग माछा पार्ने जाल थियो । घाँस हाल्ने डोको थियो । जोत्ने हलो थियो । गोड्ने कुटो थियो । अनि पानीबाट बचाउने घुम थियो । चामल, टपरी, आलु, बर्कोसहित आएका उनीहरु अति भएपछि काठमाडौं आउनु बाध्यता बनेको थियो । उनीहरु आफ्ना कुरा सुनाउन र खबरदारी गर्न दलको कार्यालय गए । संविधानसभा भवनअघि बसे । ती विशाल र गगनचुम्बी भवनका दैलाअघि गएर नारा घन्काए । भूमि र किसानलाई नबिर्सन उनीहरुले दलका नेताहरुलाई हलो, कोदालो पनि दिए ।

नेपालका गरिब किसानहरु शान्तिपूर्ण तरिकाले परिवर्तनको चाहना राख्छन् । उनीहरु सामाजिक न्यायसहितको लोकतन्त्रमा विश्वास गर्छन् । शान्तिपूर्वक र लोकतान्त्रिक तरिकाले आफ्ना आवाज र चाहना अभिव्यक्त गर्छन् । तर सम्बन्धित पक्षले यसलाई समयमै उचित तवरले सम्बोधन नगरेमा अशान्तिको अवस्था सृजना हुनसक्ने सम्भावना पनि त्यत्तिकै प्रवल छ । किनकि गरिब किसानहरु दशकौंदेखिको झुटो आश्वासनबाट समेत पीडित हुँदै आइरहेका छन् ।

राष्ट्रिय भूमि अधिकार मञ्चले भूमिको पुनर्वितरण गरी गरिबहरुलाई परिवर्तनको मूल प्रवाहमा ल्याउने र गरिबीलाई बाहिर पठाउने आन्दोलन गरिरहेको छ । केहीले अहिले भूमि सुधारको काम गर्ने बेला हैन भन्ने गरेका छन् तर उपयुक्त समय कहिले हो त भन्ने प्रश्नको जवाफचाहिँ उनीहरुसँग छैन । यो भूमि सुधार गर्न सबभन्दा बढी उपयुक्त समय हो । आधारभूत तहका जनतामा पलाएको निराशा कम गर्न पनि अहिलेकै परिवेशमा गर्न सकिने भूमि सुधारका तमाम काम छन् । भूमिहीनता र सार्वजनिक तथा निजी जग्गाको लगत तयार गर्न सकिन्छ । विभिन्न आयोगले दिएका सुझाव अध्ययन गरी उचित सुझावको कार्ययोजना बनाएर लागू गर्न सकिन्छ । भूमि सुधारका लागि साझा कार्यक्रम बनाई राजनीतिक सहमति गर्न सकिन्छ ।

गरिबहरुले गरेको यस आन्दोलनलाई सरकारले सकारात्मकरुपमा लिएको छ र माग पूरा गर्ने वाचा गरेको छ । सरकारले यो वाचा फेरि पनि पूरा नगर्नु भनेको गरिब जनतामा अझै वितृष्णा बढाउनु हो । आन्दोलनमा आएकाहरु घर पुग्दा-नपुग्दै सर्लाही, सप्तरी र कञ्चनपुरबाट उठिबास गराउन थालेको खबर आइरहेका छन् । सरकारी वाचा सबै सञ्चार माध्यमहरुले हरेक

जनताको घरदैलोमा सुन्ने गरी पुर्‍याएका छन् । गरिब जनताले आधारभूत मानवीय आवश्यकता पूरा गर्नका लागि गरेको आन्दोलनप्रति सरकारको वाचा यसपटक खेर नजाओस् ।

**नयाँ संविधानमा हुनुपर्ने व्यवस्था**

- जमिन स्वामित्वमा राख्नेले नै खेती गर्नुपर्छ अथवा जसले खेती गर्छ, त्यसैलाई मात्र खेतीयोग्य जमिन राख्ने अधिकार किटानी गर्नुपर्दछ ।

- खेतीयोग्य जमिनमा पनि हदबन्दी तोकिएरमात्र त्यसभित्रको जग्गामा क्षतिपूर्ति दिइनुपर्दछ र खेतीयोग्य जमिन दोस्रो व्यक्तिलाई जोतभोग गराउन नपाइने व्यवस्था हुनुपर्दछ । क्षतिपूर्तिका विषयमा संविधानमा स्पष्टरुपमा यस्तो व्यवस्था उपयुक्त हुन सक्छ :

  - कानुनबमोजिम हदबन्दीभित्र भएको जग्गाको क्षतिपूर्ति दिने तर हदबन्दीभित्र वा बाहिर जे भए पनि अनुपस्थित जमिनदारका जग्गाको पनि क्षतिपूर्ति नदिने ।

  - भूमि अधिकारलाई मौलिक हकमा राखिने सम्पत्तिको हकको बुँदासँगै जमिनमा भने हदबन्दी लगाई जोताहा तथा भूमिहीन किसानलाई वितरण गर्ने र हदबन्दीभन्दा माथिको जग्गाको क्षतिपूर्ति नदिने किटानी गर्नुपर्दछ । जुन कुरालाई प्रतिबन्धात्मक वाक्यका रुपमा राख्न सकिन्छ ।

  - राज्यको दायित्वमा जसको जोत, उसको पोतका आधारमा क्रान्तिकारी भूमि सुधार गर्ने प्रतिबद्धता जनाइनुपर्दछ । भूमिमा हदबन्दी लगाई त्यसमाथिको जग्गा राज्यले जफत गरी भूमिहीन तथा साना किसानलाई वितरण गर्ने स्पष्ट व्यवस्था गरिनुपर्दछ ।

जतातत्तैबाट लखेटिएका गरिबहरुले अस्थायीरुपमै भए पनि खुलामञ्चलाई आश्रयस्थल बनाउनुको साङ्केतिक महत्व पनि छ । उनीहरुले दललाई



विगतका वाचा नबिर्सन, समयमै संविधान बनाउन र भूमिमा रहेको अन्यायपूर्ण वितरण सल्टाउन गरेको खबरदारी पृथक र दमदार आन्दोलन थियो । आन्दोलनको यस चरणमा उनीहरुले सरकार र भूमिहीन किसानबीच पटकपटक भएका सम्झौता लागू गर्न र वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगले गरेको सिफारिस लागू गर्न पनि माग गरेका थिए ।

एउटा बँधुवा मजदुर, अरुको जग्गा जोत्ने किसान, श्रमिक महिला र सुकुम्बासीका लागि अधिकार खोज्न सजिलो छैन । दिनानुदिनको रोजीरोटी जोहो गरेर पनि आन्दोलनमा होमिनु निकै कठिन काम हो । सुका मोहर गरेर भाडा तिरी आफ्नै चामल र पीठो ल्याएर खुलामञ्चलाई बास बनाएर राष्ट्रिय भूमि अधिकार मञ्चको नेतृत्वमा भएको यस आन्दोलनले मानवका आधारभूत अधिकार पूरा गर्ने सरकारी दायित्वप्रति खबरदारी गरेको छ । भूमि स्रोतको न्यायिक वितरण र त्यसमा महिला किसानको पनि पूरा हकको आवाज उठेको छ । गाउँको शक्तिको पनि एउटा रुप हो यो । यसलाई दलहरुले कसरी लिए कुन्नि ? तर जुन प्रकारले दलको ढोकामा नै गएर गरिबहरुले खबरदारी गरेका छन्, यसको अर्थ निकै गहिरो र महत्वपूर्ण भने अवश्य छ । ५० जिल्लाबाट आएका उत्पीडित जनता सहभागी यो खबरदारीको पार्टीहरुभित्र गम्भीर विश्लेषण आवश्यक छ ।

अति गरिबहरुको आफ्नै नेतृत्व, जायज मुद्दा, चोटिलो नारा र आन्दोलनकारीको सक्रियता देखेर होला, भूमि अधिकारबाट वञ्चितका मागलाई सरकारले सकारात्मकरुपमा लिएको छ र माग पूरा गर्ने अर्को वाचा गरेको छ । गाउँका कुनाकन्दराबाट राजधानी आएका महिला आन्दोलनपछि सरकार र दलका नेताहरुले गरेको वाचा पूरा हुने विश्वासका साथ घर फर्केका छन् । यो विश्वासलाई सही सावित गर्न सरकारले गर्न सकिने तमाम काम तत्काल थाल्नुपर्दछ ।

कर्मचारीहरु यो काममा बाधक बन्नु हुँदैन र दलहरुले यो कुरामा सघाउनु आवश्यक छ । अवश्य पनि यो कदममा ठूला भूमिपति र जग्गा दोहनमा लागेका माफियाले अवरोध ल्याउन सक्छन् तर यसलाई समाप्त गर्न भूमि अधिकारबाट वञ्चितहरुले निरन्तर खबरदारी गर्ने पनि आन्दोलन क्रममा बताएका छन् । भूमि अधिकारको आन्दोलन अरु आन्दोलन जस्तो सहज र विनाजोखिमको आन्दोलन होइन भन्ने आन्दोलनकारीले बुझेका छन् । यो आन्दोलनबाट प्राप्त उपलब्धिलाई कार्यान्वयन हुने अवस्थामा पुर्‍याउनु

जरुरी छ । यसका लागि भूमि र किसान अधिकार प्राप्त गर्ने एकमात्र बाटो सङ्घर्ष मात्रै हो भन्ने कुरालाई आत्मसाथै गर्दै अर्को ठूलो आन्दोलनको तयारी पनि सँगसँगै जारी राख्नुपर्नेमा द्विविधा छैन । कामना गरौं- सरकारको वाचा यस पटक भने खेर नजाओस् ।

समग्रमा आन्दोलन सिर्जनात्मक पनि भयो । ५० जिल्लाका हजार जनाभन्दा बढी कृषि क्षेत्रमा काम गर्ने महिला, कृषि औजारसहित आफ्नो भूमि हक माग गर्न काठमाडौं आए । अनि संविधानसभा भवन, एकीकृत नेकपा माओवादी, नेकपा एमाले, नेपाली कङ्ग्रेसलगायत्का पार्टीहरूका कार्यालयमा धर्ना दिए । मुलुकको बागडोर सम्हालेको सिंहदरबारलगायत्का निकायमा पुगेर खबरदारी गर्नु नै उपलब्धि हो ।

विशेषगरी ती वृद्ध आमा, दिदी-बहिनीको आन्दोलनप्रतिको माया र झन् झन् बल्झने पीडा अनि दुःख र मेहनतकै कारण सरकारले भूमिहीनका माग पूरा गर्ने प्रतिबद्धता जनाएको छ । जसका लागि भूमि आन्दोलनकर्मीहरूकै समेत सहभागितामा कार्यदलसम्म गठन गरेको छ । यस अर्थमा आन्दोलन धेरै प्रभावकारी हुन सकेको छ । सरकारी वचनबद्धताकै आधारमा भूमिहीनले आन्दोलन फिर्ता लिएका छन् । अब सम्झौताअनुसारको वचन पूरा गर्ने जिम्मेवारी सरकारको काँधमा आएको छ । जसलाई पूर्णता दिएर सरकारले आफूहरु गरिब जनताको पक्षमा रहेको प्रमाणित गर्नु जरुरी छ । अनिमात्र सरकारप्रति विश्वास र आस्था वृद्धि हुनेछ ।

परिच्छेद - आठ

# अनुसूची

## अवधारणापत्र

### समयभित्र संविधान निर्माण र भूमि सुधारका लागि राष्ट्रिय आन्दोलन (१-१५ चैत, २०६७)

नेपालमा सरकारी तथ्याङ्कअनुसार करिब २४ प्रतिशत मानिस गरिबीको रेखामुनि छन् । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले अक्सफोर्ड विश्वविद्यालयसँग मिलेर सन् २०१० मा प्रकाशित गरेको गरिबी सर्भेक्षणका अनुसार ६५ प्रतिशत मानिस गरिबीका रेखामुनि छन् । यस्ता गरिबमध्ये १४ लाख परिवार भूमिहीन किसान छन् । यसमध्ये तराईका दलित ७० प्रतिशत र पहाडका दलित २२ प्रतिशत भूमिहीन छन् । यिनीहरु मुख्यरुपमा कृषि पेशामा आश्रित छन् तर आफूले जोतेको जमिन आफ्नो छैन । तसर्थ नेपालका अधिकांश गरिब मानिस किसान छन् र उनीहरुको बस्ने र खेती गर्ने जमिन छैन । यस अवस्थामा गरिबी निवारणका प्रयासहरुले उनीहरुको यो समस्यालाई सम्बोधन गर्न सकेको छैन र गरिबी जस्ताको तस्तै छ । गरिबीका कारण समाजमा उनीहरुले धेरै प्रकारका शोषण, उत्पीडन र विभेद सामना गर्नु परिरहेको छ । यसले समाजमा द्वन्द्वको अवस्था सिर्जना गरेको छ ।

गरिब तथा भूमिहीन मानिस गरिबीको रेखाबाट बाहिर आउन आतुर छन् । उनीहरु शान्तिका साथ सम्मानित जीवन जीउन चाहन्छन् । वर्तमान गरिबीको अवस्था फेर्न राज्यको संरचनागत परिवर्तन आवश्यक छ, जसमध्ये आर्थिक संरचना पनि पर्दछ । यस कार्यको पहल र नेतृत्व राजनीतिक दलहरुले गर्नुपर्ने हुन्छ । विगतमा राजनीतिक दलहरुले गरिबहरुलाई परिवर्तन र उनीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउने आश्वासन दिएका छन् । त्यसैको फलस्वरुप गरिब मानिस सबै प्रकारका राजनीतिक परिवर्तनका लागि भएका आन्दोलन वा विद्रोहहरुको

अग्रपङ्क्तिमा रहे, सडकमा आए, ज्यानको आहुति दिए र राजनीतिक दलहरुलाई मद्दत गरे तर उनीहरुको अवस्था जस्ताको तस्तै छ । विगतमा भएका सशस्त्र द्वन्द्व र अन्य विद्रोह यसैका उदाहरण हुन ।

पछिल्लो राजनीतिक परिवर्तनबाट गरिब मानिसले नयाँ संविधानमार्फत् राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक संरचनामा परिवर्तन हुने र त्यसले उनीहरुको आवश्यकता सम्बोधन गर्ने कुरामा आशावादी छन् । तर संविधान बन्ने र शान्ति प्रक्रियाले उचित निकास पाउन ढिला भइरहेको वर्तमान अवस्थामा गरिब किसानहरु शङ्कित भएका छन् । फेरि पनि उनीहरुले भोगिरहेको गरिबीको पीडा र समाजमा व्याप्त द्वन्द्वको अन्त्य नहोला कि भन्ने चिन्तामा छन् । परिवर्तनसहितको नयाँ संविधान र दीगो शान्ति यिनै गरिब मानिसलाई बढी आवश्यकता महसुस भएको छ ।

नेपालको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रुपान्तरणका लागि भूमि व्यवस्थामा पनि रुपान्तरण आवश्यक छ । भूमि प्राकृतिक स्रोत, उत्पादनको साधन र हरेक मानिसको जीवन र जीविकासँग गाँसिएको छ । भूमिबिहीनता तथा असुरक्षित भूस्वामित्व गरिबी, सामाजिक अन्याय र खाद्य असुरक्षाका मुख्य कारक हुन् । यसलाई भूमि सुधारमार्फत् सम्बोधन गर्नका लागि २००७ सालदेखि नै सङ्घर्ष हुँदै आएको छ । तर गरिब जोताहा किसानको पक्षमा भूमि सुधार हुन नसक्दा कृषिमा सलग्न भूमि अधिकारबाट वञ्चित धुरी बढ्दै गइरहेको छ । यसो हुँदा अन्यायपूर्ण भूमि व्यवस्थामा आधारित शोषण, विभेद र अन्याय पनि बाँकी नै छन् ।

भूमिको मुद्दा नेपालको समग्र द्वन्द्वको रुपान्तरण र दीगो शान्तिको आधार हो भन्ने कुरा विस्तृत शान्ति सम्झौता २०६२ र अन्तरिम संविधान २०६३ मा वैज्ञानिक भूमि सुधारको कुरा समावेश हुनुले स्पष्ट पार्दछ । यसलाई सबै राजनीतिक दलले स्वीकार गरेका छन् । नेपालको वर्तमान कृषि प्रणाली, उत्पादन प्रणाली, भूमिको व्यवस्थापन र स्वामित्वले अहिलेका र भविष्यमा वृद्धि हुने जनसङ्ख्यालाई आवश्यक खाद्यान्न उत्पादन गर्न सम्भव छैन । त्यसैले वर्तमान भूमि नीति र भूमि उपयोगको अवस्थालाई समयसापेक्ष र न्यायिक बनाउन जरुरी छ ।

वैज्ञानिक भूमि सुधारले राष्ट्रिय अर्थतन्त्रमा वृद्धि गर्ने, गरिबी न्युनीकरण गर्ने, सामाजिक न्याय कायम गर्ने, आर्थिक समानता अभिवृद्धि गर्ने, खाद्य सुरक्षा प्रत्याभूत गर्ने, वातावरण संरक्षण गर्ने, कृषि उद्यम र



व्यावसायिकताको विकास गर्ने, विदेशिने युवा श्रम शक्तिलाई स्वदेशमै टिकाउने, गरिब जनतालाई परिवर्तन र लोकतन्त्रको अनुभूति गराउने उद्देश्य राख्नुपर्दछ । यी विषयहरु आर्थिक संरचनामा गरिनुपर्ने परिवर्तनका मुद्दा हुन । जसले द्वन्द्व अन्त्य गरी दीगो शान्तिको आधार स्थापना गर्न सक्छ । यी कुरालाई संस्थागत र विधिसम्मत बनाउनका लागि नयाँ बन्ने संविधानमा उचित सम्बोधन हुनु जरुरी छ । यदि नयाँ संविधानले यस्तो परिवर्तनलाई आत्मसात नगर्ने हो भने यसले गरिब जनताको जीवनमा कुनै परिवर्तन ल्याउन सक्दैन र नेपाली समाजमा थप जटिल प्रकारको द्वन्द्व सृजना हुन सक्छ । यस्तो द्वन्द्वले अन्ततः गरिब-धनी सबैलाई पिरोल्ने निश्चित छ ।

नेपालका गरिब किसान शान्तिपूर्ण तरिकाले रुपान्तरणकारी परिवर्तनको चाहना राख्छन् । उनीहरु सामाजिक न्यायसहितको लोकतन्त्रमा विश्वास गर्दछन् । शान्तिपूर्वक र लोकतान्त्रिक तरिकाले आफ्ना आवाज र चाहना अभिव्यक्त गर्दछन् । सम्बन्धित पक्षले यसलाई समयमा उचित तरिकाले सम्बोधन नगरेमा अशान्तिको अवस्था सृजना हुनसक्ने सम्भावना पनि त्यत्तिकै प्रवल छ । किनकि गरिब किसानहरु दशकौंदेखिको झुटो आश्वासनबाट थाकिसकेका छन् र आफ्ना हक अधिकार र नागरिक कर्तव्यप्रति पनि सजग भइसकेका छन् । नेपालका भूमिहीन किसानले २०६२/६३ सालको जनआन्दोलनमा अभूतपूर्व साथ दिए र ज्यानको बाजी लगाए । शहादत हुनेहरुको सङ्ख्या हेर्ने हो भने ती प्रायः सबै गरिब नै थिए । त्यस्तै उनीहरुले संविधानसभाको निर्वाचनमा राजनीतिक दलहरुलाई धेरै सघाए र नयाँ संविधानमार्फत् उनीहरु जीवनको गुणात्मक परिवर्तनको आशामा छन् ।

विगत केही समयदेखि समयमा संविधान बन्ने, शान्ति प्रक्रियाले उचित निकास पाउने र उनीहरुको समस्याको सम्बोधन हुने कुरामा शङ्का उत्पन्न भएको ठानेका छन् नेपालका १४ लाख भूमिहीन किसानले । त्यसैले उनीहरु नयाँ संविधान र दीगो शान्तिका लागि आन्दोलित भएका छन् । करिब ५० जिल्लामा सङ्गठित भूमिहीन किसानले गाउँ तथा जिल्ला तहमा राजनीतिक दल र सरकारको ध्यानाकर्षण गराउने काम गरे, गरिरहेका छन् । नयाँ संविधान जारी हुनुपर्ने समय नजिकिँदै आउँदासमेत उत्साहजनक प्रगति नभएको हुँदा भूमिहीन किसान बढी आन्दोलित हुँदै राजधानीमा आई प्रमुख राजनीतिक दल, संविधानसभा तथा सरकारलाई ध्यानाकर्षण गराउन र दबाब दिनका लागि २०६७ चैत १ गतेदेखि १५ गतेसम्म ५० जिल्लाका

एक हजार गरिब भूमिहीन महिला काठमाडौंको खुलामञ्चमा बसी राष्ट्रिय आन्दोलनको अर्को चरण सम्पन्न गर्न गइरहेका छन् । आन्दोलनको यस चरणमा उनीहरुले नयाँ संविधान समयमा नै तयार गर्न, सरकार र भूमिहीन किसानबीच पटकपटक भएका सम्झौता लागू गर्न/गराउन र वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगले दिएको सिफारिस लागू गर्न माग गर्नेछन् ।

## राष्ट्रिय आन्दोलन किन ?

- २०६८ जेठ १४ भित्र संविधान निर्माण र शान्ति प्रक्रियालाई प्रभावकारीरुपमा सम्पन्न गर्न/गराउनका लागि खबरदारी गर्न ।
- विस्तृत शान्ति सम्झौतामा उल्लेख भएको वैज्ञानिक भूमि सुधारको जोताहा (महिला/पुरुष) किसानको पक्षमा संवैधानिक व्यवस्था गराउन ।
- भूमिमा महिलाको समान हक अधिकार सुनिश्चित गर्न ।
- नेपाल सरकारले गठन गरेको वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोग २०६६ को प्रतिवेदन लागू गराउन ।



## मागपत्र

## संविधान निर्माण र भूमि सुधारका लागि राष्ट्रिय आन्दोलनका प्रमुख माग :

१ जमिनमा आफैं श्रम गर्ने जोताहा महिला एवम् पुरुष किसानका पक्षमा भूमि सुधार गर्ने स्पष्ट संवैधानिक प्रावधान गरिनुपर्दछ ।

२ आदिम भूमिमै रहेर कृषिमा आश्रित आदिबासी जनजातिको भूमिमाथिको अधिकार एवम् नियन्त्रण सुनिश्चित गरिनुपर्दछ ।

३ दलित, भूमिहीन, सुकुम्बासी, हलिया, हरुवा-चरुवा, कमैया, कमलरी, कृषि श्रमिक, साना किसानलगायत् भूमि अधिकारबाट वञ्चितहरुलाई जमिनको अधिकारसहितको जीविका सुनिश्चित गरिनुपर्दछ ।

४ कृषि कर्ममा संलग्न महिलाहरुको भूमिमाथिको अधिनत्व कायम गर्ने संवैधानिक व्यवस्था गरिनुपर्दछ ।

५ विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र त्रिवर्षीय राष्ट्रिय योजनाअनुसार तुरुन्त समग्र भूमि सुधारको प्रक्रिया थालनी गरिनुपर्दछ ।

६ भूमि प्राकृतिक स्रोत र उत्पादनको साधन भएकाले भूमिमा न्यायोचित हदबन्दी लगाई हदभन्दा माथिको जग्गामा क्षतिपूर्ति नदिने संवैधानिक व्यवस्था हुनुपर्दछ ।

७ वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन सार्वजनिक गरी कम्तिमा तलका माग सम्बोधन हुने गरी तुरुन्त कार्यान्वयन हुनुपर्दछ ।

(क) छुटेका जोताहा किसानलाई स्थलगत सर्जमिनका आधारमा मोहियानी हक कायम गरी स्थलगत टोली खटाई जग्गाधनी र मोहीबीच आधा आधा स्वामित्व बाँडफाँट गरिदिने ।

(ख) वास्तविक सुकुम्बासीलाई आधिकारिक परिचयपत्र वितरण गर्ने । भूमिहीन किसानलाई उनीहरूको जीवन निर्वाहका लागि भूमिको उपलब्धताका आधारमा घरघडेरी र करेसाबारीका लागि न्युनतम्

हिमालमा १० रोपनी, पहाडमा ५ रोपनी र तराईमा ५ कठ्ठा जग्गा दिने । साथै खेतीपातीका लागि स्थानीय जग्गा उपलब्धताका आधारमा बचत उत्पादन हुने गरी कृषियोग्य भूमि उपलब्ध गराउने ।

(ग) घरघडेरी वा आवास प्रयोजनका लागि र खेतीयोग्य कृषि भूमिका लागि छुट्टाछुट्टै हदबन्दी व्यवस्था हुनेगरी आयोगले सिफारिश गरेको हदबन्दी व्यवस्था लागू गर्ने ।

(घ) गुठी जग्गासम्बन्धी व्यवस्था खारेज गरी सबै प्रकारका गुठी मोही/किसानले प्रयोग गरिरहेका जग्गा उनीहरूकै नाममा परिणत गर्ने र अन्य सबै जग्गा सरकारको नाममा रैकर कायम गर्ने ।

(ङ) राज्यले जग्गा वितरण गर्दा पति र पत्नी दुवैको संयुक्त स्वामित्व हुनेगरी उपलब्ध गराउने । पतिको स्वामित्वमा रहेको जग्गामा पत्नीको स्वामित्वसमेत कायम गर्न २ वर्षभित्र बिनाशुल्क स्वामित्व कायम गर्ने अनिवार्य कानुनी व्यवस्था गर्ने ।

(च) उखडा जग्गा जोत्ने किसानको नाममा दर्ता गर्ने ।

(छ) अन्यायपूर्ण भूसम्बन्धका कारण मर्यादित जीवन जीउने अधिकारबाट वञ्चित हली, हलिया, गोठाला, बालीघरे, हरूवाचरुवा, कमलरी सबै परिवारको स्वयम् अधिकारबाट वञ्चितहरूका अगुवा तथा स्थानीय निकायसमेत परिचालन गरी यकिन लगत तयार गर्ने र जीविकालाई पुग्ने भूमि उपलब्ध गराउने ।

(ज) ३ वर्षसम्म खेतीयोग्य कृषि जग्गा लगातार बाँझो राखेको पाइएमा त्यस्तो जग्गा बिना क्षतिपूर्ति राज्यले लिई स्थानीय सहकारीमार्फत् समुदायलाई सामूहिक खेती गर्न दिने । साथै सामुदायिक वन र राष्ट्रिय वनमा त्यस क्षेत्रमा रहेका भूमिमा आश्रित परिवारको आवास र जीविकाको हक सुनिश्चित गर्ने ।

(झ) सम्पूर्ण भूमिको अधिकतम् सदुपयोग र व्यवस्थापन गर्न 'राष्ट्रिय भूमि उपयोग नीति' तर्जुमा गरी कार्यान्वयन गर्ने ।



(ञ) चुरे क्षेत्रको वातावरण र पर्यावरणलाई दिगोरुपमा संरक्षण गर्न समग्र चुरे क्षेत्रको नक्साङ्कन गरी वातावरण अनुकूल हुनेगरी बसोबास, कृषि उद्योग, उपयुक्त खेती र जङ्गल क्षेत्र छुट्याई उपयोगमा ल्याउने । चुरेबासीको भूस्वामित्व सुनिश्चित गर्ने ।

(ट) स्थानीय तहमा सहजरुपले नापनक्सा, जग्गा प्रशासन र भूमि व्यवस्थापनसम्बन्धी आधारभूत सेवा/सूचना उपलब्ध गराउन भूमिसम्बन्धी कार्यालयहरूको एकीकरण गरी भौतिक, प्राविधिक र सक्षम जनशक्तिसहितको भूमि व्यवस्थापन कार्यालयका रुपमा विकास गर्ने ।

# अपिल

## नयाँ संविधान जारी गर, भूमि सुधार लागू गर

संविधान निर्माण र भूमि सुधारका लागि राष्ट्रिय आन्दोलन सफल पारौं

भूमिबिहीनता तथा असुरक्षित भूस्वामित्व ग्रामीण गरिबी, सामाजिक अन्याय र खाद्य असुरक्षाका मुख्य कारक हुन् । यसलाई भूमि सुधारमार्फत् सम्बोधन गर्नका लागि २००७ सालदेखि नै सङ्घर्ष हुँदै आएको छ । तर भूमि सुधार हुन नसक्दा कृषिमा संलग्न भूमि अधिकारबाट वञ्चित धुरी बढ्दै गइरहेको छ ।

भूमि सुधारको आवाज उठेको ६ दशक बितिसक्दा पनि भू-वितरण र व्यवस्थामा रुपान्तरणको साटो अझै भद्रगोल देखिएको छ । आर्थिक तथा सामाजिक रुपान्तरणको बहस भइरहँदा भूमि पुनर्वितरणको विषयलाई ओझेलमा पार्न खोजिँदैछ । भूमि सुधार विस्तृत शान्ति सम्झौताको मुख्य अङ्ग हुँदाहुँदै पनि संविधान निर्माणमा यसबारे दलबीच सहमति हुन सकेको छैन । सीमित धनाढ्यको स्वार्थमा भूमि सुधारको मुद्दा अनिर्णित बनिरहेको छ ।

भूमि अधिकारबाट वञ्चितहरुको सङ्गठन राष्ट्रिय भूमि अधिकार मञ्चको आन्दोलनपछि बनेको भूमि आयोगले सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन गर्नुको साटो गुपचुप राखिएको छ । वास्तविक सुकुम्बासीको पहिचान र जग्गा उपलब्ध गराउन गठित सुकुम्बासी आयोगले उल्टै गैरसुकुम्बासीलाई जग्गाधनी पूर्जा बाँडेको तथ्यहरु बाहिर आएका छन् । भूमि जस्तो प्रमुख स्रोतबाट किसान महिला अधिकारबिहीन हुनुपर्दा उनीहरु विभिन्न प्रकारका हिंसा भोग्न बाध्य छन् । उनीहरुका आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार खोसिएको छ । यसअघि विभिन्न समयमा सरकार र राष्ट्रिय भूमि अधिकार मञ्चबीच भएका सहमति पालना भएको छैन । सुकुम्बासीहरु बसिरहेको स्थानबाट जबर्जस्ती विस्थापन गर्ने र अरुको जग्गा विभिन्न सर्तमा जोतिरहेका किसानलाई बेदखली गर्ने कार्य भइरहेको छ ।

यिनै अवस्थालाई मध्यनजर गर्दै राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले पुनः राष्ट्रिय आन्दोलन घोषणा गरेको छ ।



## राष्ट्रिय आन्दोलन किन ?

- २०६८ जेठ १४ भित्र संविधान निर्माणका लागि खबरदारी गर्न
- जोताहा (महिला/पुरुष) किसानको पक्षमा भूमि सुधार गर्ने संवैधानिक व्यवस्था गराउन
- भूमिमा महिलाको अधिकार सुनिश्चित गर्न
- भूमि आयोगको प्रतिवेदन लागू गराउन

## राष्ट्रिय आन्दोलन, २०६७ का मुख्य कार्यक्रम

| २०६७ | काठमाडौं केन्द्रित कार्यक्रम |
|---|---|
| चैत १ | खुलामञ्चदेखि संविधानसभा भवनसम्म जुलुस र संविधानसभा भवनअगाडि सभा र धर्ना निरन्तर (१२ बजेबाट जुलुस सुरु हुने) |
| चैत २ | नेकपा (एमाओवादी) को मुख्य कार्यालयमा धर्ना तथा प्रमुख नेताहरुसँग मागबारे छलफल |
| चैत ३ | नेकपा (एमाले) को मुख्य कार्यालयमा धर्ना तथा प्रमुख नेताहरुसँग मागबारे छलफल |
| चैत ४ | नेपाली कङ्ग्रेसको मुख्य कार्यालयमा धर्ना तथा प्रमुख नेताहरुसँग मागबारे छलफल |
| चैत ५ | आन्तरिक प्रशिक्षण |
| चैत ६ | मधेसी जनअधिकार फोरम, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), तमलोपाको मुख्य कार्यालयमा धर्ना तथा प्रमुख नेताहरुसँग मागबारे छलफल |
| चैत ७ | नेकपा माले, नेमकिपा, नेकपा एकीकृत, राष्ट्रिय जनमोर्चा, राप्रपा, सद्भावना, चुरेभावर, दलित जनजाति पार्टीका प्रमुखसँग मागका सम्बन्धमा छलफल |
| चैत ८ देखि | संविधानसभा भवनअगाडि धर्ना एवम् अन्य विभिन्न कार्यक्रम निरन्तर |

## जिल्ला तहको आन्दोलन

| | |
|---|---|
| २०६७ | आन्दोलन कार्यक्रम |
| माघभर | आन्दोलनबारे सङ्गठन तहमा प्रशिक्षण |
| १-७, फागुन | भित्तेलेखन र प्रचारप्रसार |
| ८-२३, फागुन | राष्ट्रिय आन्दोलनका सहभागीलाई प्रशिक्षण |
| फागुन २४ | सदरमुकाममा महिला ऱ्याली र सभा |
| चैत ४ गते | गाउँ भूमि अधिकार मञ्चहरुले गाविसमा गाउँगाउँबाट जुलुस र सभा गर्ने (५० जिल्लाका २४०० सङ्गठनमा) |
| चैत ६ गते | जिल्लास्थित दलका कार्यालयमा छलफल |
| चैत ८ गते | मालपोत कार्यालय घेराउ, काम रोक, तालाबन्दी |
| चैत १५ गते | जिल्ला-जिल्लामा विशाल सभा र यातायात प्रतिरोध आन्दोलन |

यो आन्दोलन सफल बनाउन देशका राजनीतिक दल, नागरिक समाज, मानव अधिकारवादी, पत्रकार, प्राध्यापक, शिक्षक, विद्यार्थी, वकिल, सरकारी तथा गैरसरकारी सङ्घ/संस्था, महिला सङ्गठन र सञ्जालहरुमा आर्थिक, नैतिक, भौतिक हिसाबले सक्दो सहयोग पुऱ्याउन राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल हार्दिक अपिल गर्दछ । साथै भूमि अधिकारबाट वञ्चितहरु उच्च मनोबलका साथ आन्दोलनमा जुट्ने विश्वास लिएका छौं ।

*राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल*
*फोन :०१-६९१४५८६*
*इमेल : nlrfnepal@yahoo.com*



## प्रेस विज्ञप्ति

### संविधानसभा र दलको कार्यालयमा भूमिहीन तथा किसानले धर्ना दिने

२०६८ जेठ १४ भित्र संविधान निर्माण गर्न, किसानको पक्षमा भूमि सुधार गर्ने संवैधानिक व्यवस्था गर्न, भूमिमा महिलाको अधिकार सुनिश्चित गर्न र भूमि आयोगको प्रतिवेदन लागू गर्न/गराउन सरकार तथा राजनीतिक दलहरुको ध्यानाकर्षण गराउने उद्देश्यले ५० जिल्लाका भूमिहीन तथा श्रमिक महिला काठमाडौंको खुलामञ्चमा जम्मा भइरहेका छन् ।

विभिन्न जिल्लाका गरिब तथा भूमिहीन किसानहरुले सङ्गठितरुपमा आवाज उठाइरहेका भए पनि ती आवाज नीतिगत तहमा पुऱ्याउन २०६७ चैत १ बाट काठमाडौंमा ५० जिल्लाका एक हजार गरिब किसान महिला जम्मा भई संविधानसभा भवन र दलको कार्यालयमा धर्ना दिन लागिएको हो ।

यस आन्दोलनका सहभागी चामल, टपरी, तरकारी र बर्को बोकेर आएका छन् । राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल भूमि अधिकारबाट वञ्चितहरुको राष्ट्रिय सङ्गठन हो । सङ्गठनका ४२ जिल्लामा १९२४ गाउँ सङ्गठन छन् । सङ्गठनले 'सुरक्षित बास सबैलाई, खेतीयोग्य जमिन जोत्नेलाई' भन्ने मूल ध्ययेका साथ २०६१ सालदेखि शान्तिपूर्णतवरले आफ्ना कार्यक्रम गरिरहेको छ ।

## आन्दोलनका क्रममा पत्रकारहरुलाई वितरित

## राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल भूमि अधिकारबाट वञ्चितहरुको राष्ट्रिय सङ्गठन हो। सङ्गठनमा सुकुम्बासी, भूमिहीन, मोही, पूर्व कमैया, पूर्व हलिया, हरुवाचरुवा, साना किसानलगायत् सङ्गठित छन् ।
- ४२ जिल्लामा मञ्चको सङ्गठन छ। ८ जिल्लामा सम्पर्क समिति छ। १९२४ गाउँ सङ्गठनहरु क्रियाशील छन् ।
- मञ्चको निर्माण ४-६ पुस, २०६१ काठमाडौंमा सम्पन्न राष्ट्रिय सम्मेलनबाट भएको हो । भूमि अधिकारबाट वञ्चितमात्र यस सङ्गठनको सदस्य हुन सक्नेछन् । २०६४ फागुन १८ देखि २० सम्म दोस्रो सम्मेलन दाङको घोराहीमा भएको थियो ।
- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल राष्ट्रिय निर्देशक ऐन, २०१८ अन्तर्गत जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको छ।
- जमिनमा आफैं श्रम गर्ने भूमि अधिकारबाट वञ्चितले सुरक्षित आवास र खेती गर्ने जमिन प्राप्त गर्ने नीति तथा सोको कार्यान्वयन गराउन प्रभावकारी भूमिका खेल्नु नै मञ्चको मुख्य उद्देश्य हो ।
- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल भूमि सुधारका लागि सरकार र राजनीतिक दललाई सकरात्मक दबाव दिने कार्यका साथै पाएको जमिनको प्रभावकारी उपयोग गर्न प्रतिबद्ध छ।

## भूमि अधिकार मञ्च नै किन ?

न्यायप्रेमी बौद्धिकहरुले अभियानको पक्षमा वकालत गर्न सक्छन् । परिवर्तनवादी दलहरुले भूमि सुधारको पक्षमा ऐन, कानुन र नीति संसदबाट अनुमोदन गराउन सक्छन् । सञ्चारकर्मीहरुले पीडितका आवाज नीति निर्मातासमक्ष पुऱ्याउन सक्छन् । गैरसरकारी संस्थाहरुले समुदाय तहसम्मै पुगेर भूमि व्यवस्थाबारे सहभागीमूलक छलफल चलाउँदै पीडितहरुको सङ्गठन निर्माणमा सहयोगी भूमिका खेल्न सक्छन् तर पीडितहरुको प्रतिनिधित्व पीडितहरुकै जनसङ्गठनसिवाय अरुले गर्न सक्दैन ।



राज्य निकाय, राजनीतिक दल र गैरसरकारी संस्थाहरुमा जुन वर्ग वा तप्का नेतृत्वमा रहेको हुन्छ, त्यसले अन्तिम विन्दुसम्म हली, कमैया, मोही, सुकुम्बासीहरुको तर्फबाट शक्ति केन्द्रहरुसँग सौदावाजी गर्ने सम्भावना नै छैन । यो राजनीतिक इमानदारीको सवाल मात्र नभएर सामाजिक शक्ति रुपान्तरणको शक्तिविन्यासको सवाल पनि हो । तसर्थ, भूमि अधिकार आन्दोलन सफल तुल्याउन सशक्त जनसङ्गठन अपरिहार्य भएको हो । जबसम्म अधिकारबाट वञ्चित, शोषित तथा पीडित समुदाय आफैं बिउँझेको हुँदैन, तबसम्म दिगो र वास्तविक परिवर्तन सम्भव हुँदैन । भूमि अधिकार आन्दोलनलाई दरो, दिगो बनाउँदै लक्ष्यसम्म पुऱ्याउनका लागि भूमि अधिकार मञ्च निर्माण गरिएको हो ।

*राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल*
*राष्ट्रिय सचिवालय, धापासी काठमाडौं*
*फोन : ०१-६९१४५८६*
*इमेल :* nlrfnepal@yahoo.com

## राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले गरेका मुख्य आन्दोलन

- २०६१ साल पुस ४ देखि ६ सम्म भूमि अधिकारबाट वञ्चितहरुको पहिलो राष्ट्रिय सम्मेलन, १५ बुँदे घोषणापत्र जारी
- २०६२ माघ र फागुनमा राष्ट्रव्यापी भूमिमा हक दावी अभियान, १ लाखभन्दा बढी परिवार भूमि पाउन भूमि अड्डामा निवेदन पेश गरेको
- २०६२ जेठको ४ देखि ६ सम्म दाङको घोराहीदेखि बर्दिया हुँदै बाँकेको नेपालगञ्ज र सप्तरीदेखि सिरहा हुँदै महोत्तरीसम्म भूमि अधिकारबाट वञ्चितहरुको व्यापक सहभागितामा साइकल यात्रा ।
- २०६२ साल भदौ ५ र ६ गते डडेल्धुरा जिल्लामा हलिया मुक्ति सम्मेलन आयोजना, असोज ३ र ४ गते भूमिमा महिला अधिकार राष्ट्रिय सम्मेलनमा सहभागिता, भूमि ब्याङ्क कार्यक्रमविरुद्ध देशव्यापी सचेतना एवम् विरोध, दियालो परिवारसँगको सहकार्यमा देशव्यापी सांस्कृतिक अभियान
- २०६२ पुसमा जनताको भूमि ऐनबारे देशव्यापी परामर्श, फागुनमा भूमि अधिकार कार्यकर्ताको राष्ट्रिय भेला र चैतमा सुनसरीको इनरुवामा भोक हडताल
- २०६२/०६३ मा भएको जनआन्दोलनमा कृषि औजारसहित सङ्गठन भएका सबै जिल्लामा सहभागिता
- भूमि अधिकार माग गर्दै राष्ट्रव्यापी खबरदारी सभा
- २०६३ साल भदौमा भूमि अधिकार माग गर्दै दाङ, बाँके, बर्दिया, सुनसरी, सप्तरी, सिरहा, महोत्तरी र सिन्धुपाल्चोकका मोही तथा भूमिहीन किसानद्वारा जिल्ला भूमि सुधार तथा मालपोत कार्यालयमा अनिश्चितकालीन धर्ना तथा तालाबन्दी, २०६३ साल असोज १ गते भूमि सुधार तथा व्यवस्था मन्त्रालय र मञ्चबीच ५ बुँदे सहमति
- २०६३ भाद्र १४ गतेदेखि देशका विभिन्न जिल्लामा भएको मालपोत धर्नापछि असोज १ गते भूमि सुधार मन्त्रालय, प्राकृतिक स्रोत साधन समिति र राष्ट्रिय भूमि अधिकार मञ्चबीच ५ बुँदे सहमति सम्पन्न ।



- २०६३ मङ्सिरमा चुरे महोत्सव तथा जनभेला
- २०६४ जेठ १ देखि ४ गतेसम्म विभिन्न जिल्लामा सात राजनीतिक दलका जिल्ला कार्यालय तथा जेठ ७ देखि १४ सम्म काठमाडौंमा दलका केन्द्रीय कार्यालयमा धर्ना बसेपछि जेठ १७ गते सात दलको बैठक बसी धर्नालाई सम्बोधन गरी आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै भूमिको समस्या समाधान गर्ने सहमति ।
- २०६५ असोज १ गते देशव्यापी साङ्केतिक धर्ना एवम् देशव्यापी जनप्रर्दशन, सिरहाको लहानमा 'मधेसमा भूमि सुधार' सभा
- २०६५ कात्तिकमा देशव्यापी भित्तेलेखन, सभा, ऱ्याली, धर्ना र मङ्सिरमा राजधानीको शहीद मञ्चमा मङ्सिर २ देखि १४ सम्म खुलामञ्चमा भूमि अधिकारबाट वञ्चितहरुको राष्ट्रिय धर्नापश्चात् मङ्सिर १४ गते नेपाल सरकार र राष्ट्रिय भूमि अधिकार मञ्चबीच ४ बुँदे सहमति सम्पन्न ।
- २०६६ मङ्सिर १९ देखि २३ सम्म सिन्धुपाल्चोकमा मालपोत कार्यालय अगाडि धर्ना, फागुन २४ बाट चैत ५ सम्म दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा ११ दिने भूमिमा महिला अधिकार यात्रा, देशभरबाट २९७ जनाको सहभागिता
- २०६७ मङ्सिर कैलाली, कञ्चनपुर, बैतडी, डडेल्धुरा जिल्लामा किसान जागरण अभियान, रुपन्देही, कपिलवस्तु र नवलपरासीका किसानद्वारा मालपोत कार्यालयअगाडि धर्ना । बारा, सर्लाही, महोत्तरी र धनुषामा ७ दिने भूमि अधिकार चेतना यात्रा, सिरहा र सप्तरीमा जागरण यात्रा

*- राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल*
*राष्ट्रिय सचिवालय, धापासी फोन : ०१६९१४५८६*

## भूमि अधिकारका लागि राष्ट्रिय आन्दोलनमा सहभागिता

| क.सं. | जिल्ला | सहभागी संख्या |
|---|---|---|
| १ | डडेल्धुरा | ११ |
| २ | बैतडी | १५ |
| ३ | कैलाली | ३५ |
| ४ | कञ्चनपुर | २७ |
| ५ | डोटी | ५ |
| ६ | बझाङ | ४ |
| ७ | बाजुरा | २ |
| ८ | बाँके | ३८ |
| ९ | बर्दिया | बस दुर्घटना भएकाले सहभागिता हुन नसकेको |
| १० | दैलेख | ८ |
| ११ | सुर्खेत | २३ |
| १२ | दाङ | ५३ |
| १३ | प्युठान | ६ |
| १४ | सल्यान | ११ |
| १५ | कपिलवस्तु | २७ |
| १६ | पाल्पा | १७ |
| १७ | नवलपरासी | ३९ |
| १८ | रुपन्देही | ३३ |
| १९ | चितवन | ११ |
| २० | मकवानपुर | २९ |
| २१ | पर्सा | ४८ |
| २२ | बारा | ३२ |
| २३ | रौतहट | २७ |
| २४ | सर्लाही | २९ |
| २५ | महोत्तरी | ४२ |
| २६ | धनुषा | ३७ |
| २७ | सिन्धुली | १८ |
| २८ | सिरहा | ४५ |
| २९ | सप्तरी | ४२ |
| ३० | उदयपुर | २५ |



| | | |
|---|---|---|
| ३१ | सुनसरी | ३७ |
| ३२ | मोरङ | १३ |
| ३३ | झापा | २४ |
| ३४ | धनकुटा | ३ |
| ३५ | सङ्खुवासभा | २ |
| ३६ | कास्की | १५ |
| ३७ | म्याग्दी | २ |
| ३८ | बागलुङ | १३ |
| ३९ | पर्वत | १२ |
| ४० | धादिङ | ४ |
| ४१ | स्याङ्जा | २ |
| ४२ | रसुवा | ४५ |
| ४३ | नुवाकोट | २ |
| ४४ | काठमाडौं | २५ |
| ४५ | भक्तपुर | ५ |
| ४६ | ललितपुर | ७ |
| ४७ | सिन्धुपाल्चोक | ६१ |
| ४८ | काभ्रे | ७ |
| ४९ | दोलखा | ९ |
| ५० | रामेछाप | १० |
| **जम्मा** | | १०३७ |

## नाराहरु

आधा पुरुष, आधा नारी,
जमिनमा हक बराबरी ।

सुरक्षित बास सबैलाई
खेतीयोग्य जग्गा जोत्नेलाई

जल, जङ्गल र जमिन
हुनुपर्छ, जनताको अधिन

संविधान किन लेख्दैनौ ?
जेठ १४ आ'को देख्दैनौ ??

हाम्रो नारा, हाम्रै भोट,
बिर्स्यौ वाचा, दियौ चोट ।

भूमि अड्डा चाहिंदैन,
प्रतिवेदन लुकाउन पाइँदैन ।

रगत पसिना बगायौं,
बदलामा के पायौं ?

आन्दोलनमा महिला,
भूमि चाहियो पहिला ।



## आन्दोलनमा भएको आम्दानी र खर्च

### स्थानीय समुदाय र सङ्गठनबाट सङ्कलन गरिएको नगद तथा जिन्सी सामग्री विवरण

| जिल्ला | नगद रु. | चामल केजी | आलु केजी | जिन्सी अन्य |
|---|---|---|---|---|
| डडेल्धुरा | १७६१० | ४९ | ३ | दाल ८ केजी, गोलभेंडा १ केजी, कागती १ केजी |
| बैतडी | ३३६९२ | १२५ | ५६ | दाल ८ केजी |
| कैलाली | ४५८०० | २८७ | ८५ | दाल १ केजी, नून १ केजी, तेल १ केजी, खुर्सानी २०० ग्राम |
| कञ्चनपुर | ५१११० | १७८ | ५६ | दाल ३ केजी, नून १ केजी, खुर्सानी १०० ग्राम |
| बाँके | २५००० | २०० | ० | ० |
| दाङ | ७०००० | ८५० | १०५ | बन्दा ३५ केजी, सिन्की १० केजी |
| दैलेख | १०००० | ३० | ० | ० |
| सुर्खेत | २०००० | १४५ | ० | ० |
| रौतहट | २४००० | २१८ | १५ | दाल ४ केजी |
| प्युठान | ५०० | ० | ० | |
| सल्यान | ११४० | ० | ० | |
| कपिलवस्तु | १८००० | २०० | ७० | |
| पर्वत | १५००० | १२० | ० | |
| बाग्लुङ | २०००० | १४० | ० | |
| रुपन्देही | २८२०० | २५० | १०० | नून २५ केजी |
| नवलपरासी | ३१००० | ३५० | ४० | |

| | | | | |
|---|---|---|---|---|
| कास्की | २६००० | १३० | २५ | गुन्द्रक १ केजी |
| बारा | १६८०० | ३०० | २५ | |
| मकवानपुर | २५००० | ८०० | ६५ | पीठो ३५ केजी |
| सुनसरी | ३३००० | ३६१ | १४ | दाल १ केजी, बन्दा १०० केजी, गुन्द्रक १ केजी |
| मोरङ | १०६९५ | १३० | २० | दाल १० केजी |
| झापा | ८००० | २४० | ० | |
| सप्तरी | १५००० | १७५ | ५ | दाल ५ केजी |
| सिरहा | १८००० | १५० | ४० | दाल १० केजी |
| उदयपुर | ६७०० | २०० | ३५ | |
| महोत्तरी | ४५००० | ४०० | ० | |
| धनुषा | ४०००० | १०० | २० | गुन्द्रक १ केजी, गोलभेंडा १० केजी |
| सिन्धुली | ० | ३० | ५ | गुन्द्रक १ केजी |
| सिन्धुपाल्चोक | २०००० | ६०० | ० | गुन्द्रक २ केजी |
| रसुवा | १६००० | ४०० | ३०० | |
| पर्सा | ० | ३०० | १० | भण्टा १० केजी |
| पाल्पा | २६६४० | १२० | ० | |
| रामेछाप | १००० | ४ | १ | गुन्द्रक २ केजी |
| दोलखा | ० | ० | ० | |
| सर्लाही | १५००० | ३०० | २० | |
| स्याङ्जा | ० | ० | ० | |
| चितवन | ४०५३ | ३ | ४० | गुन्द्रक २० केजी |
| डोटी | ३००० | ५० | ० | |
| बझाङ | ३००० | ० | ० | |
| बाजुरा | ३००० | ० | ० | |
| **जम्मा** | **७४६९४०** | **७९३५** | **११५५** | |



## विभिन्न व्यक्ति र संस्थाले गरेका सहयोग विवरण

| क्र.सं. | नाम | रकम (रु.मा) |
|---|---|---|
| १ | मा.सत्य पहाडी | १,०५० |
| २ | मा.जनककुमारी चालिसे | १,००० |
| ३ | धर्मकृष्ण श्रेष्ठ | ३०० |
| ४ | बालकृष्ण देउजा | २०० |
| ५ | कृष्ण थापा | १,००० |
| ६ | राजुराम भुल | ५०० |
| ७ | मा. शान्ता चौधरी | ७,००० |
| ८ | मा.पुरनसिं दयाल | २,००० |
| ९ | छवाङतेन्जिङ लामा | ५०० |
| १० | देवी गुरुङ | २,००० |
| ११ | विमला गायक | २,००० |
| १२ | विष्णुप्रसाद पौडेल | १०० |
| १३ | गोविन्द सापकोटा | ५०० |
| १४ | तीर्थदेवी सिलवाल | १,००० |
| १५ | तेम्रेल लामा | २,००० |
| १६ | मा.राधा ज्ञवाली | ५,००० |
| १७ | मा.सुकदैया चौधरी | २,००० |
| १८ | राजकुमार त्रिखत्री | १,००० |
| १९ | मा. विन्दा पाण्डे | २,००० |
| २० | कृष्ण पाठक | ५०० |
| २१ | भीमप्रसाद खड्का | ५०० |
| २२ | दुर्गा दाहाल | ५०० |
| २३ | मा. रीमा नेपाली | ५०० |
| २४ | इन्द्रबहादुर तामाङ | २,००० |
| २५ | खेमराज उपाध्याय | १,००० |
| २६ | नेत्रप्रसाद पन्थी | ५०० |
| २७ | कर्ण विश्वकर्मा | ३,५०० |
| २८ | सुरेन्द्र पाण्डे | १,००० |
| २९ | भीम आचार्य | १,००० |
| ३० | जागरण नेपाल | ३,००० |
| ३१ | गैसस महासङ्घ | ५,००० |
| ३२ | डा. सुमित्रा मानन्धर | ५,००० |

| | | |
|---|---|---|
| ३३ | माकु भोटिलाइनेन | १०,००० |
| ३४ | सामरी उत्थान सेवा | ४०,००० |
| ३५ | मा. शारदादेवी कुमाल | १,००० |
| ३६ | मा.शान्ति जिरेल | ५,००० |
| ३७ | मा. रुकमणि चौधरी | १,००० |
| ३८ | लुथरन विश्व फेडरेसन, नेपाल | २००,००० |
| **जम्मा रकम** | | **३१२,१५०** |

## आम्दानी

| क.सं. | विवरण | जम्मा रकम (रु.मा) |
|---|---|---|
| १ | आन्दोलन कोष सङ्कलन | ३१२,१५० |
| २ | राष्ट्रिय भूमि अधिकार मञ्च | १२५,६६६ |
| ३ | आत्मनिर्भर केन्द्र | ४८५,८८२ |
| **जम्मा** | | **९२३,६९८** |

## खर्च

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १ | टेन्ट ६ दिन | १५८,८०० |
| २ | ग्यास र चुह्लो ८ दिन | ६४,२०० |
| ३ | भाँडा ८ दिन | ४८,८४० |
| ४ | बिजुली बत्ती | २१,५८५ |
| ५ | ब्यानर, झण्डा, कार्ड | ३७,१७२ |
| ६ | पोष्टर, पम्पप्लेट, पर्चा | ८३,६२० |
| ७ | फोटो र भिडियो | २९,६०० |
| ८ | मिडिया परिचालन | २५,००० |
| ९ | पानी व्यवस्थापन (ट्याङ्कीसमेत) | ३९,८३० |
| १० | स्टेशनरी खरिद | २८,८३० |
| ११ | माइक र साउन्ड सिष्टम | २५,२७२ |
| १२ | ब्याल्डकेट, फोम म्याट | ३८,५९४ |
| १३ | औषधी उपचार | ७,३८३ |
| १४ | टपरी | २४,३६५ |
| १५ | सञ्चार | ३,४७० |
| १६ | शौचालय निर्माण र सरसफाई | ३८,६२३ |
| १७ | स्थानीय यातायात र सदस्यता परिचालन | ८४,६२८ |



| | | |
|---|---|---|
| १८ | आन्दोलन तयारी खर्च | २५,८१४ |
| १९ | खाद्यान्न र तरकारी (चामलबाहेक) | १३८,०७२ |
| **जम्मा खर्च** | | **९२३,६९८** |

## स्थानीय तथा जिल्लागतरुपमा सहयोग गर्ने व्यक्ति तथा सङ्घ संस्था

| नाम | ठेगाना | रकम | जिन्सी |
|---|---|---|---|
| फुल्पिङडाँडा गाविस | सिन्धुपाल्चोक | १,००० | - |
| सामुदायिक वन उपभोक्ता समूह | चौतारा, सि.पा. | २,००० | - |
| टुकी सङ्घ | थुम्पाखर, सि.पा. | ५,००० | - |
| लाटी कोइली गाविस, | सुर्खेत | १०,००० | - |
| पायक नेपाल | ,, | १,५०० | - |
| उत्तरगङ्गा गाविस | ,, | ६,००० | - |
| कुनाथरी गाविस | ,, | १०,००० | - |
| हिमवन्ती नेपाल | | २९,००० | - |
| राष्ट्रिय दलित नेटवर्क | डडेल्धुरा | १३,४०० | - |
| ओरेक नेपाल | बालकुमारी | - | टेन्ट १ सेट |
| जागरण नेपाल | अनामनगर | - | टेन्ट १ सेट |
| वीर अस्पताल | महाबौद्ध | - | औषधी |
| प्रसूती गृह | थापाथली | - | औषधी |
| महेन्द्र मगर सिसिडिएन | मकवानपुर | - | औषधी र दुई ट्याङ्कर पानी |
| ज्ञानु महर्जन, सिपाडोलका बासिन्दा | ललितपुर | - | १२ वटा सुकुल |
| नेपाल रेडक्रस सोसाइटी | ललितपुर | - | २०० कम्बल सहयोग (फिर्ता गर्नेगरी) |
| लक्ष्मी प्रसाइँ | काठमाडौं | - | ४० वटा सुकुल |
| **जम्मा** | | **७७,९००** | |

## राष्ट्रिय आन्दोलनमा सघाउने सामाजिक संस्था/सङ्गठन

अभियान नेपाल, सुनसरी
अरुणोदय युवा क्लब, पर्सा
इन्द्रेणी सामाजिक विकास मञ्च, नवलपरासी
कपिलवस्तु संस्थागत विकास समिति, कपिलवस्तु
ग्रामीण महिला सेवा केन्द्र, मकवानपुर
ग्रामीण विकास समाज, राम्चे सिन्धुपाल्चोक
ग्रामीण सामुदायिक विकास केन्द्र, रुपन्देही
गैसस महासङ्घ, नेपाल
जनचेतना दलित सङ्गम, सप्तरी
जनचेतना अभियान, बारा
जागरण नेपाल
दिव्य ज्योति युवा क्लब, पर्सा
धनुषा सेवा समिति, धनुषा
नारी सीप सिर्जना केन्द्र, मकवानपुर
नेपाल ग्रामीण आत्मनिर्भर अभियान (रुसेक)
नेपाल कृषि वन प्रतिष्ठान, रसुवा
महिला अधिकार मञ्च,
माझी, मुसहर, बोटे कल्याण सेवा समिति
योङ्ग स्टार क्लब, बारा
विजय विकास स्रोत केन्द्र, नवलपरासी
राष्ट्रिय हलिया मुक्ति समाज महासङ्घ, डडेल्धुरा
सामरी उत्थान सेवा, चितवन
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
सामुदायिक विकास तथा वातावरण संरक्षण समाज, सिन्धुपाल्चोक
सामाजिक विकास तथा अनुसन्धान केन्द्र, बाँके
सोसाइटी वेलफेयर एक्सन नेपाल, स्वान
हिमवन्ती नेपाल





भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. विषयको संक्षिप्त व्यहोरा :

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :X

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस :

४. निर्णय हुनुपर्ने व्यहोरा :

सचिव

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले पेश गरेको यस प्रस्तावमा २०६८/१/९ गते मन्त्रीपरिषद्को बैठकले प्रस्तावमा लेखिए बमोजिम गर्ने निर्णय गरेको छ।

●